वर्ष : १४, अंक : ६, काठमाडौं, २०७५ जेठ ११ गते शुक्रबार 25 May 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

## वरिष्ठ मधेशवादी नेता पाठक सिकिस्त



काठमाडौं । वरिष्ठ मधेशवादी राजनीतिज्ञ, नेपाल सद्भावना परिषद्का संस्थापक सदस्य तथा राष्ट्रिय जनता पार्टी नेपालका केन्द्रीय सदस्य केदारनाथ पाठक सिकिस्त विरामी परेका छन् । मधेशवादी नेता पाठक करिब दुई साता काठमाडौंको नर्भिक अस्पतालबाट उपचार गराई डिस्चार्ज भएका छन् । उनको पेल्भिस बोन खिइसकेको चिकित्सकहरूको भनाई रहेको स्रोतले जनाएको छ ।

उनको स्वास्थ्य अवस्थाबारे प्रदेश ५ का प्रदेश प्रमुख उमाकान्त झा र राजपाका सहमहामन्त्री डा. सुरेन्द्र झाले जानकारी लिएका छन् । उनको स्वास्थ्य लाभको कामनासमेत गरेको जनाएका छन् ।

महोत्तरी जिल्लाको जलेश्वर-४ बजराही निवासी ७८ वर्षीय पाठक स्व.गजेन्द्र नारायण सिंह, स्व. बाबा रामजनम तिवारी, स्व. रामनारायण मिश्र लगायतका सहयात्रीको रूपमा मधेश र मधेशवादका लागि सदैव राजनीतिमा सक्रिय रहँदै आएका थिए । उनले तत्कालीन समयमा गाउँ-गाउँमा गएर जनजागरण अभियानसमेत चलाएका थिए । मधेश आन्दोलनमा उनले सक्रिय सहभागितासमेत जनाउँदै आएका छन् ।

## कम्युनिष्ट सरकार आफै समाप्त हुन्छ : यादव



राजविराज । संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले बहुमतको कम्युनिष्ट सरकार आफै समाप्त हुने गरी काम गरिरहेको टिप्पणी गरेका छन् । कम्युनिस्ट आफैं समाप्त हुने र उनीहरू समाप्त हुने बखतसम्म मुलुक पनि तहसनहस भइसक्ने अध्यक्ष यादवले दाबी गरे । राजविराजमा भएको कार्यक्रममा बोल्दै अध्यक्ष यादवले वर्तमान कम्युनिष्ट सरकार दृष्टिबिहीन बनेर मुलुकलाई चलाउने प्रयास गरेको आरोप लगाए । 'विश्वमा चीनबाहेक कुनै पनि देशमा कम्युनिस्ट शासन चल्न सकेको छैन' उनले भने, 'चीनका पनि कम्युनिस्ट आफ्नै ढंगले राम्रो नीति बनाएर अगाडि बढिरहेका कारण अहिलेसम्म टिकेको छ । विश्वका अन्य देशमा बनेका कम्युनिस्टहरू ध्वस्त भइसकेको र उनीहरूको ध्वस्तसँगै ती देशहरू पनि बर्बाद भइसकेको छ ।' अध्यक्ष यादवले पोल्याण्ड, हंगेरी, चेकास्लाभिया, रोमानिया, सोभियत संघ, युगोस्लाभिया जस्ता देशमा कम्युनिस्ट शासन भएपनि ती शासनसँगै कम्युनिस्टहरू ध्वस्त भएको उल्लेख गरे । सप्तरी क्षेत्र नम्बर २ का प्रतिनिधिसभा सांसदसमेत रहेका यादवले प्रदेश २ समृद्ध नभएसम्म मुलुक समृद्ध बन्न नसक्ने बताए । उनले प्रदेश २ का जनता अधिकार सम्पन्न, आर्थिक रूपले समृद्ध भए मात्र पुरै नेपाल समृद्ध हुने बताए ।

## आन्दोलन गर्ने राजपाको चेतावनी

काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालले संविधान संशोधन नगरे सरकारविरूद्ध कडा आन्दोलनमा जाने चेतावनी दिएको छ । सरकारलाई समर्थन दिएको राष्ट्रिय जनता पार्टी नेपालका सांसद वृशेषचन्द्र लालले सरकारले संविधान संशोधन नगरे कडा आन्दोलनमा जान बाध्य हुने चेतावनी दिए । राष्ट्रियसभामा सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिँदै उनले संविधान संशोधन गर्नुपर्ने आफूहरूको माग सम्बोधन नगरे मधेसका जनतालाई सह्य नहुने पनि बताए । उनले मधेसमाथि विभेद हुने गरी सरकारले नीति तथा कार्यक्रम ल्याएकाले आफूहरूले विरोध गर्नु परेको बताए ।

## राजविराज विमानस्थल सञ्चालन



काठमाडौं । प्रदेश २ मा तेस्रो विमानस्थल सञ्चालनमा आएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रविन्द्र अधिकारीले सप्तरीको राजविराजस्थित विमानस्थल उदघाटन गरेका छन् ।

प्रदेश २ मा जनकपुर र सिमरामा विमानस्थल रहेको छ भने त्यहाँबाट नियमित हवाई उडान भइरहेको छ । उदघाटन कार्यक्रममा मन्त्री अधिकारीले यात्री भए पनि नभए पनि काठमाडौं-राजविराजलाई एउटा उडान नियमित गर्न विमान कम्पनीलाई निर्देशन पनि दिए । उनले जहाज उढ्ने निश्चित समय निर्धारण गरि जहाज उढाउन कम्पनीका प्रवन्ध निर्देशक सुधीर मित्तललाई आग्रह गर्दै यात्रु कम भए विमान कम्पनीलाई सरकारले सहयोग गर्ने प्रतिबद्धता समेत व्यक्त गरे ।

सप्तरीको विसनपुरा गाँउपालिकामा रहेको सो विमानस्थलको २०१६ सालमा तत्कालीन यातायातमन्त्री गणेशमान सिंहले उदघाटन गरी सञ्चालनमा आएको थियो । २०४६ सालमा विमानस्थल बन्द हुनुअघि १९ सिट क्षमताको ट्विन अटर विमानबाट समय-समयमा उडान हुँदै आएको थियो ।

जेट इन्जिनयुक्त सिआरजे विमानबाट श्री एयरलाइन्सले असार १ गतेदेखि काठमाडौं-राजविराजको रूटमा नियमित उडान गर्नेछ । यो रूटको उडान समय २४ मिनेट रहने नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ । श्री एयरलाइन्सका निर्देशक सुधीर मित्तलले हवाई उडानका लागि सहयोग गर्न मन्त्री, नेता तथा सप्तरीका स्थानीयलाई आग्रह पनि गरेका छन् । राजविराज विमानस्थल सञ्चालनमा आएसँगै पूर्वी सिरहा, सप्तरी र उदयपुर जिल्लाका हवाई यात्रुले विराटनगर वा जनकपुर जानपुर्ने स्थितिको अन्त्य भएको छ ।

राजविराजको गन्तव्यमा श्री एयरलाइन्सले सीआरजे २०० वा ७०० विमानबाट उडान गर्नेछ । एयरलाइन्सका कर्पोरेट म्यानेजर अनिल मानन्धरकाअनुसार राजविराजको परीक्षण उडान सफल भइसकेकाले अब नियमित उडानका लागि योजना अन्तिम चरणमा पुगेको छ ।

## मन्त्री यादवद्वारा कारागार निरीक्षण

जलेश्वर । प्रदेश नं २ का आन्तरिक मामिला तथा कानूनमन्त्री ज्ञानेन्द्रकुमार यादवले महोत्तरीको जलेश्वरस्थित कारागारको स्थलगत निरीक्षण गरेका छन् । महोत्तरी, धनुषा र सर्लाहीको संयुक्त कारागारका रूपमा रहेको जलेश्वर कारागारमा रहेका कैदीबन्दीको अवस्थाबारे जानकारी लिन मन्त्री यादवले स्थलगत निरीक्षण गरेका हुन । उनले कैदीको सुरक्षित बसोबास, क्षमता अभिवृद्धि तथा सीप विकासका कार्यक्रम चाँडै व्यवस्थापन गर्ने बताए ।

# मधेशमुखी छैन नीति तथा कार्यक्रम

**सरकारको नीति तथा कार्यक्रमप्रति मधेश उत्साहित भएको छैन । किनभने यसले मधेशको भावनालाई समेटन सक्केको छैन । बाढीबाट प्रभावितहरूको अवस्था अहिले पनि दयनीय रहेको छ तर त्यस बारे नीति तथा कार्यक्रम केही बोलेको छैन । बाढी पुनर्निर्माण तथा पुनर्स्थापनालाई प्राथमिकता दिनु पर्नेमा सरकारले त्यसलाई बेवास्ता गरेको छ ।**

**मधेशवाणी डेस्क**

काठमाडौं । सरकारले आगामी आर्थिक वर्षका लागि १०३ बुँदे नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ । राष्ट्रपति विद्यादेवी भण्डारीले संघीय संसद्को दुवै सदनको संयुक्त बैठकमा जनताको सेवा, सुरक्षा, समृद्धि र सुखका लागि जनताले बनाएको वर्तमान सरकारबाट राष्ट्रले ठूलो अपेक्षा गरेको भन्दै सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरिन् ।

नेपाललाई सुखी र समृद्ध राष्ट्रका रूपमा विकास गर्न लोकतान्त्रिक शासन पद्धति, सामाजिक न्याय र समन्यायिक आर्थिक विकासबाट शान्ति, समुन्नति र अग्रगमनलाई साकार तुल्याउन नीति तथा कार्यक्रममा समेटिएको छ ।

सामाजिक विभेदको अन्त्य, नागरिक सवलीकरण, ज्ञान र सीप तथा नवप्रवर्तनमा आधारित उत्पादन प्रणाली, योग्यताका आधारमा कामको अवसरको प्रत्याभूति र प्रविधिको विकासमार्फत श्रमको उत्पादकत्व वृद्धिले समाजवादको मार्ग प्रशस्त गर्ने विश्वास नीति तथा कार्यक्रमले लिएको छ ।

राजनीतिक संक्रमणको समाप्तिसँगै नयाँ संविधान कार्यान्वयनका माध्यमबाट मुलुकलाई समृद्धितर्फको यात्रामा अग्रसर गराउन प्रमुख राजनीतिक दल एकाकार भएका बेला प्रस्तुत नीति तथा कार्यक्रम लागू गर्न वर्तमान सरकारलाई प्राविधिक विषयबाहेक असहज हुँदैन ।

उच्चदरको आर्थिक वृद्धि, सन्तुलित र सुदृढ अर्थतन्त्र निर्माण, स्वस्थ र सक्षम जनशक्तिको विकास, रोजगारीका अवसरको सिर्जना, विकासलाई समावेशी र समाजिक न्यायमा आधारित तुल्याउने लक्ष्य सरकारले निर्धारण गरेको छ ।

प्रदेश र स्थानीय तहको क्षमता विकास, पूर्वाधार निर्माण र प्रशासनिक सहजीकरणको व्यवस्था मिलाउँदै संघीय वित्त तथा मौद्रिक नीति तर्जुमा गर्दा प्रदेश र स्थानीय तहको विकास आवश्यकतालाई सम्बोधन गर्दै बृहत् राष्ट्रिय नीति तथा लक्ष्यलाई प्रदेश र स्थानीय तहले नीति र कार्यक्रममा आन्तरिकीकरण गर्ने नीति र कार्यक्रममा उल्लेख छ ।




**खोइ मधेश ?**

नीति तथा कार्यक्रममा अबका दश वर्षमा नेपाललाई मध्यमस्तरको आययुक्त देशमा स्तरोन्नति गर्ने, संयुक्त राष्ट्र संघले निर्धारण गरेको दिगो विकासका लक्ष्य सन् २०३० अगावै हासिल गर्ने गरी आवश्यक कार्यक्रम कार्यान्वयन गर्ने विषय समेटिएका छन् ।

सरकराले चुनावी घोषणापत्रका दर्जनौं महत्वकांक्षी योजनाहरूलाई पन्छाउँदै केही मात्र बुँदा टिपेर नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । समृद्धिका लागि वाम भनेर चुनावी घोषणापत्रमा गरिएका बाचालाई पन्छाइएको छ ।

चुनावी घोषणापत्रमा भनिए भन्दा फरक हिसाबले नीति तथा कार्यक्रम ल्याइएको छ । घोषणापत्रमा प्रतिव्यक्ति आय १० वर्षमा ५ हजार डलर पुऱ्याउने लक्ष्य थियो । त्यसका लागि आर्थिक वृद्धिलाई १० प्रतिशतभन्दा माथि पुऱ्याउने घोषणा गरिएको थियो ।

सरकारको नीति तथा कार्यक्रमप्रति मधेश उत्साहित भएको छैन । किनभने यसले मधेशको भावनालाई समेटन सकेको छैन । बाढीबाट प्रभावितहरूको अवस्था अहिले पनि दयनीय रहेको छ तर त्यसबारे नीति तथा कार्यक्रम केही बोलेको छैन । बाढी पुनर्निर्माण तथा पुनर्स्थापनालाई प्राथमिकता दिनु पर्नेमा सरकारले त्यसलाई बेवास्ता गरेको छ ।

यसैबीच संघीय समाजवादी फोरम, नेपालका सांसदहरू प्रदिप यादव, रामसहाय प्रसाद यादव, सुरेन्द्रकुमार यादव र रेणुका गुरूङ तथा राष्ट्रिय जनता पार्टी, नेपालका सांसद अनिल झा लगायतले संविधान संशोधन गर्नुपर्ने मुख्य बूँदा नीति तथा कार्यक्रममा थप गर्न माग गर्दै संशोधन प्रस्ताव पेश गरेका छन् ।

सांसद यादवले सरकारले ल्याएको नीति तथा कार्यक्रमले शहीदहरूको अपमान समेत गरेको भन्दै असन्तुष्टि व्यक्त गरे ।

राष्ट्रिय जनता पार्टी, नेपालका सांसद अनिल झाले मुलुकलाई शान्ति र समृद्धिको बाटोमा अघि बढाउन पनि संविधान संशोधन गरेर अघि बढ्नुको विकल्प नरहेकाले सरकारको नीति तथा कार्यक्रममा सो बुँदा थप गर्न संशोधन प्रस्ताव पेश गर्नु परेको स्पष्ट पारे ।

सांसद यादवले 'सु:खी नेपाली र समृद्ध नेपाल' बनाउन पनि सरकारले आफ्नो नीति तथा कार्यक्रममा मधेशी जनताको माग अनुसार संविधान संशोधन गर्नेछु भन्ने प्रतिवद्धतासहितको बुँदा थप गर्नुपर्ने तर्क गरे ।

राजपा नेपालका नेता वृशेषचन्द्र लालले सरकारको नीति तथा कार्यक्रम महत्वाकांक्षी र अंक गणितीय खेल भएको टिप्पणी गर्दै दम्भको भाषामा नीति तथा कार्यक्रम आएको गुनासो गरे । संविधान संशोधनको विषय पनि नीति तथा कार्यक्रममा राखिनुपर्ने उनको माग छ ।

## सपनाको खेती नगर्न कर्णको सुझाव



काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालका नेता एवम् सांसद लक्ष्मणलाल कर्णले सपनाको खेती नगर्न सरकारलाई सुझाव दिएका छन् । सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिँदै सांसद कर्णले सपना बाँड्ने काम छोडेर काममा केन्द्रित हुन सरकारलाई आग्रह गरे । नीति तथा कार्यक्रममाथि टिप्पणी गर्ने क्रममा कर्णले सपनाका कुरा सुन्द आफूले साँच्चै सपना देखेको टिप्पणी गरे

## टिप्पणी

निमिष झा



# वाम एकीकरणपछि मधेशको राजनीति

**अब मधेशलाई नेपाल कम्युनिष्ट पार्टीले एमालेको नजरले हेर्छ कि माओवादी केन्द्रको नजरले भन्ने चासो सर्वत्र छाएको छ ।**

६ सेप्टेम्बर २०१६, पूर्व एमालेका तत्कालीन नेता तथा हाल प्रदेश नं. ५ का मुख्यमन्त्री शंकर पोखरेलले एउटा ट्वीट गरेर भनेका थिए-मधेशी जनता अधिकांश कालोवर्णका छन् । मधेशी मोर्चाले कालो दिवस भनेर त्यहाँका जनताको सम्मान गर्न खोज्या कि अपमान ? बुझ्न गाह्रो भयो ।

उनको संकेत मधेशी दलहरू, जो पहिला संयुक्त मधेशी लोकतान्त्रिक मोर्चामा आवद्ध थिए, असोज ३ अर्थात संविधान दिवसलाई कालो दिवसको रूपमा मनाउँदाप्रति थियो । पोखरेलको ट्वीट यति विवादित भयो कि उनले त्यसलाई मिटाउनु पऱ्यो तर मधेश र मधेशीप्रति व्यक्त गरेको कटाक्षप्रति गल्ती स्वीकार गरेनन् ।

यो प्रसंग यहाँ किन उल्लेख गरिएको हो भने यसले मधेशप्रति पूर्व एमालेको धारणा व्यक्त गर्छ ।

पूर्वएमाले र पूर्वनेकपा माओवादी केन्द्र अहिले नेपाल कम्युनिष्ट पार्टीमा रूपान्तरित भएर एकीकृत भएको छ । हिजो एमालेले मधेशप्रति बनाएको धारणा आज पनि उस्तै छ कि त्यसमा रणनीतिक रूपमा फेरबदल आएको छ, अहिले भन्न सकिने अवस्था छैन ।

एमाले र माओवादी केन्द्रबीच एकीकरण पछि उनीहरूको मधेशप्रति हेर्ने आँखा कस्तो छ चर्चा सर्वत्र हुन थालेका छन् । एकीकरण पछि ती दुई दल शक्तिशाली मात्र भएको छैन, केन्द्रसहित ६ वटा प्रदेशमा अत्याधिक बहुमतको सरकार चलाइरहेको छ । त्यसैले उसको हरेक कदम चर्चाको विषय बन्न सक्छ ।

माओवादी केन्द्रसँग एकीकरण भएपनि मधेशको विरोधी शक्तिको रूपमा देखिएको एमाले अहिले पनि लिडिङ रोलमै छ । एकीकृत पार्टी भित्र उसकै वर्चस्व छ ।

त्यसैले त प्राथमिकतामा रहेको संशोधन प्रस्तावलाई फ्याँकेर भएपनि प्रचण्डले एमालेसँग एकता स्वीकार गर्नु परेको छ ।

अन्धराष्ट्रवादी शक्ति संगठित हुँदै गएको र आन्तरिक द्वन्द्वमा फँसेर नेपाली काँग्रेस कमजोर भएको अवस्थामा एकीकृत पार्टी भित्र एमाले हावी हुनु स्वाभाविकै हो ।

नेपाली राजनीतिमा मधेशको मुद्दालाई आफ्नो दृष्टिकोणले परिभाषित गर्ने राज्यको बल प्रयोगले मधेशलाई आमने सामने भिडन्तको स्थितिमा खडा गरिदिएको छ । कुनै बेला नेपालको राजनीतिमा माओवादीको वर्चस्वलाई रोक्न र नेपालको लोकतान्त्रिक शक्तिलाई मजबूत बनाउने उद्देश्यले शक्ति केन्द्रको बरदान पाएर मधेशमा नेपाली काँग्रेस र एमालेले धेरै सीट पाए ।

विभाजित हुँदै गएको मधेशका राजनीतिक दलहरू कमजोर बनेको कारण विगतमा पाएको उल्लेखनीय सीट गुमाउनु परेको थियो । मधेशका दलहरूलाई संविधानसभाबाट अलग्याएर बनाएको संविधानलाई स्वीकार गर्न बाध्य पार्ने पूर्व एमाले मधेशको विरोधमा प्रष्ट रूपमा उत्रेको छ ।

प्रधानमन्त्री तथा नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष केपी ओलीलाई उनकै सहयात्री झलनाथ खनाल उनलाई 'चट्टानी' अडानका नेताका रूपमा मान्छन् । राष्ट्रिय महत्वको जतिसुकै संवेदनशील मुद्दा होस् वा जनताको पक्षमा आउने निर्णय नै किन नहोस्, ओलीको अडान यस्तो आउँछ कि, जसले उनको मात्र हित गर्छ ।

ओलीकै नेतृत्वको सरकार हुँदा सत्तारूढ दलका नेताको हैसियतमा प्रचण्डले तराई-मधेशदेखि असन्तुष्ट समुदायका माग सम्बोधन गर्ने र संविधानको स्वीकार्यता बढाउने प्रयास निकै गरे । तर, सधैं तराई-मधेश र सीमान्तकृत समुदायप्रति चरम अनुदार ओलीले संविधानको स्वीकार्यता बढाउने झिनो प्रगति गर्न सकेनन् ।

आन्दोलनका क्रममा तराई-मधेशका जनता वा राजनीतिक दलका कार्यकर्ता मारिदा तत्कालीन प्रधानमन्त्रीको

बाँकी पृष्ठ ८ मा



## सम्पादकीय



# वाम एकता र मधेशको सवाल

गएको हप्ता मुख्य वामपन्थी दलहरू नेकपा एमाले र नेकपा माओवादी-केन्द्रले सबै आशंका र मतभेदहरूलाई चिर्दै अन्ततः पार्टी एकीकरणको घोषणा गरेको छ। यो एकताले मुलुकको राजनीतिलाई एक पटक फेरि तरंगित पारेको छ।

गत असोजमा सारा नेपाली दशैंमा रमाइरहेको बेला अकस्मात पार्टी एकीकरणको घोषणा गरेका यी दुई दलले प्रदेश र प्रतिनिधिसभाको निर्वाचनमा गठबन्धन बनाएर लड्दा अधिकांश स्थानमा जीत हासिल गर्दै केन्द्र तथा सात मध्ये छ वटा प्रदेशमा सरकार बनाउन सफल भएको छ।

जे भएपनि, दुई पार्टीको एकताले राजनीतिमा नयाँ तरङ्ग र ध्रुवीकरणलाई आमन्त्रण गरेको छ। एकातर्फ, सम्पन्न तीनै तहको निर्वाचनहरूमार्फत राजनीतिक दलहरूका 'एजेण्डा' जनमतको कसीमा कति लोकप्रिय कति अलोकप्रिय भन्ने कुरा प्रष्टिसकेको छ। यसले जनताको दृष्टिमा एक हदसम्म राजनीतिक दलहरूको हैसियतलाई निर्धारण गरिदिएको छ।

विगतको तीव्र प्रतिस्पर्धा र आलोचना प्रत्यालोचनामा उत्रिएका एमाले र माओवादी केन्द्रबीच भएको पार्टी एकाताले सबैलाई आश्चर्यमा पारेको मात्रै छैन, पार्टी एकताको सवालमा केही सैद्धान्तिक, वैचारिक, व्यावहारिक र भावनात्मक प्रश्न पनि खडा भएका छन्। त्यसकारण बाध्यतावश वा रहरले भएको एकताले मुलुकको आवश्यकता अनुरूप सैद्धान्तिक, वैचारिक, व्यावहारिक र भावनात्मक रूपमै एकताको डोरीमा बाँध्ने हो कि भन्ने हेर्न बाँकी छ।

**विगतमा दुबै पार्टीको मधेशप्रति अलग दृष्टिकोण रहेको हुँदा अब नयाँ पार्टीले कस्तो धारणा बनाउँछ त्यो हेर्न बाँकी छ।**

यदि यसले सैद्धान्तिक, वैचारिक र भावनात्मक रूपमै सार्थकता पायो भने यो प्रयास राजनीतिक स्थिरता र आर्थिक विकासको सावालमा कोसेढुङ्गा बन्न सक्दछ। सबै वाम समान लक्ष्यका लागि एकै ठाउँमा आउन सक्नु निश्चित रूपमा राम्रो कुरा हो, विशेष गरी राजनीतिक स्थायित्व र आर्थिक विकासका दृष्टिकोणले तर यसपछाडि धेरै अप्ठ्यारा र जोखिम पनि छन्।

पार्टी एकताको कुरा गरिरहँदा केवल सैद्धान्तिक र वैचारिक पक्ष मात्रै होइन, त्यसको भावनात्मक पक्ष पनि महत्वपूर्ण हुन्छ। करिब एक दशक अघि मात्रै खुला राजनीतिमा आएको माओवादी र दशकौं खुला राजनीतिमा भिजिसकेको र लोकतन्त्र र बहुलवादप्रति प्रतिबद्ध एमालेबीच भावनात्मक समायोजन त्यति सहज छैन।

वाम एकतालाई मधेशको नजरबाट हेर्नु पनि जरूरी छ। मधेशप्रति पूर्व एमाले र पूर्व माओवादी केन्द्रको फरक दृष्टिकोणले अब नयाँ बनेको नेपाल कम्युनिष्ट पार्टीको धारणा के हुने कस्तो हुने भन्ने विषयमा विवेचना आवश्यक छ। विगतमा दुबै पार्टीको मधेशप्रति अलग-अलग दृष्टिकोण रहेको हुँदा अब नयाँ पार्टीले कस्तो धारणा बनाउँछ त्यो हेर्न बाँकी छ।

तर यस एकीकरणबाट मधेशका सवाल समाधान होलान् भन्ने लाग्दैन। किनभने विगतमा मधेशीका सवालमा भएको आन्दोलनलाई कमजोर पार्ने क्रियाकलाप यी दुबै दलले गरेकै हो। माओवादी केन्द्रले मधेशी आदिवासी जनजातिलगायतका विभिन्न ३० दलीय गठबन्धनको नेतृत्व गर्दा गर्दै कित्ता परिवर्तन गरेर गएको इतिहास साक्षी छ। यद्यपी उसले कांग्रेससँग मिलेर बनाएको सरकारमार्फत संविधान संशोधन गर्ने प्रयास गरेको हो तर उक्त प्रयास एमालेकै कारणले असफल भएको दृष्टान्त पनि छ।

कांग्रेस-माओवादी केन्द्र गठबन्धनको सरकारलाई मधेशी दलले यस कारणले समर्थन गरेको थियो कि उसले संविधान संशोधन गरेर मधेशको मुद्दालाई सम्बोधन गरोस्। तर उक्त सरकारले राजनीति गरेर मधेशका मागलाई कमजोर बनाउने काम गरे। अर्को कुरा मधेशका एजेन्डाको विरोधमा रहेको एमालेको हिस्सा नयाँ पार्टीमा बलियो उपस्थिति छ। त्यसैले मधेशका एजेन्डालाई उनीहरूले सम्बोधन गर्ने हुन् भन्ने विश्वासको आधार तय हुन सकेको छैन।

त्यसैले नयाँ पार्टीले मधेशका एजेन्डालाई केन्द्रमा राखेर देश सञ्चालन गर्ने सोच नबनाएसम्म मधेशको समस्या समाधान हुँदैन भने यसले दीर्घकालीन राजनीतिक निकास पनि दिँदैन।

नेपालको राजनीतिमा मधेशको एजेन्डा महत्वपूर्ण छ। यसको समाधान नगरी देश अगाडि नबढ्ने विषयमा नव एकीकृत पार्टीका नेताहरू जानकार नै छन्। तर उनीहरू मधेशका एजेन्डाका बारेमा अहिलेसम्म केही बोलेका छैनन्। लाग्छ, उनीहरू मधेशको विषयमा उदासीन छन्। ठूलो पार्टी हुँदैमा सबथोक हुने होइन। स्थानीय तहमा अन्य राजनीतिक दलको उपस्थिति पनि छ। बाधा र अड्काउको अवस्थामा हुने गतिविधिले परिणाम राम्रो देला भन्न सक्ने आधार तत्काल देखिँदैन।

# प्रदेश २ माथि सरकारको वामे व्यवहार

**विचार-विश्लेषण** भाग-१०



उपेन्द्र झा

दुई कम्युनिष्ट पार्टी मिलेर संसदमा शक्तिशाली पार्टीको रूपमा स्थापित नेपाल कम्युनिष्ट पार्टी राज्यसत्तामाथि प्रभूत्व जमाउन सफल भएको छ। काँग्रेस नेतृत्वको सरकारमा शक्तिकेन्द्रहरूलाई साक्षी राखी स्थानीय तह, प्रदेश सभा र प्रतिनिधि सभाको चुनावमा अप्रत्याशित रूपमा हासिल गरेको जीतले एमाले पहिलो पार्टी बन्यो। अहिले माओवादी केन्द्रसंग एकता गरी राज्यसत्तामाथि वर्चस्व नै कायम गरेको छ। संसदमा २७५ संसद सदस्यमध्ये १ सय ७४ सदस्य नेकपासँग छ। राष्ट्रिय सभामा पनि ५९ सीटमध्ये नेकपाले ४२ सीट हासिल गरेको छ। ६ वटा प्रदेशमा दुईतिहाई छ भने प्रदेश नं.२ मा ठूलो दलको रूपमा रहेको छ।

एकताका दिन प्रधानमन्त्री के.पी.शर्मा ओलीको सम्बोधनमा "यो एकता दमनका लागि होइन, विकासका लागि हो" भन्ने वाक्याँशमा सशक्तताको उन्माद त्यसै पनि झल्किरहेको थियो। दमन शब्द प्रयोगको कुनै अर्थ नै थिएन। जसरी अन्तर्मनबाट खुशी निस्किरहेको थियो, त्यसरी नै शक्तिको अहंकार पनि बाहिर आइरहेको थियो। नेपालमा सबभन्दा ठूलो नेपाल कम्युनिष्ट पार्टी बनाउन सफल भएको के.पी. शर्मा ओलीले इतिहास रचेकोबाट अभिमान हुनु स्वाभाविक हो।

नेपाली राजनीतिको नेतृत्वकारी भूमिकामा ओलीको उदय पश्चात् राजनीतिलाई पेलेर लैजाने नवीन प्रयोग सफल नै देखिएको छ। मधेशको कठीन नाकाबन्दी आन्दोलनलाई पनि वास्ता नगरि संविधान निर्माण तथा घोषणा गर्नु आन्दोलनकारीलाई पनि संविधानको पक्षमा ल्याउन पेलेर जाने अभियानको नतिजा नै थियो। सबैले संविधानलाई स्वीकार गरेर चुनाव लड्न आए। अनेक व्यवधानका बाबजूद पनि चुनाव गराएर पहिलो पार्टी बन्नु ओलीको क्षमताकै प्रतिफल हो भन्नै पर्छ। एमालेको विपरीत धारतिर रहेको माओवादी केन्द्रलाई एकता गर्न तयार बनाउनु ओलीको कुशल शैली नभई अरू के भन्न सकिन्छ। ०७० को चुनाव होस् अथवा ०७४ को चुनाव एमाले शीर्ष स्थानमा उक्लिएर आउने श्रेय ओलीलाई जान्छ। सबै शक्तिहरूको उपस्थितिमा केपी शर्मा ओलीले बाजी जित्नु मामुली कुरा पनि होइन। पेलेर जाने राजनीतिको नवीन प्रयोगमा प्रधानमन्त्री केपी शर्मा ओली सफल राजनीतिज्ञको रूपमा आएपछि शक्तिसँगै अभिमान नआउने कुरा होइन। अब जहाँ नेपाली राजनीतिमा नेपाल कम्युनिष्ट पार्टीको वर्चस्व कायम भएको छ, शक्तिकेन्द्रहरू ठगिएको महसूस गरेका छन्।

६ वटा प्रदेशमा आफ्नो वर्चस्व कायम भएपछि प्रदेश नं. २ संघीय सरकारको टारगेट बनेको छ। बोली, वाणी र व्यवहारले त्यहीं भनिरहेको छ। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको जनकपुर भ्रमण, काठमाडौं नआई सोझै जनकपुरमा अवतरण गर्नु आदि संघीय सरकारका लागि पाच्य भएन। त्यसमा पनि मुख्यमन्त्री लालबाबु राउतले यो संविधान विभेदकारी छ भनेर अभिव्यक्ति दिनु आगोमा घ्यू परे जस्तै भयो। संघीय सरकार चुप लागेपनि कथित राष्ट्रवादी मीडिया त ज्वालामुखीझैं विस्फोट गऱ्यो। प्रतिशोधको आगो बल्दै गयो र यसमा घटनाक्रमले घ्यू थप्दै गयो। नेपाली झण्डाको फरक आकार, मोदीले नाकाबन्दीबारे चुँइक्क नबोल्नु, माफी नमाग्नु आदि कुराहरूले राष्ट्रवादीको प्रतिशोधको आगोलाई भड्कायो। अब मोदी गएपछि प्रदेश नं. २ बाट प्रतिशोध लिने संघीय सरकारले रणनीति नै बनाएको देखिन्छ। २ नं. प्रदेशले गरेका त्रुटिहरूको सूची तयार पारेर संघीय सरकारले मुख्यमन्त्रीसँग प्रतिशोध लिने उद्देश्यले पहिलो चरणमा उनलाई अमेरिका जानबाट रोकी दण्ड दिईएको छापामा आएको कुरा निन्दनीय नै हो। मोदी आएको बखत संघीय सरकारले केही नबोले पनि अहिले कथित राष्ट्रवादीहरूको रीसलाई शान्त पार्न प्रदेश नं. २ लाई निशानामा राखिएको छ। मधेशी एशोसिएशन अफ अमेरिकाको निमन्त्रणामा अमेरिका जान लागेको प्रदेश नं. २ को मुख्यमन्त्री लालबाबु राउतलाई आइतबार राती ११ बजे सकिएको मन्त्रिपरिषद्को बैठकले अमेरिका जान रोक लगाएको छ। राउतको आचरण र पृथकतावादीसँगको हेलमेलका कारण उनको भ्रमण रद्द गरिएको छ, जनप्रहारले छापेको उद्धृत गर्दै टुडे खबर अनलाइनले लेखेको छ। संविधानलाई समर्थन गरि संघीय सरकारलाई समर्थन समेत दिएर भारतीय प्रधानमन्त्री आएको बेला संविधान विभेदपूर्ण छ भनेर के.पी.शर्मा ओलीको आलोचनाका कारण मुख्यमन्त्रीलाई ठानी यो भ्रमण रोकेर दण्ड दिइएको टुडे अनलाईन खबरले लेखेको छ। यो प्रतिशोधात्मक रूपमा दण्डित गरेको कुरा निन्दनीय हो।

दैनिक नेपालबाट साभार गरिएको भनिएको टुडे खबरले उत्तेजना फैलाउने धेरै कुरा लेखिएको छ। अझ नसच्याए प्रदेश नं. २ मा राष्ट्रपति शासन समेत लाग्न सक्ने सम्भावना व्यक्त गरिएको छ। बलपूर्वक बढाइएको राजनीति र यसबाट प्राप्त सफलता तथा सर्वोच्च शक्तिको रूपमा स्थापित प्रधानमन्त्री के. पी. शर्मा ओलीको एकक्षत्र शासनमा कलंकको टीका मानिएको प्रदेश नं. २ प्रतिको पुर्वाग्रह सकारात्मक राजनीतिको प्रतिफल मान्न सकिँदैन। प्रदेश नं. २ को मुख्यमन्त्रीलाई अनेक अनर्गल आरोप लगाएर दण्ड दिने नियतले अमेरिका जानबाट रोक्नु सर्वसत्तावादको उन्माद हो। विकासको बाटोमा अग्रसर हुने सरकारको लक्ष्यलाई यस्ता पूर्वाग्रही भावनाले कदापि सफल हुन दिँदैन।

शक्ति प्राप्त गरेपछि अहंकार बढ्छ, त्यही पतनको कारण पनि बन्दछ। यो प्राकृतिक नियम हो। यसलाई नमानेर नेपाल मै कति शक्ति धाराशायी भएको भनी रहनु पर्ने कुरा होइन। आफ्नो विचारभन्दा फरक रहेको प्रदेश नं.२ लाई नरम व्यवहारका साथ आउनु पर्ने संघीय सरकार उत्तेजनापूर्ण रूपमा प्रस्तुत भएका कारण प्रदेश नं. २ प्रतिक्रियात्मक अवस्थामा गई रहेको कुरा बुझ्नु पर्दछ। पत्र पत्रिकाको माध्यमबाट दिइने धम्की सर्वथा अनुचित व्यवहार अहिले सरकारले अख्तियार गरेको छ। असन्तुष्टताको धरातलमा खडा गरिएको साम्राज्य जहाँ चारैतिरबाट आउने चुनौती विद्यमान छ, स्थायित्व लिन सोही प्रकारको वातावरण बनाउन जरूरी छ। अहंकार प्रदर्शनभन्दा जनअपेक्षा पूरा गर्ने दिशामा सरकारलाई लाग्नु बेश होला।

मुख्यमन्त्रीबाट राजीनामा दिएर जहाँ मन लाग्छ जाओस् वा लालबाबु राउतको यही रवैया रह्यो भने प्रदेश नं. २ मा राष्ट्रपति शासन लाग्न सक्दछ आदि आदि अनेक धमकीका स्वरहरू मीडियाबाट आइरहेकोमा यो प्रदेश संघीय सरकारको कोपभाजन हुनेमा कुनै शंका अब रहेन। मधेशीप्रति पालिएको घृणा शक्तिको माध्यमबाट प्रहारको रूपमा आउन लागेको दुःखद कुरा हो। मधेशलाई चिढाउन संघीय सरकारले द्वन्द्व उत्पादनमा लाग्दा मधेशको लागि राम्रो अवसर हो। मधेशले यस अवसरको भरपूर प्रयोग त गर्छन् नै, यसको असरबाट सरकार पनि बच्न सक्दैन।

भारतसँग सम्बन्ध बनाउने प्रधानमन्त्री ओलीको प्रयासलाई राष्ट्रवादी शक्तिबाहेक सबैले मुक्तकण्ठबाट प्रशंसा गरेका छन्। राष्ट्रवादीले आफ्नै प्रधानमन्त्रीलाई "लम्पसारवादी" भनेर आलोचना गरेका छन्। भारतले कत्तिको साथ दिने ओलीले परिक्षणकालमा भारतलाई राखी मधेशलाई पेल्ने रणनीति लिएको हुनु पर्दछ। यस पेलाईमा मोदी मधेशलाई साथ दिएर फेरि उदाङ्गिन्छ कि सरकारलाई साथ दिने प्रयास गर्दछ, यही अग्निपरीक्षाको लागि मधेशसँग अलि कडा व्यवहार लिएको हुनु पर्दछ।

मधेशलाई साथ दिने भारतको यसपालीको अवस्था भने प्रतिकूल छ। मधेशको मूल मुद्दा संघीयता थियो र नेपाल संघीय संरचनामा गई सकेपछि मधेशले पनि यसलाई स्वीकार गरि चुनावमा भाग लिएकोले विरोधको कुनै अर्थ रहँदैन भन्ने कुरा भारतले पनि भन्न सक्छ। कालखण्डमा संशोधन भई रहने कुराको सुझाव दिएर मधेशको कित्तामा मोदी यसपाली नदेखिन सक्दछ। नेपालमा बाम शक्तिको सशक्त प्रादुर्भाव भएको र यो चीनको गहिरो प्रभावमा रहेकोले जसरी नेपालका प्रधानमन्त्री मोदीलाई जाँचमा पारेको छ त्यस्तै भारतको प्रधानमन्त्रीले भ्रमणको बेला ओलीले देखाएको सदास्यता कायम रहन्छ कि रहँदैन भन्ने आगामी दिनमा प्रतिफल देखिने कुराको प्रतीक्षा गरि रहेको छ।

दुई महाशक्ति देशको परराष्ट्र सम्बन्ध प्रधानमन्त्री ओलीले कसरी सन्तुलनमा ल्याउने यो देख्न सबै आतुर छन्। भारतसंग नेपालले सम्बन्ध बनाएपनि नेपाल आफ्नो गहिरो प्रभावमा रहि रहोस् भन्ने चीनको धारणालाई नेपाल सोही बमोजिम राख्न सक्छ कि सक्दैन। त्यस्तै नेपालमाथि भारतको प्रभाव शदियौंदेखि हो। यो पुनरावस्थामा आउँछ कि आउँदैन। यो भने परीक्षणको विषय हो। विगतकालमा चीनले नेपालमा गहिरो सम्बन्ध बनाउन सफल हुनेमा भारत चुकेको हो। चीन यथास्थानबाट पछि हट्ने त के कुरा अझ मधेशलाई आफ्नो प्रभावमा लिन चाहन्छन्। विकासको नाउँमा यो सम्भव पनि छ। अवसरविहीनताको अवस्थामा मधेशले अतिशय पीडा भोगेको छ। आन्दोलन पनि यही कारण भएको हो। मधेशको यही कमजोरीबाट चीन फायदा उठाउन चाहन्छ।

देशले विकासको फड्को मार्न चाहेको छ। नेपाली जनताले स्थायी सरकारको जनादेश पनि दिएको छ। यो सरकारले चीनको मजबूत सहयोगी हात पाएको छ। भारतसँग सम्बन्ध सुध्रेको छ। नेपालको सुधार र विकासको यस्तो अनुकूल वातावरण पाउन कठीन छ। देशबाट भ्रष्टाचार उन्मूलन गर्दै विकासको माध्यमबाट समृद्धितिर लम्कने यो अवस्थालाई व्यक्तिगत प्रतिशोधमा लागेर अवसर गुमाउनु हुँदैन। दुश्मन मधेश होइन, देशको गरिबी हो। देशको भयावह परनिर्भरता हो। यसबाट लड्ने रणनीति हुनु पर्दछ। राजनीतिक अनुकूलताको यो घडीमा नेपाल सरकारले आत्मनिर्भर बनाउन सक्ने विकास योजना संचालन गरि देशलाई राहत प्रदान गर्नु पर्दछ। नेपाल कम्युनिष्ट पार्टी जुन कुशलताले यहाँसम्म पुगेको छ, यो अवसरको फायदा उठाउनु पर्छ।

**शक्ति प्राप्त गरेपछि अहंकार बढ्छ, त्यहीं पतनको कारण पनि बन्दछ। यो प्राकृतिक नियम हो। यसलाई नमानेर नेपालमै कति शक्ति धाराशायी भएको भनी रहनु पर्ने कुरा होइन। आफ्नो विचाभन्दा फरक रहेको प्रदेश नं. २ लाई नरम व्यवहारका साथ आउनु पर्ने संघीय सरकार उत्तेजनापूर्ण रूपमा पेश भएको कारण प्रदेश २ प्रतिक्रियात्मक अवस्थामा गइरहेको कुरा बुझ्नु पर्दछ।**

janukjha24@gmail.com

# यस्तो छ नेपाल कम्युनिष्ट पार्टीको संयुक्त घोषणापत्र

१) २००६ सालमा स्थापना भएदेखि यता सात दशकसम्म वैचारिक राजनीतिक संघर्षका अनेकौं आरोह-अवरोहका अनुभव संगाल्दै नेपाली जनता तथा पार्टी सदस्यहरूको भावना एवं आकांक्षा अनुरूप आवश्यक छलफल र वहस पश्चात् आज हामीले नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)लाई विधिवत् एकीकरण गरी नेपाल कम्युनिष्ट पार्टीको पुनर्गठन गरेका छौं। यस अवसरमा हामी नेपालको वामपन्थी लोकतान्त्रिक आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण शहीदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं र अग्रजहरूप्रति उच्च सम्मान प्रकट गर्दछौं। यो सुखद् ऐतिहासिक क्षणमा आइपुग्न सर्वप्रथम २०७४ साल असोज १७ गते ६-बुँदे सहमति गर्दै नेपालको संविधान अन्तर्गत पहिलो पटक हुने प्रतिनिधि सभा र प्रदेश सभाका निर्वाचनमा साझा घोषणपत्र र उम्मेदवारहरूका साथ हामी अघि बढेका थियौं। सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, एकता, स्वाभिमान, समृद्धि, राजनीतिक स्थायित्व, दिगो शान्ति र सुशासनका साथै समाजवाद उन्मुख सामाजिक आर्थिक रूपान्तरणबाट समृद्ध नेपाल निर्माण गर्ने उद्घोष सहित हामीले गरेका निर्णयहरू जनता तथा पार्टी कार्यकर्ताहरूबाट निर्वाचनमा अनुमोदित भएका छन्। नेपालको कम्युनिष्ट आन्दोलनको इतिहासमा पहिलो पटक हामीले संघीय संसदमा दुई तिहाई बहुमतको निकट रहँदै सरकार गठन गर्नुका साथै सात प्रदेशहरू मध्ये ६ प्रदेशमा स्पष्ट बहुमतको सरकार गठन गर्ने अत्यन्त महत्वपूर्ण सफलता हासिल भएका छन्। निर्वाचनको मोर्चामा दृढताका साथ अग्रसर हुन दुई पार्टीको तर्फबाट जारी विशेष निर्देशनलाई पार्टी पंक्तिको दृढ अनुशरणको प्रतिफल यी उपलब्धि प्राप्त भएका छन्। यो अभूतपूर्व उपलब्धिलाई समृद्ध र सुसंस्कृत नेपाल निर्माण गरेर हामीले दिगो र युगिन महत्वको बनाउने छौं।

२) पार्टी एकीकरणको गहनतम् कार्यलाई अघि बढाउनको लागि यस बीचमा बनेका विभिन्न कार्यदलहरू र दुबै पार्टीका नेताहरू सम्मिलित आठ सदस्यीय पार्टी एकता संयोजन समितिले साझा घोषणा, सरकारका सुशासन र विकासका प्राथमिकतासम्बन्धी प्रतिवेदन, राजनीतिक प्रतिवेदन र अन्तरीम विधान तयार गर्ने जिम्मेवारी पूरा गरेका छन्। दुवै पार्टीको शीर्ष नेतृत्वले सक्रियता र दृढताका साथ पार्टी एकीकरणका जटिल पक्षहरूलाई समेत सहज तुल्याउँदै आजको अवस्थासम्म आइपुग्न नेतृत्व प्रदान गऱ्यो। यसरी सहमतिका साथ एकताका सैद्धान्तिक, कार्यक्रमिक, नीतिगत र संगठनात्मक आधार तयार गर्दै आजै नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) को विधिवत् एकीकरण भई निर्वाचन आयोगमा एकतावद्ध नेपाल कम्युनिष्ट पार्टी दर्ता गरेका छौं। युगिन महत्वको यस घोषणाले राजनीतिक स्थायित्व, दिगो शान्ति र समृद्धि कायम गर्ने लामो समय देखिको राष्ट्रको आवश्यकता र जनताको चाहना पूरा भएको छ।

३) पार्टी एकीकरणको कार्य अगाडि बढाइ रहँदा हामीले यस अघि जारी सहमति पत्र, एकताका आधारहरू तथा राजनीतिक प्रतिवेदनमा सैद्धान्तिक, वैचारिक र राजनीतिक धारणा एवं मान्यता स्पष्ट गरिसकेका छौ। नेकपा (एमाले) ले अवलम्बन गरिआएको जनताको बहुदलीय जनवाद र नेकपा (माओवादी केन्द्र) ले अवलम्बन गरिआएको एक्काइसौं शताब्दीमा जनवादसम्बन्धी सैद्धान्तिक एवं राजनीतिक मान्यतालाई परिवर्तित नयाँ सन्दर्भमा विकसित र परिमार्जन गरी समाजवाद उन्मुख जनताको जनवादका रूपमा अगाडी बढाइने छ। यिनै वैचारिक मान्यताहरू अनुरूप प्राप्त उपलब्धिहरूको रक्षा र विकास गर्दै राष्ट्रियता, लोकतन्त्र र सामाजिक न्याय सुदृढ गरी सामाजिक, आर्थिक रूपान्तरण मार्फत नेपालको संविधानमा उल्लेखित समाजवाद उन्मुख व्यवस्थाको प्राप्तिको दिशामा हामी अग्रसर रहने छौं। साथै नेपाल कम्युनिष्ट पार्टी स्थापना गर्दा देखिको समाजवाद स्थापनाको महान लक्ष्य पूरा गर्ने दिशामा अघि बढ्न हामीहरू दृढरूपले प्रतिवद्ध रहने छौं।

उपर्युक्त वैचारिक र सैद्धान्तिक मान्यताको आलोकमा नेपाल कम्युनिष्ट पार्टी शान्तिपूर्ण प्रतिस्पर्धा मार्फत श्रेष्ठता हासिल गर्ने, संविधानको सर्वोच्चता, विधिको शासन, स्वतन्त्र न्यायपालिका, मानवधिकार एवम् मौलिक हकको प्रत्याभूति, शक्ति पृथकीकरणको सिद्धान्त, बहुलतायुक्त खुला समाज, बहुदलीय प्रतिस्पर्धायुक्त आवधिक निर्वाचन, जननिर्वाचित प्रतिनिधिहरूद्वारा सरकार सञ्चालन, प्रतिपक्षको संवैधानिक व्यवस्था लगायत आधुनिक लोकतन्त्रका विश्वव्यापी मूल्य मान्यतामा प्रतिबद्ध छ। त्यस्तै संयुक्त राष्ट्र संघको बडापत्र, पञ्चशीलका सिद्धान्त र असंलग्नताका मान्यतामा आधारित स्वतन्त्र परराष्ट्र नीति तथा राष्ट्रिय हितको संरक्षण र सम्बर्द्धनमा पार्टी कटिबद्ध छ। यो पार्टी पारस्परिक समानाता, सम्मान र हितको आधारमा अन्तर्राष्ट्रिय समुदाय तथा छिमेकी लगायत विश्वका सबै देशहरूसंग सुमधुर सम्बन्ध कायम गर्ने मान्यतामा अटल छ।

४) हाम्रो मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद हुनेछ। जनवादी केन्द्रीयताको सङ्गठनात्मक सिद्धान्तका र सामुहिक नेतृत्व एवं व्यक्तिगत उत्तरदायित्वको आधारमा पार्टीको निर्माण र संचालन हुनेछ। यो पार्टी जनाधारित कार्यकता पार्टी हुनेछ। यस पार्टीमा आन्तरिक लोकतन्त्र र अनुशासनको सन्तुलन रहनेछ। अन्तरीम विधानमा व्यवस्थित संगठनात्मक प्रणालीको अनुशरण गर्दै हामी एकता महाधिवेशन सम्पन्न गर्ने छौं। पार्टी कमिटी र सबै जनसंगठनहरू सोही अनुरूप परिचालित र क्रियाशील हुनेछन्। यो पार्टी सबै प्रकारका प्रतिकृयावाद, अवसरवाद र संकीर्णताका बिरूद्ध तथा सामाजिक सद्भाव एवम् राष्ट्रिय एकताको पक्षमा रहेको छ। राजनीतिक स्थायित्व, दिगो शान्ति, सुशासन र समृद्धिको मार्गमा अग्रसर रहँदै राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकता र देशभक्तिमा आधारित उन्नत सभ्यतायुक्त समृद्ध समाज निर्माण गर्ने हाम्रो उद्देश्य रहेको छ। उपलब्ध साधन र श्रोतहरूको अधिकतम् उपयोग, राष्ट्रिय पूँजीको lg d f@f / k l/ r fn g t y f **"समृद्ध नेपाल, सुखी नेपाली'** को लक्ष्य हासिल गर्न दुई पार्टीको एकीकरणबाट बलियो आधार सिर्जना हुनेछ। यस अनुरूप सरकारको प्रभावकारी संचालन गरिने छ। यही लक्ष्य, उद्देश्य र मान्यता अनुरूप पार्टी पंक्ति एकताबद्ध, संगठित र परिचालित हुनेछ।

५) हाम्रा दुई पार्टीको यो एकीकरणबाट विभाजन र मतभेदको अवस्था झेल्दै आएको नेपाली कम्युनिष्ट आन्दोलन मूलतः एकतावद्ध भएको छ। नेपाल र नेपाली जनताको सर्वोपरी हितमा केन्द्रित यो एकीकरणको मर्म अनुरूप आवश्यक छलफल एवं वहसको प्रक्रियामा संलग्न हुँदै देशका अन्य कम्युनिष्ट तथा श्रमिक पार्टी वा समूहरूलाई पनि एकताको यस् महान प्रक्रियामा सामेल हुन हार्दिक आव्हान गर्दछौं।

६) हाम्रो कष्टसाध्य प्रयत्नबाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भई तीनै तहका निर्वाचन गरी देशले आर्थिक क्रान्ति र समृद्धिको चरणमा प्रवेश गरेको समयमा हाम्रो एकीकरणले राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान र समृद्धि चाहने सबैमा खुशी र उत्साहको लहर सिर्जना गर्नेमा हामी विश्वस्त छौं। राष्ट्रिय हित र समाजवाद निर्माणमा दीर्घकालीन महत्व राख्ने यस एकीकरणलाई पार्टी कमिटी र जनसंगठन तथा पार्टी समर्थक सम्पूर्ण पंक्तिमा कुशलताका साथ आत्मसाथ र रूपान्तरण गर्न एकताबद्ध भई सक्रिय रहन हामी सबै पार्टी सदस्य र शुभेच्छुकहरूमा हार्दिक आव्हान गर्दछौं। हाम्रो एकीकरणका लागि विभिन्न किसिमले योगदान पुऱ्याउनु हुने सबै नेता, कार्यकर्ता र शुभेच्छुकहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं। पार्टी एकीकरणको निर्णय र मर्म अनुरूप आगामी दिनहरूमा अझ सशक्त पार्टी निर्माण र यसको वकासमा योगदान पुऱ्याउन सम्बद्ध सबैमा हार्दिक आव्हान गर्दछौं।

मितिः २०७५।२।३।५

# केन्द्रले प्रदेश २ सँग दूरी बढाउँदैछ



जितेन्द्र सोनल
भौतिक पूर्वाधार
विकासमन्त्री प्रदेश २

प्रदेश २ ले जुन कुरा उठायो अन्य प्रदेशहरूले पनि ढिलो चाँडो त्यो कुरा उठाउँदै छन् । भिन्नता के रह्यो भने संघीयताको नेतृत्व गरेको भूमि प्रदेश २ हो । त्यसकारण यसको आवश्यकता सबैभन्दा पहिले हामीले महशुस गर्छौं । हामीले भनेको कुरा किन जायज छ भने सबै प्रदेशका मुख्यमन्त्रीहरूले त्यहि कुरा बोल्दै, अवलम्बन गर्दै कुराहरू उठान गरिरहेका छन् ।

**० मुख्यमन्त्रीको अमेरिका भ्रमणलाई केन्द्र सरकारले अस्वीकार गर्‍यो, यसलाई तपाईहरूले कुन रूपमा लिनुभएको छ ?**

– यो अधिकार केन्द्र सरकारसँग छ । तर, यो भ्रमण अनाधिकृत रूपमा रोकियो । अधिकार रहँदा रहँदै पनि यसमा केन्द्र सरकारले सहजताको भूमिका निर्वाह गर्नुपर्थ्यो । केन्द्र सरकार किन यति साह्रो रूढ भयो त्यो मैले बुझ्न सकिरहेको छैन । अर्को कुरा भ्रमणलाई अस्वीकृत नै गर्नु थियो भने प्रधानमन्त्रीज्यूले व्यक्तिगत रूपमा नै मुख्यमन्त्रीसँग भन्न सक्नुहुन्थ्यो वा पत्राचार गर्नुपर्दथ्यो । मिडियाको सामु जुन प्रकारले प्रचार गरियो यसले प्रदेश २ र केन्द्र सरकारबीच दूरी बढेको सञ्चार प्रवाह भयो ।

**० प्रदेशका मुख्यमन्त्री, मन्त्रीहरूले विदेश भ्रमण गर्नका लागि केन्द्रकै अनुमति लिनुपर्ने हुन्छ ?**

– स्वाभाविक रूपले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा परराष्ट्र नीति केन्द्र सरकारसँग भएको नाताले विदेशमा जानु आउनु खास गरेर मुलुकभरका मन्त्री, मुख्यमन्त्रीलगायत प्रतिनिधिले केन्द्रसँग अनुमति लिएर जानुपर्ने व्यवस्था विश्वभर छ । यस्तो व्यवस्था नेपालमा मात्र होइन, सबै मुलुकहरूमा छन् । यसलाई हामीले अनौठो रूपमा लिएका छैनौं । तर अनौठो त तब लाग्छ जब अनाधिकृत रूपमा विवाद सिर्जना गरिन्छ । कुनै पनि प्रदेशको मन्त्री, मुख्यमन्त्री, प्रतिनिधि सभा सदस्यलगायत कोहि पनि मान्छे विदेशी संघसंस्था तथा विदेशमा रहेका नेपालीको कुनै संघसंस्था छ र त्यसले कुनै व्यक्तिलाई या प्रतिनिधिलाई बोलाउँछ भने त्यसमा जानका लागि रोक्नुपर्ने अवस्था हुँदैन । यदि केन्द्र सरकारको नियत ठिक थियो भने यसरी मिडियासामु ल्याएर प्रचार गरेर प्रोपोगाण्डा मच्याउनु जरूरी थिएन । यसले सम्बन्धलाई नजिक बनाउन भन्दा पनि दूरी बढाउँछ ।

**० मुख्यमन्त्रीको अमेरिका भ्रमणका लागि अहिले उचित समय छ ?**

– उचित/अनुचित आफ्नो ठाउँमा छ । हाम्रै देशभित्रका दाजुभाई दिदीबहिनीहरूले त्यहाँ रहेर संघसंस्था बनाउनुभएको छ र एकदिने कार्यक्रममा आउनुस् भनेर निमन्त्रणा गर्नुभएको छ । भ्रमणका क्रममा लाग्ने खर्चसमेत हामी आफैले व्यहोर्छौं, राज्यलाई कुनै किसिमको व्ययभार पर्दैन भनिरहँदा एकदिनको लागि जान असुविधा हुँदैनथ्यो ।

**० अहिलेको समयमा मुख्यमन्त्रीको काँधमा धेरै जिम्मेवारी छ । बजेटको कार्ययोजना, नीति नियम बनाउनुपर्ने लगायत विभिन्न किसिमका जिम्मेवारी छन्, यस्तो अवस्थामा विदेश भ्रमणमा जानु सार्थक हुन्छ ?**

– भ्रमण एक दिनका लागि हो । एक दिन त आफ्नै देशभित्र रहँदा पनि त व्यस्त हुन सक्छ नि । कुनै पनि व्यक्तिको आफ्नो ठाउँमा भूमिका हुन्छ तर एक दिन उ उपस्थित नहुँदैमा सबै काम बिग्रेर जान्छ भन्ने मलाई लाग्दैन । मुख्यमन्त्री एक जनाले मात्रै सबै काम गर्ने त होइन । प्रदेश सरकार, अन्य प्रदेश सांसदहरूले पनि काम गर्नुहुन्छ । विशेष परिस्थितिमा मान्छेहरूले व्यवस्थापन गर्छन् । मुख्यमन्त्री जी नभएको बेलामा सबै कार्यहरूको व्यवस्थापन गर्न हामी पनि तयार छौं ।

**० केन्द्र सरकारले प्रदेश २ को सरकारप्रति गर्ने व्यवहार र प्रदेश २ को मुख्यमन्त्रीले पनि केन्द्र सरकारले अधिकार दिएन भन्ने किसिमको अभिव्यक्ति दिइरहँदा विशेष गरी प्रदेश २ र केन्द्र सरकारबीच दुरी बढ्दै गएको हो ?**

– प्रदेश २ ले जुन कुरा उठायो अन्य प्रदेशहरूले पनि ढिलो चाँडो त्यो कुरा उठाउँदै छन् । भिन्नता के रह्यो भने संघीयताको नेतृत्व गरेको भूमि प्रदेश २ हो । त्यसकारण यसको आवश्यकता सबैभन्दा पहिले हामीले महशुस गर्छौं । हामीले भनेको कुरा किन जायज छ भने सबै प्रदेशका मुख्यमन्त्रीहरूले त्यहि कुरा बोल्दै, अवलम्बन गर्दै कुराहरू उठान गरिरहेका छन् । हामीले कर्मचारी, कार्यालय, स्रोतसाधन, व्यवस्थापनका कुराहरू उठायौं । प्रदेश सरकारलाई जति पनि स्रोत र साधनको आवश्यकता पर्ने त्यो केन्द्र सरकारले उपलब्ध गराउन सकेको छैन । केन्द्रसँग हामीले विभिन्न चरणमा भनेका छौं । केन्द्रसँग सहकार्य गरेर हामी अगाडि बढ्छौं । तर केन्द्रको पनि त्यहि नीति, रणनीति र कार्यनीति हुनुपर्यो । यि तीन वटै भयो भने मात्र सहकार्य सम्भव हुन्छ । केन्द्र सरकारले पनि विवाद गरेर आफ्नो कामहरू अगाडि बढाउन सक्दैन र विवाद गरेर प्रदेश सरकारले पनि अपेक्षाकृत कामहरू अगाडि बढाउन सक्दैन । केन्द्र सरकार र प्रदेश सरकारमा विवाद भयो भने त्यसबाट स्थानीय तह पनि प्रभावित हुन सक्छ । त्यसकारण स्थानीय तहदेखि केन्द्र सरकारको सफलताको निम्ती सहकार्य अत्यन्त जरूरी छ । त्यो जहिले पनि केन्द्रबाट सुरू हुनुपर्छ । अर्को मुख्यमन्त्रीको अभिव्यक्तिको कुरा, मुख्यमन्त्रीले पनि यहि कुरा उठाउँदै आउनुभएको छ । मुख्यमन्त्रीले उठाउनु भएको कुरालाई माओवादी र एमालेका नेताहरूले पनि उठाउँदै आएका छन् । त्यसकारण यो कुनै नौलो कुरा होइन ।

**० प्रदेश नं. २ माथि जुन किसिमका प्रहार भैरहेका छन्, यी सबलाई हेर्दा संघीयता विरूद्धमा षडयन्त्र त भइरहेको छैन ?**

– संघीयता यो देशमा कसैले भिक्षाको रूपमा दिएको होइन । मधेशी जनताको अथक प्रयास र सयौं युवाहरूको बलिदानको फलस्वरूप भएको संघीयता कसैले मिती तोकेर समाप्त गर्छु भनेर कसैले सपना देख्छ भने त्यो दिवा सपना हो ।

**० तर असफल बनाउने षडयन्त्र त हुँदैछ नि ?**

– जुन किसिमले यसलाई अपाङ्ग बनाउने षडयन्त्र हुँदैछ त्यसप्रति हामी सचेत छौं र गम्भीर पनि छौं । कहिलेसम्म असहयोग गर्ने हो ? हामी असहयोगलाई पनि अवसर र चूनौतिको रूपमा लिएर अघि बढ्नेछौं । संघीयतालाई हामी संस्थागत गर्छौं । सरकारको त पहिलेदेखि नै चाहना हो कि देशमा संघीयता नआओस र संघीयता आईसकेपछि राजधानी घोषणा नगर्ने, राजधानी घोषणा गरेपनि केन्द्रमै लगेर सपथ ग्रहण गर्न लगाउने, सपथ ग्रहण पछि पनि अवरोधहरू सिर्जना गर्ने । तर हामी त सफल भयौं नि । चुनाव गर्यौं, अस्थायी नै भए पनि राजधानी तोकियो, प्रदेश सभाको बैठक बस्यो । एकपछि अर्को उपलब्धी गरिरहेका छौं र यो उपलब्धीबाट हामी सन्तुष्ट भएर अगाडि बढ्नुपर्ने स्थिति छ । अझै पनि हामी संघर्ष गरेर अगाडि बढ्नेछौं । जहाँसम्म भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको भ्रमणको सवाल छ, देश संघीयतामा गैसकेपछि प्रदेश सरकार गठन भैसकेपछि विदेशी प्रधानमन्त्री एउटा प्रान्तमा आउनु आफैमा ऐतिहासिक कुरा हो । त्यसलाई सफल बनाउन यहाँको प्रदेश सरकारले अथक प्रयास गर्यो । सुरक्षाका कुरादेखि नागरिक अभिनन्दनसम्म । नागरिक अभिनन्दनको सवालमा धेरै कुराहरू आयो । यति धेरै मान्छे किन आए भन्नेजस्ता कुरा आयो । जति धेरै उपस्थित भएर अभिनन्दन गर्यो त्यति नै ठूलो सम्मान हुन्छ । अभिनन्दन त काठमाडौंमा पनि भयो तर त्यो सरकारी अभिनन्दन थियो । हामीले गरेको नागरिक अभिनन्दन थियो । त्यो हामीले भव्यताका साथ सम्पन्न गर्यौं । त्यसरी नागरिक अभिनन्दन गर्न सफल भएकोमा हामी आफूलाई गौरवान्वित महसुस गरेका छौं ।

**० अभिनन्दनकै क्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सय करोड दिने भनेर घोषण गर्नुभयो, त्यो भारतीय रूपैया हो कि नेपाली ?**

– हामीलाई सूचना प्राप्त भएअनुसार त्यो भारतीय रूपैयाँ नै हो । नेपाली एक अर्ब ६० करोड रूपैयाँ सहयोग गर्ने घोषणा भएको हो ।

**० त्यो सहयोग केन्द्र सरकारमार्फत दिने भनिएको छ, त्यसको लागि योजना तपाईहरूले बनाउने कि केन्द्र सरकारले ?**

– यसमा केन्द्र, प्रदेश र स्थानीय तीनै तह मिलेर जनकपुरको विकासका लागि सहकार्य गरेर अगाडि बढ्ने हो ।

**० तपाइँ सम्हाल्नु भएको भौतिक पूर्वाधार विकास मन्त्रालयका योजनाहरू के-के छन् ?**

– सडक निर्माण, भौतिक संरचनाहरू, ऊर्जा, विद्युत लगायतका क्षेत्रमा हाम्रो मन्त्रालयले योजना बनाउँदैछ । अहिले हामी अत्यन्त प्राथमिकतामा राखेका छौं । प्रदेशभित्रका गौरवका योजनाहरू के-के हुनसक्छ, जसले प्रदेशको अनुहार फेर्न सक्छ जस्तै हुलाकी सडक, हाम्रो प्रदेशमा रहेको ऐतिहासिक महत्व बोकेका निजगढका अन्तर्राष्ट्रिय विमानस्थल हुन सक्छ । हाम्रो प्रदेशसँग जोडिने काठमाडौंको फास्ट ट्र्याक हुनसक्छ । धार्मिक पर्यटन क्षेत्रको सवालमा सप्तरीदेखि पर्सासम्मका धार्मिकस्थलहरूलाई लाइनअप हुन सक्छ । यस्तै, कृषिमा आधारित उद्योगहरूलाई कसरी विकसित गर्ने र कृषिलाई कसरी आधुनिकीकरण गर्ने, खेत-खेतमा कसरी सिंचाइ पुर्‍याउने र प्रत्येक गाउँमा कसरी उज्यालो पुर्‍याउने यावत् जुन हाम्रा प्रमुख कुराहरू हुन यसमा सरकारले प्राथमिकताकरण गरेर हामी काम गर्न अगाडि बढिरहेका छौं ।

**० तपाइँहरू बजेट ल्याउने तयारीमा पनि हुनुहुन्छ, बजेटको सिलिङ्ग कतिसम्म हुन्छ ?**

– बजेटको सिलिङ्ग केन्द्र सरकारले तोक्ने हो । अहिले अड्कल मात्र भइरहेको छ । अहिलेसम्म कानूनको अभावमा यहाँका करहरूको बारेमा समुचितरूपमा निर्धारण नभइसकेको अवस्थामा यति कर आउँछ त्यो यथोचितरूपमा यकिन नभइसकेको अवस्थामा केन्द्रले सिलिङ्ग दिएको बजेटको निर्धारण गर्छौं ।

**० तपाइँहरूको बजेटमा सबभन्दा प्राथमिकतामा के-के छन् ?**

– सबभन्दा बढी प्राथमिकतामा अहिले सडक रहेको छ । प्रदेश २ सबभन्दा पिछडिएको क्षेत्र सडकमा नै हो । त्यसपछि जनजीविकाको सवालमा सबभन्दा बढी कृषिमा आधारित जीवन छ । त्यस्तै, धार्मिक पर्यटकीयस्थलहरूको स्तरोन्नति कसरी गर्ने लगायतका प्राथमिकतामा छन् ।

**० युवानीति के छ प्रदेश २ को ?**

– स्वाभाविकरूपले सबभन्दा बढी युवा पलायन हुने प्रदेश २ नै हो । विदेश पलायनलाई रोक्न स्वदेशमै कसरी रोजगारको सिर्जना गर्ने तर्फ लागेका छौं ।

# मधेशी दल मिल्नुको विकल्प छैन

प्रदेश २ का मुख्यमन्त्रीको अमेरिका भ्रमणलाई सरकारले के कारणले रोक्यो, त्यो प्रष्ट भएको छैन । तर सरकारले यो भ्रमण रोकेर गल्ती गरेको हो । अहिले नीति तथा कार्यक्रम बनाउने समय हो । यो समयमा जानु उपयुक्त हुँदैन भनेर सरकारले कारण देखाई अस्वीकृत गरेको छ । मलाई के लाग्छ भने मुख्यमन्त्री भ्रमणमा गएको भए पनि यसमा कुनै असर पर्ने थिएन ।



रामसहाय प्रसाद यादव
महासचिव तथा प्रतिनिधि सभा सदस्य,
संघीय समाजवादी फोरम नेपाल

**० हालै गठन भएको नेपाल कम्युनिष्ट पार्टीलाई फोरमले कुन रूपमा लिएको छ ?**

– विगतका दिनमा राजनीतिक दलहरू टुट्दै फुट्दै आएका छन्, जसबाट जनतामा नकारात्मक सन्देश गएको थियो । संविधान निर्माणपछि वाम गठबन्धन लगायत अन्य दलहरू पनि एकता गर्ने प्रयास गर्दैछन् । जसमध्ये माओवादी र एमाले सर्वप्रथम एक भए । विभाजित भएकाहरू एक ठाउँमा हुनु भनेको सकारात्मक पक्ष नै हो । लोकतान्त्रिक शक्ति मजबुत हुनुपर्ने दृष्टिकोणले हेर्दा लोकतान्त्रिक पक्षधरहरूको हकमा यो एकताका साथ अगाडि बढेको छ । त्यसकारण लोकतान्त्रिक शक्तिहरूको लागि यो चूनौतिको विषय भएको छ । मधेशवादी दलहरूका लागि पनि एकताको विषय दबाबको विषय बनेको छ । मधेशवादी दलहरू र लोकतान्त्रिक शक्तिहरूले पनि एक आपसमा एकता गरेर अगाडी बढ्नुपर्छ ।

**० वामपन्थी दलहरूबीच एकीकरण भइरहँदा मधेशवादी दलहरूलाई पनि एकीकरणको दबाब परेको हो ?**

– दबाब त आएकै छ तर आज मात्र होइन । मधेशवादी दलहरू पनि अब एक भएर अगाडि बढ्नुपर्छ तर यो चूनौतिको विषय पनि हो । यसलाई सामना गर्नका लागि विगतमा भएका कमी कमजोरीलाई औंल्याएर त्यसको समाधान गर्दै अगाडि बढ्नुपर्छ र अन्य लोकतान्त्रिक शक्तिहरूसँग मधेशवादी दल मिल्नुपर्छ ।

**० अहिलेको सरकारलाई तपाईंहरूले विश्वासको मत दिनुभयो तर यो सरकारले माग सम्बोधन गर्छ भन्ने कुरामा कति विश्वास छ ?**

– सरकारले एक आपसमा सहयोग गरेको आधारमा विश्वासको मत दिएका हौं । वाम दलले पनि प्रदेश २ मा हामीलाई विश्वासको मत दिएर सहयोग गरेको हो । त्यो आधारमा पनि हामीले सरकारको पक्षमा विश्वासको मत दिएका हौं । मुद्दाको सवालमा अहिले हाम्रा मागहरू यथावत् नै छ । संविधानलाई संशोधन गरेर अगाडि बढ्नुपर्छ । संविधान संशोधन गर्ने हाम्रो माग पुरा गराउनलाई हामी संघर्ष गरिरहेका छौं । सरकारसँग पटक-पटक छलफल गरिरहेका छौं । हामीलाई सरकारमा जानका लागि आग्रह गरिरहेको अवस्थामा हामी संविधान संशोधन गरेर मात्र सरकारमा जाने अडान भएको हुँदा संशोधनप्रति सरकार पनि सकारात्मक देखिएको छ ।

**० वाम गठबन्धनको यो एकीकरण पश्चात् संशोधनसहितका अन्य माग पूरा हुने सम्भावना अझ बढेको छ कि टरेको छ ?**

– सरकारमा जाने भन्ने हाम्रो माग होइन त्यो त सरकारको माग हो । त्यो आधारमा हामीले यो कुरा भनिरहेका छौं । निश्चित रूपमा हाम्रा माग मुद्दाहरू सम्बोधन नभएसम्म हामी सरकारमा जादैनौं । हाम्रो चासोको विषय भनेको संविधान संशोधन हो, सरकारमा जाने होइन । उनीहरूले पनि संविधान संशोधन गर्छौं भनेर आश्वासन दिएका छन् । तर यसको विषयमा कुनै निष्कर्ष भएको छैन । संविधान संशोधनको टुङ्गो नलागेका कारण सरकारमा जाने/नजाने भन्ने बारेमा केही भन्न सकिदैन ।

**० संविधान संशोधनको लागि सत्ता पक्षसँग अहिले वार्ता भइरहेको छ ?**

– औपचारिक रूपमा अहिले कुनै वार्ता भएको छैन ।

**० प्रधानमन्त्रीको भारत भ्रमण सकिए लगत्तै चीन भ्रमणको तयारी हुँदैछ, यस्तो अवस्थामा सरकार पक्ष तपाईहरूको मागप्रति गम्भीर छ जस्तो लाग्छ ?**

– चुनाव सकिएपछि सरकार पक्षले भ्रमण गर्नु र भ्रमण गर्दैमा हाम्रा मुद्दाहरूप्रति संवेदनशील छैन भन्न मिल्दैन । नेपालका प्रधानमन्त्री भारत भ्रमण जानुभयो र भारतको प्रधानमन्त्रीले पनि नेपाल भ्रमण गर्नुभयो । भ्रमण हुँदैमा हाम्रा मागहरूप्रति सरकार गम्भीर छैन भन्ने सोचाई राख्नु गलत हो । छिमेकी देशहरूसँग सुमधुर सम्बन्ध राख्नु सरकारको दायित्व हो । त्यसकारण भ्रमण हुनु राम्रो पक्ष हो । जहाँसम्म हाम्रो मागको सवाल छ, त्यो सरकारले गम्भीर रूपमा सोच्नुपर्छ । यो मधेशको सवाल हो । यो विगतका मधेश आन्दोलन, आदिवासी जनजाती आन्दोलन लगायतका उत्पीडित समुदायका हितका सम्बन्धमा विभिन्न किसिमका सम्झौता राज्यले गरेको छ । यी सम्झौता र सहमतिमा भएका विषयलाई संविधान संशोधन गरेर अगाडि बढ्ने काम सरकारको हो र सरकारले आफ्ना नीति तथा कार्यक्रममा यी विषयहरू समावेश गर्नुपर्छ । अब यो मुलुकलाई समृद्ध बनाउन हो भने सरकारको नारा 'समृद्ध नेपाल सुखी नेपाली' तब मात्र सार्थक हुन्छ जब उत्पीडित समुदाय खासगरी मधेशी, आदिवासी, मुस्लिम, जनजाती, महिलाहरूको उत्थान हुन्छ । तसर्थ राज्यले यो मुद्दालाई हल गर्नुपर्छ, राजनीतिक समस्यालाई हल गर्नुपर्छ । राज्यले संविधान संशोधन गरेर उत्पीडित समुदायका समस्या समाधान गर्नुपर्छ ।

> समृद्ध नेपाल सुखी नेपाली हुनका लागि पहिले विभेदको अन्त्य गनुपर्छ । राज्यले नीति-निर्माण गरेर अगाडी बढ्नुपर्छ तब मात्र समृद्ध नेपाल सुखी नेपाली हुन सक्छ

**० विश्वासको मत नलिएसम्म तपाईंहरूसँग पटक-पटक छलफल हुन्थ्यो तर मत दिएपछि वार्ता हुनै छाड्यो । यसले त मुद्दाप्रति सरकार गम्भीर नदेखिएको भएन र ?**

– पहिला त सरकारको नियत ठिक हुनुपर्‍यो । संविधानमा भएका त्रुटि, हामीसँग गरिएका सम्झौता, सरकारमा सहभागिताको विषय, संविधान संशोधनको विषय यो सरकारले गर्नुपर्छ ।

**० अहिलेको अवस्थामा संविधान संशोधनप्रति सरकारको नियत कस्तो देख्नुहुन्छ ?**

– नियत स्पष्ट नै छ । सरकारको नियतमा खोट भएकै कारण त विभिन्न किसिमका आन्दोलन भएको हो । अब जुन नारा सरकारले ल्याएको छ 'समृद्ध नेपाल सुखी नेपाली' भन्ने त्यो त्यति बेला मात्र सम्भव छ जब विभेदको अन्त्य हुँदैन, राजनीतिक समस्याहरू समाधान हुँदैन, शान्ति र स्थिरता हुँदैन । त्यसकारण समृद्ध नेपाल सुखी नेपाली हुनका लागि पहिले विभेदको अन्त्य गनुपर्छ । राज्यले नीति-निर्माण गरेर अगाडी बढ्नुपर्छ तब मात्र समृद्ध नेपाल सुखी नेपाली हुन सक्छ ।

**० सरकारलाई तपाईंहरूको समर्थन कहिले कहिलेसम्म रहन्छ ?**

– सरकार प्रतिको समर्थन कहिलेसम्म रहन्छ भन्ने अवस्था छैन । सरकारले संविधान संशोधन गर्ने भनिरहेको छ । त्यसको लागि केही समय पर्खिनु नै पर्छ । यस विषयमा पार्टीमा छलफल गरेर निणर्य गरिन्छ ।

**० प्रदेश २ मा पनि वाम गठबन्धनको बहुमत रहेको छ, अब प्रदेश २ को सरकारमा वाम गठबन्धनलाई सहभागि गराउने सम्भावना छ ?**

– यो विषयमा कुनै पनि कुरा भएको छैन । उहाँहरूले पनि यो विषयमा कुरा राख्नुभएको छैन भने हाम्रो तर्फबाट पनि कुरा भएको छैन । पहिले उहाँहरूले निःस्वार्थ समर्थन गर्नुभएको छ । प्रदेश २ मा फोरम र राजापा गठबन्धनको सरकारे छ र अहिलेसम्म निर्वाध रूपमा नै सरकार सञ्चालन भइरहेको छ । कसैको तर्फबाट यस किसिमको माग भएको छैन ।

**० प्रदेश २ सरकारमाथि केन्द्र सरकारको कस्तो व्यवहार देख्नुहुन्छ ?**

– व्यवहारको मूल्यांकन गर्ने परिपक्क समय आएको छैन । अहिले भर्खरै मात्र सरकार सञ्चालनमा आएको छ । अबका दिनमा राजनीतिक गतिविधिहरू व्यवहारमा नआएसम्म कुनै प्रतिक्रिया दिन मिल्दैन । केही समय सरकारका काम हेरौं । त्यसपछि कस्तो व्यवहार गर्ने भन्ने निर्णय गर्न सकिन्छ ।

**० प्रदेश २ का मुख्यमन्त्रीको अमेरिका भ्रमणलाई केन्द्र सरकारले रोकेको छ, यसलाई कसरी लिनुहुन्छ ?**

– यो भ्रमणलाई सरकारले के कारणले रोक्यो, त्यो प्रष्ट भएको छैन । तर सरकारले यो भ्रमण रोकेर गल्ती गरेको हो । अहिले नीति तथा कार्यक्रम बनाउने समय हो । यो समयमा जानु उपयुक्त हुँदैन भनेर सरकारले कारण देखाई अस्वीकृत गरेको छ । मलाई के लाग्छ भने मुख्यमन्त्री भ्रमणमा गएको भए पनि यसमा कुनै असर पर्ने थिएन ।

**० भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको भ्रमणको समयमा प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले दिएको अभिव्यक्तिबाट संसद लगायत केन्द्र सरकार पनि असन्तुष्ट छ, त्यसैको प्रतिशोध अहिले केन्द्र सरकारले लिएको त होइन ?**

– मलाई के लाग्छ भने मधेशी जनताको आन्दोलनका समयमा प्रकट भएका भावना थियो, त्यही भावना मुख्यमन्त्रीले राख्नुभएको हो । त्यो कुरालाई हामीले राष्ट्रिय अन्तर्राष्ट्रिय जगतमा भनिरहेका छौं । राज्यले मुख्यमन्त्रीको अभिव्यक्तिकै कारणले हो या पहिले देखिनै राज्यले अपनाउँदै आएको कूटनीतिकका कारण हो तर राज्यले केन्द्र सरकार र प्रदेश सरकारको समस्यालाई समाधान गरेर सम्बन्धलाई सुमधुर बनाउनुपर्छ तब मात्र देश समृद्धको बाटोतर्फ उन्मुख हुन्छ ।

# मोदी भ्रमणबाट सुवर्ण अवसर प्राप्त भएको छ



डा. हरिवंश झा

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको हालै सम्पन्न जनकपुर भ्रमण एउटा ऐतिहासिक भ्रमण हो । यस भ्रमणले यस क्षेत्रमा लामो समयसम्म प्रभाव पारिरहन्छ । मैले व्यक्तिगत रूपमा यो भ्रमणलाई अत्यन्तै सकारात्मक रूपमा लिएको छु ।

नेपालमा काठमाडौं मात्र मुख्य ठाँउ होइन । राजधानीबाटै विदेश भ्रमणको सुरूवात गर्नुपर्छ भन्ने छैन । जनकपुर वा अन्य प्रदेशमा सिधैं जान पनि सकिन्छ । नेपाल संघीयतामा प्रवेश गरिसकेको छ । त्यसमा पनि जनकपुरको आफ्नै अध्यामित्क गरिमा रहेको छ । त्यसलाई उहाँले बढी उजागर गर्नुभएको छ । दुई देशका प्रधानमन्त्रीहरूको छलफल भएर महत्वपूर्ण निर्णय पनि भएको छ । त्यसलाई सकारात्मक रूपमा लिनुपर्छ ।

अहिलेसम्म विदेशी देशका सरकार तथा राष्ट्र प्रमुखहरू नेपाल भ्रमणमा आउँदा सिधैं काठमाडौं आउने प्रचलन थियो तर यसपटक मोदीको भ्रमणबाट यो प्रचलन तोडिएको छ । उहाँले जनकपुरबाट भ्रमणको थालनी गर्नुले यस क्षेत्रको महत्व बढाएको छ ।

मोदी मुख्यत: धार्मिक तीर्थाटनको लागि नेपाल आउनु भएको हो र जनकपुर झन् नेपाल र भारतको लागि मुख्य धार्मिकस्थल पनि हो । उहाँको जनकपुरबाट थालनी भएको भ्रमणलाई एक धार्मिक उद्देश्यको भ्रमण भनेर बुझ्न सकिन्छ ।

नेपाल र भारतको सम्बन्ध अहिले सुखद मोडमा आइपुगेको छ । विगतमा केही तिक्ता देखिएको थियो त्यो हटेको । हाम्रो प्रधानमन्त्री दिल्ली जानु र भारतीय प्रधानमन्त्री नेपाल आउनुले पनि हाम्रो बीचमा सम्बन्ध सुमधुर भएको थप प्रष्ट हुन्छ । मोदी र ओलीजीमा व्यक्तिगत रूपमा पनि धेरै राम्रो सम्बन्ध रहेको मैले महसुस गरेका छु । अब नेपालको लागि एउटा सुवर्ण अवसर प्राप्त भएको छ । विश्वमा नै तहल्का मच्चाइरहेका दुई छिमेकी राष्ट्रहरूसँग सहकार्य र सहयोग लिएर एक अर्काको परिपूर्वक भएर अगाडि बढ्नुपर्छ ।

हालै हाम्रो प्रधानमन्त्री भारत भ्रमणमा जानुभएको थियो र त्यहाँ अत्यन्तै महत्वपूर्ण परियोजनामा हस्ताक्षर गरेर आउनु भएको छ । नेपाललाई मार्ग भएर आफ्नो यात्रा सुरू गर्नुभएको थियो, त्यस ठाउँमा सडक निर्माण गरेर एउटा सर्किटको रूपमा विकसित गर्नु नै रामायण सर्किट हो । नेपाल र भारतको कुरा गर्दा भगवान् राम अयोधावाट हिंड्नुहुन्छ र आफ्नो गुरूको साथमा अन्य विभिन्न ठाउँमा भ्रणण गर्दै जनकपुर आउनु हुन्छ र जनकपुरमा सीतासँग स्वयंवर भएको हो । यो क्षेत्रलाई बाटोको रूप दिनु नै रामायण सर्किट हो ।

रामायण सर्किटबाट नेपालले धेरै लाभ लिनसक्छ । किनकी जब यसमा जनकपुर जोडिनेछ । रामजानकी मार्ग भनेर पनि जलमार्गबाट समुन्द्रसम्म पुग्ने सम्झौता पनि भएको छ । भूपरिवेष्ठित राष्ट्र भएर पनि हामी भारतसँगको सहकार्यले गर्दा समुद्रसम्म जोडिन सक्ने भएका छौं । वीरगन्जबाट रक्सौलसम्म रेलमार्ग जोड्ने सहमति भएको छ भने त्यसलाई केही समयभित्रै काठमाडौंसम्म जोडिने छ । भारतीय प्रधानमन्त्रीबाट जनकपुर र यसको आसपासको विभिन्न परियोजनाको विकासका लागि १०० करोड रूपैयाँ सहयोग गर्ने घोषणा भएको छ । यस्ता विभिन्न अभिव्यक्ति र सम्झौताहरूलाई हेर्दा दुई राष्ट्रको र जनताबीच अत्यन्त सुमधुर सम्बन्ध छ भन्ने बुझिन्छ र यसको प्रभाव आउँदो दिनमा विकासमा पनि देखिँदै जानेछ ।

भगवान् श्रीराम अयोधाबाट जुन जुन भारतको प्राथमिकतामा परेको छ र भारत सरकारले रामजानकी मार्ग निर्माणको लागि करिब रू. २००० करोड निकासा पनि गरिसकेको छ । जुन बाटोबाट भगवान श्रीराम जनकपुर आउनुभएको थियो र सीताजी फर्कनु भएको थियो, त्यही बाटोको विकासका लागि रामजानकी मार्गको निर्माण हुन लागेको छ । यो बाटो बनिसके पछि भारतीय पर्यटकहरूको संख्यामा वृद्धि हुन्छ । भारतीय प्रधानमन्त्रीको जनकपुर भ्रमण भएकै दिन जनकपुरदेखि अयोधासम्म बस संचालन भइसकेको छ र यो सुखद संयोग हो । जब जनकपुरमा पर्यटकहरूको संख्यामा पनि वृद्धि हुन्छ त्यसपछि होटेलहरूको संख्या बढ्छ, उद्योग कलकारखानाको संख्यामा वृद्धि हुन्छ ।

अब आउने नोभेम्बरसम्ममा जनकपुरदेखि जयनगरसम्मको रेल्वे लाइन पूरा हुन्छ र त्यस मार्गबाट अयोधा जोडिन्छ । यसलाई पनि रामायण सर्किटको एउटा अंगको रूपमा लिन सकिन्छ । कृषिदेखि हरेक क्षेत्रका मानिसहरूले रोजगारीको अवसर पाउनेछन् र यो क्षेत्रको आर्थिक अवस्थामा सुधार हुन्छ ।

भारतीय प्रधानमन्त्री मोदीले जनकपुर लगायत आसपासको क्षेत्रको विकासको लागि १ अर्ब रूपैयाँ सहयोगको घोषणा गर्नुभयो । यसको खर्च सरकारमा निर्भर गर्छ । भारतले यो गर्छ त्यो गर्छ भनेर भएन । हामी संघीय स्वरूप अनुरूप अगाडि बढेका छौं । संघीय र प्रादेशिक सरकारले कुन कुन विषयमा खर्च गर्ने भनर गुरूयोजना बनाउनुपर्ने हुन्छ । सांस्कृतिक र धार्मिक क्षेत्रमा लगानी गरेर यसको विकासमा नै त्यो रकम खर्च गर्नुपर्छ ।

भारतले प्रदेश २ लाई एक अर्बको सहयोगको घोषणा यत्तिकै गरेको होइन । नेपाल र भारत कै सहमति अनुरूप मोदीले सहयोग घोषणा गर्नुभएको हो ।

भारतीय प्रधानमन्त्रीको यस पटकको नेपाल भ्रमणबाट आगामी दिनमा धेरै सकारात्मक प्रभाव पर्नेछ । भारत आर्थिक रूपले विश्वको तेस्रो स्थानमा रहेको राष्ट्र हो । भारतको आर्थिक वृद्धिदर पनि उच्च रहेको छ । त्यस्तो देशको प्रधानमन्त्री, जो राजा जनक र जानकीबाट प्रभावित छन, नेपालको भ्रमण गर्नु भनेको हाम्रो लागि गौरवको विषय हो । यो नेपालको लागि अत्यन्तै सकारात्मक हो र यस्ता उच्चस्तरीय भ्रमणले आगामी दिनमा नेपाल र भारतको सम्बन्ध अझ बलियो बनाउँदै लैजान्छ भन्ने विश्वस छ ।

म प्रदेश नम्बर २ को प्रादेशिक योजना आयोगको उपाध्यक्ष पनि भएको हुँ । हामीले तीन महिनाको लागि केही अवधारणाहरू बनाएका छौं । त्यही अनुसार अगाडि बढेका छौं । अब आउँदो बजेटमा हामी यो क्षेत्रको विकासको लागि बढी नै कसरतमा छौं ।

*(अर्थविद् तथा राजनीतिक विश्लेषक डा. झासँग मधेशवाणीले गरेको कुराकानीमा आधारित ।)*

> अहिलेसम्म विदेशी देशका सरकार तथा राष्ट्र प्रमुखहरू नेपाल भ्रमणमा आउँदा सिधैं काठमाडौं आउने प्रचलन थियो तर यसपटक मोदीको भ्रमणबाट यो प्रचलन तोडिएको छ । उहाँले जनकपुरबाट भ्रमणको थालनी गर्नुले यस क्षेत्रको महत्व बढाएको छ ।


नेपाल सरकार

## अधिकार सम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समिति

गुह्येश्वरी, काठमाडौं ।

**सूचना ! सूचना !! सूचना !!!**

काठमाडौं उपत्यका नगर विकास समितिले निर्धारण गरेको “काठमाडौं उपत्यका भित्रका नगरपालिका र नरोन्मुख गा.वि.स.हरूमा गरिने निर्माण सम्बन्धी “२०६४” को परिच्छेद २ को प्रकरण नं. ११ र सोही परिच्छेदको प्रकरण ६.२ को देहाय १ र २ मा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०६५।०८।०१ मा भएको संशोधित निर्णय अनुसार खोला किनारामा निर्माण गर्ने सम्बन्धमा देहायको खोलाको नापीको नक्साबाट कायम रहेको छेउबाट दायाँ बायाँ देहायको दूरी छोडी मात्र निर्माण गर्न पाइने कानूनी प्रावधान रहेको व्यहोरा सबैमा जानकारीको लागि अनुरोध गरिन्छ ।

**देहाय :**

१. बाग्मती, विष्णुमती र मनोहरा खोलामा -२०/२० मीटर ।
२. धोबीखोलाको हकमा धोबीखोला आयोजना भएको स्थानमा प्रोजेक्टको प्लानिङ्ग अनुसारको दूरी र प्लानिङ्ग बाहेकको स्थानमा - ९/९ मीटर ।
३. नख्खु खोलामा - १२/१२ मीटर ।
४. बल्खु कर्मनामा, कोड्कु, साङ्ले र महादेव खोलामा - १०/१० मीटर ।
५. करखुसी खोलामा - ६/६ मीटर ।
६. टुकुचा, सामाखुसी र उपत्यकामा बग्ने अन्य खोलामा - ४/४ मीटर र कुनै पनि खोला खोल्सी र राजकूलो छोप्न पाइने छैन ।
७. हनुमन्ते खोला बग्ने नगरोन्मुख गा.वि.स. हरूमा समेत खोलाको किनारबाट २० मीटर छाडी निर्माण गर्न पाइने साथै मापदण्डको परिच्छेद प्रकरण नं. ६.२ को देहाय १ र २ मा रहेको FAR १.२५ को सट्टा १.५ कायम गर्ने ।

उपरोक्त मापदण्ड कायम राखी यस समितिको मिति २०६९।०२।२५ को १७३ औं बोर्ड बैठकको निर्णयबाट बाग्मती नदीको विभिन्न स्थानमा देहाय बमोजिम वहाव क्षेत्र (नदीको भित्री भाग) निर्धारण भएको छ । साथै काठमाडौं उपत्यकाका अन्य नदीहरू विष्णुमती, मनोहरा, धोबीखोला, नख्खुखोला, बल्खु, कर्मनासा कोड्कु, साङ्ले, महादेवखोला, करखुसी खोला, टुकुचा, सामाखुसी, हनुमन्ते लगायत अन्य खोलासमेतको वहाव क्षेत्र निर्धारण हुने क्रम जारी रहेकोले नदीहरूको वहाव क्षेत्रमा प्रतिकुल असर पर्ने कार्य नगर्नु नगराउनु हुन समेत सम्बन्धित सरोकारवाला निकाय, व्यक्ति, संघसंस्थालाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

बाग्मती नदीको देहायको स्थानमा देहाय बमोजिम वहावक्षेत्र (नदीको भित्री भाग) निर्धारण गरिएको छ ।
(क) सुन्दरीजल-गोकर्ण ब्यारेजसम्म २० मीटर,
(ख) गोकर्ण ब्यारेज- जोरपाटी पुलसम्म ३५ मीटर एवं जोरपाटी पुल- गुह्येश्वरी खण्डमा ४० मीटर,
(ग) हालको बाग्मती नदीको वहावलाई नै आधार मानी तीलगंगा-शंखमूलखण्डमा न्यूनतम् ३० मीटर,
(घ) शंखमूलदेखि विष्णुमती नदीको संगमसम्म न्यूनतम् ६० मीटर र
(ङ) विष्णुमती दोभान तथा सोभन्दा तल्लो तटीय क्षेत्रमा न्यूनतम ८० मीटर ।

**यो सूचनालाई बेवास्ता गरी उक्त वहाव क्षेत्र एवं मापदण्ड विपरीत कुनै प्रकारको कार्य गरे गराइएको पाइएमा कानुनबमोजिम कार्वाही भैजाने व्यहोरासमेत अवगत गराइन्छ ।**


## मधेश अपडेट

### “लोकतन्त्रलाई बलियो पार्नु आजको आवश्यकता”

वीरगन्ज । संघीयताको मूल मर्म हरेक धर्म, जातजाती, भाषा, रीती रीवाज र संस्कृतिको पहिचानलाई संस्थागत गर्नु नै रहेको प्रदेश नं. २ का प्रदेश प्रमुख रत्नेश्वरलाल कायस्थले बताएका छन् । वीरगन्जमा आयोजित सनातन धर्म सम्मेलन कार्यक्रममा प्रमुख अतिथिको आसनबाट बोल्दै प्रमुख कायस्थले राज्यबाट प्राप्त हरेक अवसरलाई सही र समुचित तरिकाले उपयोग गर्नु तथा लोकतन्त्रलाई बलियो पार्नु नै आजको आवश्यकता रहेको बताएका छन् । उनले आगामी दिनहरूमा समाजमा भईरहेको विभिन्न खाले जातिय तथा धार्मिक विभेदलाई अन्त्य गर्दै समाजमा सबैको सम्मानपुर्वक बाँच्न पाउने अधिकार र सामाजिक वातावरण निर्माण गर्नु जरूरी रहेको पनि बताएका छन् । कार्यक्रममा १४५ औ शंकराचार्यका रूपमा रहेका जगतगुरू स्वामी निश्चलानन्द सरस्वती जी महाराजले यस संसारको उत्पति सनातन धर्मबाट भएको बताएका छन् । साथै उनले नेपाल हिन्दुहरूको बहुसंख्यक देश भएपनि संविधानबाट हिन्दु राष्ट्र शब्द हटाईएकोमा चिन्ता समेत व्यक्त गरे । कार्यक्रममा पुर्व प्रधानन्यायधिश दामोदर प्रसाद शर्मा, वीरगन्ज महानगरपालिकाका उपमेयर सहितको समेत उपस्थिति रहेको थियो ।

### संविधान संशोधनको विकल्प छैन : यादव

कैलाली । संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले संविधान संशोधन गरेर प्रदेश सरकारलाई अधिकार सम्पन्न बनाउनुपर्ने बताएका छन् । कैलालीको धनगढीमा भएको पत्रकार सम्मेलनमा यादवले प्रदेश सरकारको मातहतमा स्थानीय निकाय र सुरक्षा निकाय नभएको भन्दै प्रदेश सरकारलाई बलियो बनाउन र संघीयता कार्यान्वयन गर्न धेरै सुधारको आवश्यकता रहेको बताए । अध्यक्ष यादवले भने ‘यसका लागि संविधान संसोधनको विकल्प छैन ।’ जबसम्म कृषि, शिक्षा पर्यटन र उद्योगको गुणस्तरीय विकास हुँदैन तवसम्म मुलुक समृद्धिको दिशामा जान नसक्ने उनको भनाई छ । भारतीय प्रधानमन्त्री मोदी भ्रमणको समयमा प्रदेश दुईमा भएको विवादलाई कसरी लिनु भएको छ भन्ने सञ्चारकर्मीको जिज्ञासामा उनले यसमा गल्ती केन्द्र सरकारको भएको तर प्रदेश सरकारको काँधमा थुपारिएको आरोप लगाए । यादवले सरकारले ल्याएको नीति तथा कार्यक्रममा सहयोगी दलको परामर्श बिनै ल्याएको आरोप पनि लगाए । नीति तथा कार्यक्रम महत्वकांक्षी भएको उनको भनाई छ ।

### जेठ १३ बाट प्रदेश २ को वर्षे अधिवेशन

जनकपुरधाम । प्रदेश २ को वर्षे अधिवेशन जेठ १३ गतेबाट हुने भएको छ । प्रदेश प्रमुख रत्नेश्वरलाल कायस्थले प्रदेशसभाको वर्षे अधिवेशन आह्वान गरेका हुन् । प्रदेश सरकारको सिफारिसमा प्रदेश प्रमुख कायस्थले जेठ १३ गतेबाट अधिवेशन सुरू गर्न प्रदेशसभा सचिवालयलाई निर्देश गरेका हुन् । यसअघि प्रदेशसभाको २५ औं बैठकबाट जेठ ४ गते राति १२ बजेदेखि लागू हुनेगरी पहिलो अधिवेशन अन्त्य गरिएको थियो । बर्षे अधिवेशनको प्रथम बैठक जेठ १३ गते आइतबार दिउँसो एक बजे बस्नेछ । यो अधिवेशनले प्रथम अधिवेशन सत्रमा टेबुल भएका विधेयकमाथिको छलफललाई निरन्तरता दिनेछ । प्रदेश सरकारले पेश गरेका विभिन्न आठवटा विधेयकमध्ये मात्र दुईवटा विधेयक मात्र पारित भएका छन् ।

### समृद्धिको अभियानलाई हामी नेतृत्व गर्छौं : मुख्यमन्त्री

महोत्तरी । प्रदेश २ का मुख्यमन्त्री मो. लालबाबु राउत गद्दीले मुलुककै विकास र समृद्धिको अभियानलाई आफूहरूको कामले नेतृत्व गर्ने दाबी गरेका छन् । उनले विकास र सुशासनका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताए । महोत्तरीको बर्दिवासमा आयोजित प्रदेश २ को विकास संरचनाबारे दुईदिने नीतिगत बहस कार्यक्रमको उद्घाटनसत्रलाई सम्बोधन गर्दै उनले सो कुरा बताएका हुन् । राउतले प्रदेश प्रदेश प्रशस्त पर्यटकीय सम्भावनाका क्षेत्र र उर्वर कृषि भूमिका लागि प्रसिद्ध रहेको बताउँदै यी सबै सम्भावनाका क्षेत्रलाई दृष्टिगत गरी योजना बनाउने धारणा राखे । विकास र सुशासनको बाधक भ्रष्टाचार भएको बताउँदै यसविरूद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिने स्पष्ट पारे ।

### बजेटमा विभेद गरिए संसद अवरूद्ध गर्ने चेतावनी

वीरगन्ज । आगामी बजेटमा मधेशसँग संघीय सरकारले विभेद गरे संघीय संसद अवरूद्ध गर्ने सांसद प्रदीप यादवले चेतावनी दिएका छन् । उनले प्रदेश नम्बर २ मा मधेशी दलबाट चुनाव जितेका सबै सांसदहरूको संसदीय विकास कोषको बजेट कटौती गर्ने ओली सरकारले षड्यन्त्र गरिरेहको बताउँदै वर्तमान कम्युनिष्ट सरकार संघीयता विरोधी भएको आरोप लगाए । उनले ओली सरकारको कुनैपनि मधेश विरोधी रवैयालाई आफूहरूले बर्दास्त नगर्ने बताए । पर्सागढी नगरपालिका वडा नम्बर ५ बहुअर्वा टोलमा निर्माण हुने कृषि बजार शेडको शिलान्यास कार्यक्रमलाई सम्बोधन गर्दै सांसद यादवले मधेशी दलहरूबाट विजयी ३३ सांसदहरूको क्षेत्रीय विकास बजेटलाई बाईपास गर्न संसदीय विकास कोषको बजेटलाई कटौती गर्ने षड्यन्त्रमा ओली सरकार लागिपरेको उनको भनाइ रहेको थियो । नेता यादवले वाम गठबन्धनबाट विजयी भएका सांसदहरूको क्षेत्रमा रेडबुक मार्फत १० देखि २० करोड विकास बजेट छुटयाउने तर मधेशी दल विजयी भएका सांसदहरूको क्षेत्रमा बजेट नदिने षड्यन्त्र ओली सरकारले गरिरहेको आरोप समेत लगाए । उनले विगतमा मधेशको हकअधिकारका लागि आन्दोलन गरेकोमा अब विकासका लागि पनि आन्दोलन गर्न आफूहरू पछि नपर्ने कुरामा जोड दिए ।

### गौतमबुद्ध विमानस्थलको अनुगमन

चन्द्रकान्त खनाल, रूपन्देही । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री रविन्द्र अधिकारीले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको अनुगमन गरेका छन् । अनुगमनपछि पत्रकारहरूसँग कुरा गर्दै मन्त्री अधिकारीले आगामी वर्ष विमानस्थल सञ्चालनमा आउने गरी काम अगाडि बढाउन निर्देशन दिइसकेको र १५-१५ दिनमा विमानस्थल निर्माणको अनुगमन गरिरहेको बताए । उनले निजी क्षेत्रलाई विमानस्थल सञ्चालन गर्न नदिए प्रतिस्पर्धी बनाउन नसकिने समेत बताए । मन्त्री अधिकारीले काठमाडौंको विकल्पका रूपमा गौतमबुद्ध विमानस्थल रहने बताए । उनले अहिले विमानस्थलको काम सन्तोषजनक रूपमा अगाडि बढेको समेत बताए । मन्त्री अधिकारीले ‘हवाई रूटको बारेमा छलफल भइरहेको बताउँदै विमानस्थलको निर्माण कार्य सम्पन्न हुनु अगावै रूटको कुरा टुंगिन्छ सुरूमा पुरानो टर्मिनलबाट काम सुरू गर्ने बताए । विमानस्थल निर्माण आयोजना प्रमुख ओम शर्माले विमानस्थलको हालसम्म ४० प्रतिशत भौतिक प्रगति भएको मन्त्री अधिकारीलई जानकारी गराए । उनले रन-वेको सव वेसको काम सकिएर बेस लेयरको काम भइरहेको बताउदै वर्षादपछि रन-वेको पिचको काम सुरू हुने बताए ।

### एक हजार विद्यार्थी बराबर एउटा शौचालय

महोत्तरी । महोत्तरीको लोहारपट्टी नगरपालिकाअन्तर्गत पर्ने रामवती जगदेव जनता माध्यमिक विद्यालय बगडामा एक हजार जनाका लागि एउटामात्रै शौचालय रहेको छ । लोहारपट्टी नगरपालिका- १ बगडामा सो विद्यालयमा कक्षा १ देखि १२ सम्ममा कूल ९९८ विद्यार्थी, १७ शिक्षक र दुई परिचर रहेका छन् । मा ती सबैका लागि त्यस विद्यालयमा एउटामात्रै शौचालय रहेको छ । विगत दुई दशकदेखि सो विद्यालयमा एउटामात्रै शौचालय रहेको छ । एउटै शौचालय भएका कारण विद्यार्थी र शिक्षकले पालो कुर्नु परिरहेको प्रधानाध्यापक श्यामसुन्दर यादवले बताए । शौचालयका लागि पटक पटक जिल्ला शिक्षा कार्यालयलाई लिखित अनुरोध गर्दैआएको उनको भनाइ छ । ढोका फुटेको, चुक्कुल नभएको र पर्खाल जीर्ण भइसकेको सो शौचालयमा छात्रा महिनावारी भएका बेला तथा सामान्यरूपमा दिसापिसाब गर्न जाँदा समस्या हुने गरेको कक्षा १० की छात्रा विभाकुमारी यादव बताउँछिन् । यहाँ खानेपानीको समेत अभाव छ । विद्यालयमा बगडा, महदैया, मधेपुरा, अन्हारवन, सुखैनिया, पररिया, तपनपुर, जगतियालगायत ठाउँका विद्यार्थी पढ्न आउने गरेका छन् ।

### रामसागर क्षेत्रको संरक्षण आवश्यक : मुख्यमन्त्री

कपिलवस्तु । प्रदेश ५ का मुख्यमन्त्री शंकर पोखेलले विविधता कायम गर्न रामसागर क्षेत्रको संरक्षण गर्न आग्रह गरेका छन् । विश्व सीमसार क्षेत्र जगदीशपुर तालमा आयोजना गरिएको २५औं अन्तर्राष्ट्रिय जैविक विविधता दिवसमा सो कुरा बताएका छन् । उनले जैविक विविधतासँगै सांस्कृतिक रूपमा समेत नेपाल अग्रणी स्थानमा रहेकाले यसको प्रवर्द्धन गर्न सरकार गम्भीर रहेको जिकिर गरे । जगदीशपुर ताल क्षेत्रमा जैविक विविधतापूर्ण पार्क निर्माण, ताल वरिपरि फरक प्रजातिका विरूवारोपन गरिने लगायतका योजना प्रदेश सरकारले ल्याउने मुख्यमन्त्रीले जनाए ।

राष्ट्रिय साप्ताहिक मधेशवाणी



# मधेशमाथि विभेदको निरन्तरता



रानी कुमारी शर्मा

इतिहासका पन्नाहरू पल्टाएर हेर्ने हो भने राज्यका सीमाहरू परिवर्तन भइरहेको पाइन्छ । पछिल्लो सताब्दीमा सीमाहरू अपेक्षाकृत स्थीर हुँदै गएका छन् । यद्यपी विश्वका केही भागमा अझै पनि सिमाहरू हेरफेर भईरहेका छन्, जसको पछिल्लो उदाहरण २०१५ मा उक्रेनको सिमामा रहेको क्रिमिया रूसमा गाभिएको घटना हो । बहुसंख्यक रूसी समुदायका जनताको बसोबास रहेको क्रिमिया युक्रेनको अधिनमा रहँदा क्रिमियालाई विभेद गरिएको समाचार, रिपोर्टहरू बाहिर आउने गरेका थिए । यसै विभेदका कारण क्रिमियालाई रूसमा मिलाउन सजिलो भएको हो । एउटा समुदायको शासक वा देशले अर्को समुदायको जनता बसोवास गर्ने भुमी आफ्नो राज्यको सिमामा समावेश गरेपछी, त्यस क्षेत्रमा बसोबास गर्ने समुदायमाथी राज्यले अत्याचार गर्ने, तिनका भाषा संस्कृतिमाथी अतिक्रमण गर्ने, तिनका श्रोतसाधनको दोहन गर्ने गरेको ईतिहासमा प्रसस्त उदाहरणहरू भेटिन्छन । अंग्रेजहरूले विश्वभरी उपनिवेश विस्तार गर्दा ती स्थानहरूमा गरेको श्रोतको दोहन, अंग्रेजी भाषा, संस्कृतिको विस्तार जग जाहेर नै छ । त्यस भन्दा अगाडि अरब क्षेत्रबाट मुगलहरूले भारतवर्षमा प्रवेश गरेपछी त्यस क्षेत्रका सनातन हिन्दु धर्मावलम्बीहरूको धर्म संस्कृतिमाथी हमला मात्र गरेनन्, भारतवर्षमा मुस्लिम धर्म संस्कृतिलाई बलपूर्वक लाद्ने काम पनि भयो । देवनागरी लिपीको प्रयोगलाई निरूत्साहित गर्दै अरबी लिपीको विस्तार गरियो । कतिपय हिन्दु नाम भएका शहर, गाउँहरूको नाम समेत परिवर्तन गरी मुस्लिम/अरबी नाम राखियो ।अमेरिकामा युरोपका गोराहरू पुगेर कब्जा गर्न थालेपछी त्यहाँका आदीवासी रेड इन्डियनहरूको भाषा संस्कृति मात्र लोप भएन, रेड ईन्डियनहरू नै समाप्त हुने अवस्थामा पुगे । अमेरिकामा रेड ईन्डियनहरू, र कालाहरू माथी दमन र विभेद गरेको संयुक्त राज्य अमेरिकाले पछिल्लो पचास वर्षमा अमेरिकालाई विश्वभरीका मानिसहरूको राज्यको रूपमा विकास गर्न थाल्यो र दुनियाभरबाट आएका मानिसहरूलाई सम्मानका साथ बस्न सक्ने अवस्था सृजना गर्न तर्फ लागेको छ । भारतवर्षमा हिन्दुहरूको दमनबाट शुरू भएको मुगल शासनले पछि आएर हिन्दुहरूप्रति उदार व्यवहार गर्न थाल्यो, फलस्वरूप मुगल शासन लामो समय टिक्न सक्यो । भारतिय लगायतका उपनिवेशहरूमाथीको विभेदलाई निरन्तरता दिइराखेकै कारण अँग्रेजहरूको उपनिवेश दुनिया भरबाट समाप्त भयो ।

३०० वर्ष पहिले अहिलेको नेपाल भित्र र वरपरको क्षेत्रमा धेरै साना तिना राज्यहरू थिए, जसको सिमा परिवर्तन भईरहन्थ्यो । पृथ्वी नारायण शाहले आफ्नो राज्य विस्तार थाल्नु अघी अहिलेको नेपालको पाहाडी क्षेत्रमा रहेको बाईसी चौबीसी राज्यहरूमा पाहाडे जनजातीहरूको राज्य थियो भने मधेश र भित्री मधेशमा सेन वंश लगायतका मधेशी समुदायको राज्य थियो । पाहाडी क्षेत्रका केही राज्यहरूका बारेमा इतिहासमा सामान्य जानकारी दिईए पनि मधेशको राज्यका बारेमा र ति राज्य नेपालमा कसरी गाभियो भन्ने विषयमा मतैक्यता देखिँदैन । कतिपय इतिहासकारले पृथ्वीनारायण शाह र तिनका वंशले मधेशका राज्यमाथी आक्रमण गरेर नेपालमा मिलाएको बताएका छन भने कतिपयले विभिन्न समयमा अंग्रेजलाई सहयोग गरेवापत मधेशको भुमी उपहारस्वरूप प्राप्त भएको भन्ने गरेका छन् । तर मधेशको भुमी नेपालमा समावेश भएदेखि मधेश र मधेशीमाथी शासकहरूले विभेद शुरू गरेको र अहिले सम्म जारी रहेको कुरामा मतभेद विरलै भेटिन्छ । पृथ्वी नारायण शाह भन्दा अगाडिका सेन वंशी राजाहरूले सरकारी कामकाजको भाषाको

> इतिहासले के सिकाउँछ भने विभेदले विद्रोह निम्त्याउँछ, विद्रोहले विखण्डन । नेपालमा पनि मधेश विखण्डनको नारा लिएर केही समूहहरू अगाडि आइरहेको अवस्थामा अझै पनि विभेदलाई जारी राख्दा देश गम्भिर संकटमा फस्न सक्छ ।

रूपमा हिन्दी, र भोजपुरी प्रयोग गरेको भेटिन्छ । पृथ्वीनारायण शाहको पनि शुरूवाती समयमा मधेशका राज्यहरूलाई पठाएको पत्रहरू हिन्दी/भोजपुरीमा पठाएको भेटिएको छ । पृथ्वीनारायण शाहले नेपाल उपत्यका कब्जा गर्दा उपत्यकाका दरबारहरूमा राजभाषाका रूपमा मैथिली र जनभाषाको रूपमा नेपाल भाषा प्रचलनमा रहेको थियो । पृथ्वीनारायण शाह र तिनका वंशजले पाहाडका जनजातीहरू र मधेशको भाषा संस्कृतिमाथी आक्रमण शुरू गरे । त्यसको उदाहरणको रूपमा नेपाल उपत्यकामा प्रचलित मैथिली र नेपाल भाषालाई विस्थापित गरी खस भाषालाई प्रचलनमा ल्याउनु हो । त्यती मात्र होईन तात्कालिन नेपाल उपत्यकाका रैथाने र मधेशी बिच रहेको साँस्कृतिक सम्बन्धलाई तोड्न र जनजाती मधेशीका बिच दुरी कायम गर्न मधेशीले नेपाल उपत्यका जान प्रवेशाज्ञा लिनुपर्ने नियम लगाईएको थियो जुन २००७ साल पछि मात्र समाप्त भएको हो । पाहाडका जनजाती र अन्य जनतामा समेत मधेशी नेपाली होईनन भन्ने किसिमको भ्रम छरियो । विश्वमै नेपालीलाई गोर्खाली समुदाय अर्थात खसआर्य र पाहाडी जनजातीको पर्यायवाचीको रूपमा परिभाषित गरियो । हुन त जनजातीलाई भ्रममा पारिएको हो । पुवी नेपाल कब्जा गर्दा खुम्बु र लिम्बु समुदयामाथी शासकहरूले गरेको बर्बतापुर्ण निर्मम व्यवहारका कतिपय उल्लेखहरू ईतिहासको पन्नामा भेटिन्छन् । अरूण पुर्वको क्षेत्रमा विजय अभियान अगाडि बढाईदा त्यहाँका असंख्य जनजाती पुरूषलाई जिउँदै नदीमा बगाइएको र महिलाहरूको अस्मिता लुटिएको समेत कतिपय ईतिहासकारहरूले बताउने गरेका छन् । किर्तीपुर कब्जा गरेपछी सम्पूर्ण किर्तीपुरवासीको नाक कान काटेको विषय अझैपनि काठमाण्डुका बुढापाकाहरू बताउने गर्छन ।

मधेशको कुरा गर्दा मधेशको बनजङ्गलको दोहन, र कृषियोग्य भुमीबाट कर असुल गर्नबाट शुरू भएको शोषण मधेशको भाषा संस्कृतिको उपेक्षामा मात्र सिमित रहेन । मधेशको मातृभाषाहरू ( मैथिली, भोजपुरी, बज्जिका, अवधी, कोच, संथाली, थारू, किसान, दनुवार) को भाषा साहित्य, र संस्कृतिलाई लोप हुने अवस्थामा पुर्याइएको मात्र होईन, मधेशको भाषाहरूलाई जोड्ने माध्यमभाषा (lingua franca)हिन्दी जुन २०१७ साल सम्म पनि नेपालमा पढाइन्थ्यो, त्यसलाई विदेशी भाषा भनियो । राज्यले हिन्दी नेपालको भाषा होईन भन्ने भ्रम छर्न सफल पनि भयो, नयाँ पुस्ताका केही मधेशी युवाहरूलाई कमसे कम अलमलमा पार्न त सफल भएकै छ । मधेशमाथी वर्चस्व कायम राख्न मधेशका जङ्गल फडानी गरी गैर मधेशीलाई आप्रवासन गराई मधेशीलाई अल्पमतमा पार्ने काम अहिले पनि भईरहेका छन् । भौतिक पुर्वाधार विकास गर्न सुगम मधेशमा भौतिक पुर्वाधार विकास त गरिएन नै, मानविय विकासको क्षेत्रमा पनि मधेशका जिल्लाहरूको स्थीति दुर्गम जिल्लाहरू भन्दा पनि दयनिय नै छ । मधेशको आन्दोलबाट देशमा स्थापित संघियतामा पनि मधेशका जिल्लाहरूलाई ६ वटा प्रदेशमा विभाजन गरियो । मधेशका ८ वटा जिल्ला समावेश गरेर बनेको प्रदेश नं. २ लाई पनि केन्द्रले विभेद गर्न थालेको देखिएको छ । जनसंख्याको आधारमा प्रदेशहरूले केन्द्र सरकारबाट पाउनुपर्ने अनुदान सबै प्रदेशलाई बराबर वितरण गरिएको छ । १६ लाख जनसंख्या भएको प्रदेश र ५४ लाख जनसंख्या रहेको प्रदेशलाई बराबर अनुदान दिनु कदापी न्यायोचित होईन । प्रदेश नं. २ का मुख्य मन्त्रीले भारतिय प्रधानमन्त्री नरेन्द्र मोदीको जनकपुर भ्रमणको क्रममा नागरिक अभिनन्दन कार्यक्रममा दिएको अभिव्यक्तीलाई विवादको विषय केन्द्र सरकारले बनाउनु पनि विभेदकै श्रृंखला हो । नेपाली काँग्रेस भारतमै जन्मियो, यसको पहिलो अधिवेशन समेत भारतमा भयो । राजा त्रिभुवन राणाहरूबाट मुक्ती पाउन भारतकै सहयोगमा दिल्ली पुगे, दिल्लीमा भारतकै मध्यस्थतामा राणा, राजा र भारतमा जन्मे हुर्केको काँग्रेस बिच समझदारी भयो । नेपाल कम्युनिष्ट पाटीको जन्म पनि भारतको कोलकातामा सन १९४९को सेप्टेम्बर १५ मा भयो । माओवादीहरूले १२ वर्षे जनयुद्ध भारतमै बसेर लडे, भारतकै दिल्लीमा भारतियहरूको मध्यस्थतामा शान्ती सम्झौताभयो । यी सबका बावजुद उनीहरू राष्ट्रवादी हुन् । तर आफ्नै भुमीमा गठन भएका मधेशवादी पार्टीहरू आप्नै भुमीमा बसेर आन्दोलन गर्दा भारत परस्त हुन्छन् । हरेक आन्दोलनमा दिल्ली पुगेर सम्झौता गर्ने स्वघोषित राष्ट्रवादीशासकरूले नेपालकै भुमीमा लाखौं नेपाली जनतासामु मधेशमाथी विभेद भईरहेको र संविधान विभेदकारी भएको अभिव्यक्त दिँदा प्रदेश नं. २ का मुख्य मन्त्री लालबावु राउत भारत परस्त भएको र उनलाई गैरसंवैधानिक बाटोबाट भएपनि पदमुक्त गर्नुपर्ने दवाब सिर्जना गरिरहेका छन् । मधेश र मधेशीमाथी यो भन्दा ठुलो विभेद के हुन सक्छ । मुख्यमन्त्री लालबावु राउतलाई कारबाही गर्न अगाडि शासकहरूले नेपाली काँग्रेस, कम्युनियट पाटी (एमाले माओवादी समेत) का नेताहरूलाई राष्ट्रद्रोही घोषणा गर्नु पर्छ । अन्यथा मधेशको र मधेशी समुदायको भएकै कारण लालबावु राउतलाई कारबाही गर्न खोजे मधेश गलत दिशामा जान सक्छ ।

इतिहासले के सिकाउँछ भने विभेदले विद्रोह निम्त्याउँछ, विद्रोहले विखण्डन । नेपालमा पनि मधेश विखण्डनको नारा लिएर केही समूहहरू अगाडि आइरहेको अवस्थामा अझै पनि विभेदलाई जारी राख्दा देश गम्भिर संकटमा फस्न सक्छ । मधेशी र मधेशवादी दलहरू राष्ट्रिय अखण्डता प्रति प्रतिवद्ध छन् । आफुलाई राष्ट्रवादी भन्ने दलहरू अब अगाडि बढेर सम्पूर्ण प्रकारका विभेदहरूको अन्त्य गर्दै राष्ट्रिय अखण्डताको पक्षमा इमान्दार हुन जरूरी छ ।

*(लेखक, प्रदेश २ का प्रदेश सदस्य तथा राजपा नेपालका वरिष्ठ उपाध्यक्ष हुन् ।)*

# सिम्रौनगढ सम्मेलन सम्पन्न : संग्रहालय निर्माणको मास्टर प्लान प्रस्तुत

सिम्रौनगढ । मधेशको एतिहासिक एवं पुरातात्वि स्थल सिम्रौनगढमा आयोजित दुईदिने अन्तर्राष्ट्रिय सम्मेलनमा विभिन्न योजना प्रस्तुत गरिएको छ ।

सिम्रौनगढ संग्राहलय गुरूयोजना, ग्रामिण पर्यटन विकास तथा सिम्रौनगढसहित मधेशका एतिहासिक एवं पुरातात्विक स्थलहरूको संरक्षणका विषयमा प्रस्तुतीहरू गरिएको छ । ‘सिम्रौनगढ अन्तर्राष्ट्रिय सम्मेलन २०१८’ जेठ चार र पाँच गतेसम्म चलेको थियो ।

सम्मेलनमा सिम्रौनगढ बारे भारतसहित अन्य देशका जानकारहरूले आ-आफ्नो धारणा राखेका थिए । सम्मेलनमा सहभागीहरूलाई सिम्रौनगढका विभिन्न पुरातात्विक समाग्रीहरूको अबलोकन गराइएको थियो । मुर्तिहरू सुरक्षित राखिएको अजयबघर, रानीबास मन्दिर, कंकाली मन्दिर, इसरा पोखरी, झरोखर पोखरी, पलकिया माई, कोतवालीलगायतको स्थलको भ्रमण गराइएको थियो।

वरिष्ठ पत्रकार चन्द्रकिशोर झाले ग्रामिण पर्यटन विकासको योजना अगाडि बढाउनु पर्ने बताएका थिए भने पुरातत्व विभागकी मन्दाकिनि श्रेष्ठले सिम्रौनगढलाई समाप्त पार्न षड्यन्त्र भएको बताएकी थिइन् । कार्यक्रममा विभिन्न शोधपत्रहरू पनि प्रस्तुत गरिएको थियो।

कार्यक्रममा सिम्रौनगढमा संग्राहलय निर्माणका लागि गुरू योजनासमेत प्रस्तुत गरिएको थियो । मधेश सम्बन्धी लेखक एवं मधेश मानव अधिकारका अध्यक्ष राममनोहर साहले उक्त गुरूयोजना तयार पारेका थिए भने प्रस्तुत विजय चन्द्रले गरेका थिए ।

कार्यक्रममा सहभागीहरूले सिम्रौनगढसहित मधेशका पुरातात्विक एवं एतिहासिक धरोहरहरूको संरक्षण तथा पर्यटन विकासमा जोड दिएका थिए । कार्यक्रमको आयोजना सिम्रौनगढ नगरपालिका र तराई मधेश राष्ट्रिय परिषदले गरेको थियो। कार्यक्रममा सहयोग मधुरलगायतको संस्थाको रहेको थियो ।

## संशोधन गर्न राजपाको प्रस्ताव

काठमाडौं । राष्ट्रिय जनता पार्टीले सरकारको नीति तथा कार्यक्रममा संशोधन प्रस्ताव दर्ता गराएको छ । पार्टीको अध्यक्ष मण्डलको बैठक लगत्तै राजपाले संसद सचिवालय पुगी नीति तथा कार्यक्रममा संशोधन दर्ता गराएको हो । बैठकले सरकारको नीति तथा कार्यक्रममा संविधान संशोधनको मुलभूत मुद्दा सम्बोधन नभएको भन्दै संशोधन दर्ता गराउने निर्णय गरेको थियो । त्यसैगरी विभिन्न समयका आन्दोलनमा शहीद भएकाको आश्रित परिवारलाई सरकारले भरणपोषणको व्यवस्था गरिने छ भन्ने विषय नीति तथा कार्यक्रममा उल्लेख गरिनुपर्ने तर्क पनि उसले गरेको छ । बैठकमा पार्टीको विधान, घोषणापत्र र नियमावलीको मस्यौदा पनि पेश भएको छ। सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा सहभागी हुनुपर्ने भन्दै बैठक १४ गते सम्मका लागि स्थगित गरिएको छ ।


“स्वास्थ्य, प्रतिष्ठा र विकासका लागि सरसफाइ”

- पूर्ण सरसफाइ अभियानलाई सफल बनाउनका लागि आ-आफ्नो टोल, गाउँ, नगरलाई खुला दिशामुक्त बनाऔं !
- घरघरमा चर्पी बनाऔं र चर्पीको नियमित प्रयोग गरौं, गराऔं !
- दिशा धोएपछि, फोहर चिज छोएपछि, खाना खानु र खुवाउनु भन्दा अगाडि र पछाडि अनिवार्य रूपले साबुन पानीले हात धुने बानी बसालौं !
- ताजा, सफा र पकाएका सुरक्षित खानेकुरा खाऔं, सफा र सुरक्षित पानी पिऔं !
- घर आँगन र टोल छिमेकको वातावरण सफा बनाउन हामी सबै आ-आफ्नो क्षेत्रबाट जुटौं !
- सरसफाइको सामाजिक अभियानमा सहभागी होऔं ! अरूलाई पनि सरसफाइतर्फ प्रेरित गरौं !

नेपाल सरकार
खानेपानी तथा सरसफाइ मन्त्रालय
खानेपानी तथा ढल निकास विभाग
वातावरणीय सरसफाइ शाखा
राष्ट्रिय सरसफाइ तथा स्वच्छता समन्वय समितिको सचिवालय
पानीपोखरी, काठमाडौं ।
फोन नं. : ४४१३६७०, ४००६६६७


## संक्षिप्त समाचार

### सडक र ऊर्जा उच्च प्राथमिकता : मन्त्री सोनल

महोत्तरी । प्रदेश २ का भौतिक पूर्वाधारमन्त्री जितेन्द्र सोनलले पाँच वर्षभित्र गाउँदेखि शहरसम्म सडक र ऊर्जालाई उच्च प्राथमिकतामा राखेर विकास गर्ने बताएका छन् । मन्त्रालयको आयोजनामा होटेल पावन मिथिलामा भौतिक पूर्वाधार सम्बन्धि नीति गोष्ठी कार्यक्रममा मन्त्री सोनल अध्यक्षतामा भएको कार्यक्रममा उनले सो कुरा बताएका हुन् । ‘प्रदेश २ को विकास हुन्छ तब मात्र देशको विकास हुन्छ’, मन्त्री सोनलले बताए ।

### सुमनद्वारा जीर्ण विद्यालयको अनुगमन

राजविराज । सप्तरीका प्रदेश सांसद मनिष कुमार सुमनले जीर्ण अवस्थामा रहेको विद्यालयको स्थलगत अनुगमन गरेका छन् । आइतबार विद्यालयको पहलमा राजपाका महासचिव समेत रहेका सुमनले विद्यालयको जीर्ण भवनको अनुगमन गर्दै नयाँ भवन निर्माणका लागि प्रदेश सरकारसँग आवश्यक पहल गर्ने बताए । उनले भने, ‘असारभित्रै केन्द्र सरकार, प्रदेश सरकार र स्थानीय सरकारसँग जीर्ण विद्यालयको भौतिक पूर्वाधार निर्माणका लागि समन्वय गरी बजेट ल्याउने प्रतिबद्धता जनाएका छन्। सो अवसरमा सांसद सुमनलाई विद्यालयका प्रअ फुलेश्वर मण्डल, विद्यालय व्यवस्था समितिका अध्यक्ष धिरू बर्मा, शिक्षक महासँघका निलम कर्ण लगायत विद्यालयका शिक्षक शिक्षिकाहरूले फुलमाला लगाएर स्वागत तथा सम्मान गरेका छन् ।

### आँधिखोला लघु वित्तीयको शाखा छपियामा

कपिलवस्तु । दश जिल्ला कार्यक्षेत्र रहने गरी नेपाल राष्ट्र वैंक ईजाजतप्राप्त लिई २०७३ फाल्गुण १ गते वाट वित्तीय कारोबार शुरू गरेको स्याङ्गजाको भिरकोट न.पा.-१ बयरघारी, स्याङजामा केन्द्रिय कार्यालय रहेको आँधिखोला लघुवित्त वित्तीय संस्थाले रूपन्देही जिल्लाको सियारीगा.पा.-५ छपियामा शाखा कार्यालय स्थापना गरेको छ । प्रदेश नं ५ का भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री आरती पौडलले एक कार्यकमका बीच संस्थाको उद्घाटन गरिन् । मन्त्री पौडेलले ग्रामिण क्षेत्रमा लघुवित संस्थाले गर्दा कषि तथा स्थानीय व्यवसाय गर्नको लागी महिलाहरूलाई निकै फाईदा पुगेको बताइन् । ग्रामिण जनताको कृषि र व्यपारमा लगानी गरि स्थानीय स्तरमा रोजगार सिर्जना गर्नुले समादायको परिपर्तनमा उल्लेखनीय भसमीका निर्वाह गरेको उनले बताइन् ।

### रोकियो सडक विस्तार

बुटवल । बुटवलको राजमार्ग चौराहादेखि चिडियाखोलाको सडक विस्तार रोकिएको छ । ८२ फुटभित्र बनेका घर भत्काउन डोजर चलिरहँदा तुलसीपुर उच्च अदालत बुटवल इजलासले ७५ फुटमा रहेर मात्रै काम गर्न आदेश दिएपछि विस्तारको काम करिब रोकिएको हो । अदालको आदेश अनुसार ७५ फुटभित्रै आनेपानी विस्तारको काम मात्रै निर्माण गर्रिंदै छ । व्यवसायीले घर नभत्काउन भन्दै विरोध गरिरहँदा उच्च अदालत बुटवल इजालासले फैसला गर्दै प्रक्रिया पुऱ्याई घर नभत्काउन र भत्काए ७५ फुटबाहेकका घरमा मुआब्जा व्यवस्था गरेर मात्र सडक विस्तारको काम थाल्न आदेश दिएको थियो ।

### छात्रद्वारा आत्महत्या

जनकपुरधाम । भानु चोकस्थित मिथिला मन्टेश्वरी बोर्डिङका एक छात्रले आइतबार आत्महत्या गरेका छन् । जनकपुर उपमहानगरपालिका-१५ का १५ वर्षीय धीरेन्द्र साहले आत्महत्या गरेका हुन् । विद्यालयको होस्टलमा बस्दै आएका छात्र साह झन्डिएको अवस्थामा फेला परेको धनुषा प्रहरीले जनाएको छ । उनको आत्महत्यापछि आइतबार शोकमा जनकपुरका निजी विद्यालयमा पठनपाठन ठप्प रह्यो ।

### कांग्रेसको संसदीय दलमा रावल

धनगढी । प्रदेश ७ को प्रदेशसभामा प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले रणबहादुर रावललाई संसदीय दलको नेतामा चयन गरेको छ । कांग्रेसका प्रदेशसभा सदस्यको बैठकले रावललाई सर्वसम्मत रूपमा दलको नेता चयन गरेको हो । नेता रावल कैलाली क्षेत्र नम्बर १ (ख) बाट निर्वाचित प्रदेशसभा सदस्य हुन् । संसदीय दलको नेता चयनका कांग्रेस केन्द्रीय कार्यालयले सबै प्रदेशमा केन्द्रिय प्रतिनिधि खटाएको थियो । प्रदेश ७ का लागि प्रतिनिधि रहेका केन्द्रीय सदस्य एनपी सावदको उपस्थिथिमा बैठक बसेको थियो ।

### नगर शिक्षा अधिकारी पौडेललाई सम्मान

नेपालगञ्ज । एकीकृत अखिल नेपाल शिक्षक संगठन जिल्ला समन्यय समिति बाँकेको तेस्रो बैठक राप्ती सोनारी गाउँपालिकाको शम्शेरगञ्जमा सम्पन्न भएको छ । कर्ण बहादुर मल्लको अध्यक्षतामा सम्पन्न बैठकको प्रमुख अथितिमा एकीकृत अखिल नेपाल शिक्षक संगठनका केन्द्रीय सदस्य तथा नेपालगञ्ज उपमहानगरपालिका नगर शिक्षा अधिकारी ईश्वर पौडेललाई सम्मान गरिएको थियो । कार्यक्रममा टिकाराम आचार्य, सेतीराम गोसाइ, निमकान्त दाहाल लगायतले मन्तव्य राखेका थिए । कार्यक्रमको संचालन जिल्ला समन्वय समिति सचिव दिलिप ओलिले गरेका थिए । शिक्षाक्षेत्रको गुणस्तर बृद्धि गर्दै सिकाइ अभिबृद्धिका लागि शिक्षक नेताहरूले जोड दिएका थिए ।

### चाँदीका सामानसहित दुई जना पक्राउ

मोरङ । चाँदीका सामानसहित प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । जहदा गाँउपालिका-४ बस्ने २४ बर्षीय चन्दन शाह र कटहरी गाउँपालिका-४ बस्ने २३ वर्षीय पिन्टु साहलाई पक्राउ गरेको हो । उनीहरूले लुकाई-छिपाई ल्याएको चाँदीको औंठी २३ थान, चाँदीको पाउजु ३ जोर, चाँदीको रिङ २ वटा, चाँदीको साना टुक्रा समेत गरी करिब ५ सय ग्राम चाँदीका सामानसहित शनिबार प्रहरीले पक्राउ गरेको छ । बिराटनगर महानगरपालिका-१७ मटेरूवास्थित भारतबाट नेपालतर्फ आउँदै गरेको को.८ प ७८६२ नम्बरको स्कुटर चेक गर्ने क्रममा उनीहरूको साथमा उक्त सामान बरामद भएको हो ।

### बलात्कारीलाई ५२ वर्ष जेल सजाय

रौतहट । बालिकाहरू अपहरण, बलात्कार र हत्या आरोपमा पक्राउ परेका एक व्यक्तिलाई ५२ वर्षको जेलसजाय सुनाइएको छ । ०७३ सालको विभिन्न महिनामा तीन जना बालिकालाई अपहरण गरी बलज्ञात्कारपछि हत्या गरेको आरोपमा पक्राउ परेका सिरियल किलरको भनिने एक व्यक्तिलाई सर्वस्सहितको ५२ वर्षको जेल सजाय तोकिएको हो । रौतहटका प्रितम साहको जाहेरीका आधारमा प्रहरीले अभियुक्तलाई पक्राउ गरी अनुसन्धानपश्चात् पेस भएको मुद्दामा जिल्ला अदालत रौतहटले यस्तो फैसला गरेको हो ।

### आगलागीबाट चार घर जलेर नष्ट

लहान । सप्तरीको सुरूङ्गा नगरपालिका-२ भेडिया बजारमा आज आगलागी हुँदा एउटा औषधि पसलसहित चारवटा घर जलेर नष्ट भएका छन् । स्थानीय आनन्द विश्वकर्माको घरबाट अचानक सल्केको आगो फैलिएर आगलागी हुँदा उनले सञ्चालन गरिरहेको औषधि पसलसहित दुई वटा घर पूर्णरूपमा जलेर नष्ट भएको प्रहरीले जनाएको छ । यस्तै, सोही आगलागीमा परी स्थानीय हृदयनारायण चौधरीका पनि दुईवटा घर जलेर नष्ट भएका छन् । आगलागीबाट औषधि पसलमा भएका सम्पूर्ण सामान, केही नगद, घरमा भएको खाद्यान्न, फर्निचर र लत्ताकपडासमेत जलेर नष्ट हुँदा करीब रू ४० लाखभन्दा बढी मूल्य बराबरको क्षति भएको हुनसक्ने प्रहरीको प्रारम्भिक अनुमान छ ।

### लागुऔषधसहित पक्राउ

पर्सा । पर्साको पकाहामैनपुर गाउँपालिका-५ सबैठवा नहर स्थित ना।६ख ९२५ नम्बरको रात्री बसको सिट मुनि प्लाष्टिकको झोलामा ४ पोकामा रहेको लागूऔषध डाईजेल्याप ५ सय एम्पुल, ५ पोकामा रहेको नुर्फिन ५ सय ५० एम्पुल र ४ पोकामा रहेको फेनारगन ५ एम्पुल आइतबार प्रहरीले बरामद गरेको छ । प्रहरीले उक्त लागूऔषधका शंकास्पद छिपहरमाई गाउँपालिका-१ बस्ने ३१ बर्षीय नन्नु महतोलाई नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान गरिरहेको छ ।

### महत्वपूर्ण सुझाव दिन विज्ञ समिति

विराटनगर । प्रदेश १ को सरकारलाई महत्वपूर्ण सुझाव दिन चार सदस्यीय समिति गठन भएको छ । प्रदेश १ को मन्त्रिपरिषद्को बैठकले बुधबार विज्ञ समिति गठन गरेको हो । विराटनगर महानगरपालिकाका पूर्वमेय रमेशचन्द्र पौडेल, सुयशराज प्याकुरेल, डा.उत्तरकुमार रेग्मी र सोमनाथ अधिकार विज्ञ समितिमा रहेका छन् ।

# ‘मधेश आन्दोलन’माथि बहस

ललितपुर । पाटन संयुक्त क्याम्पस एकेडेमिक एण्ड रिसर्च सेन्टरले बैशाख २८ गते शुक्रबार ललितपुरमा नेपालको मधेश आन्दोलनमा बहस संचालन गरेको थियो ।

सो अवसरमा त्रिभुवन विश्व विद्यालयबाट नेपालको मधेश आन्दोलन - वि.सं. २०५४ देखि राजतन्त्रको अन्त्यसम्म) शीर्षकमा विद्यावारिधी गरेका डा. विजयप्रसाद मिश्रले मधेश आन्दोलनको विषयमा अवधारणापत्र प्रस्तुत गरेका छन् । सेन्टरका संयोजक प्रा.डा. कृष्णप्रसाद दहालको अध्यक्षतामा सम्पन्न उक्त बहसमा प्रा.डा. केशर बहादुर तामाङ्गले टिप्पणी गर्दै मधेश आन्दोलले आन्दोलनहरू सैद्धान्तिक आधारमा मात्र संचालन हुन्छन् भन्ने सोचमा परिवर्तन ल्याएको बताए । उनले अवधारणा पत्र सुन्दा मधेश आन्दोलन मधेशीहरूले भोगेको पीडाको कारणले भएको र मानिसहरू इख र इवीका कारण आन्दोलनमा होमिएको महसुस भएको बताए ।

पाटन क्याम्पस इतिहास विभागका विभागीय प्रमुख डा. जगत पराजुलीले राजनीति जति दबायो त्यति माथी भकुण्डो जस्तो उफ्रिने हुन्छ, मधेश आन्दोलन पनि त्यस्तै भएको तर्क दिए । मधेशमा अशिक्षा, गरिबी र विभेद छ त्यसले मधेश आन्दोलन निम्त्याएको हो भन्दै पराजुलीले इतिहासमा कारणवाद मुख्य कुरा रहेको बताए। मधेशी र पहाडीबीचको खाडललाई क मगर्नका लागि मधेश आन्दोलनको मनोवैज्ञानिक पक्षलाई उजागर गर्न आवश्यक रहेको पराजुलीको तर्क रहेको छ ।

कार्यक्रममा पार्कका सचिब मनोज कर्णले मधेश आन्दोलनले मधेशको पहिचान अन्तराष्टिय स्तरमा गराएको र नेपालमा संघीयता ल्याउन दवाव सृजना गरेको बताए ।

कार्यक्रममा मिश्रले प्रस्तुत गरेको अवधारणा पत्रमा अनुन्धानका क्रममा प्राप्त उपलब्धीहरू र निष्कर्षको बारेमा निम्न कुरा उल्लेख गरिएको छ ।

१. नेपाली कांग्रेसमा रहेका गजेन्द्रनारायण सिंहले विपी कोइरालासँग मधेशको सवालमा मतान्तर भएपछि वि.सं. २०३४ मा भारतीय भूमि दरभंगामा पूर्वाञ्चल कांग्रेस गठन गर्नु र उनले नै नेपालमा पहिलो पटक संघीयताको कुरा गर्नु तथा मधेश केन्द्रित दलहरूले पहिलो संविधानसभाको निर्वाचन अघि पनि अन्तरिम संविधानमा संघीयता थप्न लगाउनुले नेपालमा संघीयता कुनै नयाँ अवधारणा नभएर भारतीय प्रभावबाट अंगालिएको अवधारणा थियो । र यसको बीजारोपणमा पार्टीगत मतान्तरले प्रमुख भूमिका खेलेको थियो ।

२. मधेशी जनअधिकार फोरम नेपालको जन्म हुनु अघि नै मधेशीहरूको एउटा समुहले बाँकेमा वि.सं. २०५० साल बैशाख १७ गते मधेश मुक्ति सङ्गठन नामक पार्टी गठन गरेको र उक्त पार्टीका प्रतिनिधिलाई भारतीय प्रधानमंत्री राजिव गान्धीले आन्दोलन गर्न सहयोग गर्ने आश्वासन दिनुले तराईमा जतिपनि नेपाल सरकार विरोधी संगठनहरू खुल्थे सबैलाई भारतीय शक्तिले आफ्नो प्रभावमा पार्ने प्रयासहरू गर्दथे भन्न सकिन्छ । सशस्त्र भुमिगत संगठन हुन या मधेश केन्द्रित दलहरू सबैलाई भारतको प्रत्यक्ष र अप्रत्यक्ष सहयोग रहने गरेको अध्ययनबाट आंकलन गर्न सकिन्छ । पहिलो संविधानसभा हुनु अगाडी संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा र नेपाल सरकारबीचको संझौता हुनु अघि त्यसको खाका नेपाल स्थित भारतीय दुतावास भित्रै बन्नु र बेला बेला मधेशी नेताहरूले भारतको विहारको विभिन्न स्थलमा गई मधेशीहरूको हकअधिकारको बारेमा भारतीयहरूको संरक्षण र निगरानीमा छलफल गर्नुले तत्कालिन प्रधानमंत्री गिरिजाप्रसाद कोइरालाले भनेजस्तै मधेशको समस्या भारतले चाहेमा तत्काले समाधान हुन्छ भन्ने तर्क जायज देखिएको छ ।

३. मधेशी जनअधिकार फोरम नेपाल भित्र राजा र राजसंस्थालाई मर्यादित राख्दै संविधानसभामा जानुपर्ने वा राजतन्त्रको अन्त्य गर्नुपर्ने विषयमा नेताहरूबीचमै लिखित रूपमै वैचारिक भिन्नता देखिएको प्रमाणहरूको भेटिएको छ । मधेशी जनअधिकार फोरम नेपालले अन्ततः राजतन्त्रको अन्त्यकै लागि आफूलाई उभ्याएको भए पनि मधेश आन्दोलनको बखत माओवादीसंग बदला लिनका लागि राप्रपाका स्थानीय नेताहरू र राजाका समर्थकहरूले मधेश आन्दोलनलाई सघाएको पाइयो ।

४. मधेश केन्द्रित पार्टीको जन्म अन्य पार्टी भित्रकै आक्रोश पोख्नका लागि भएको देखिन्छ ।

५. मधेश आन्दोलन माओवादी विरूद्धको रोष प्रकट गर्ने थलो भएको थियो । राप्रपाले त्यस आन्दोलनबाट आफूलाई फाइदा नभए पनि माओवादी प्रतिको बदलाको भावना राखेर आफ्नो कार्यकर्ताहरूलाई आन्दोलनमा पठाएको थियो ।

निष्कर्ष :

१. संविधानसभाको निर्वाचन अघि वि.सं. २०६३ र ०६४ मा भएको मधेश आन्दोलनलाई भड्काउने काम माओवादीहरूले गरेका थिए । माओवादीले लहानमा रमेश महतोको हत्या नगरेको भए आन्दोलन चर्किने थिएन ।

२. मधेश केन्द्रित दलहरूले उठाएका धैरै मागहरू जायज भए पनि केही पहाडी समुदायलाई लक्षित गरी राखिएका मागहरूका कारण मधेशी प्रति राज्य र पहाडी समुदायको सोच नै फरक हुन गयो । विखण्डन र कुनै एक जाति विशेषमाथी नकारात्मक भावना नराख्ने सोचका साथ मधेश केन्द्रित दलहरू अघि बढेको भए मधेश आन्दोलनले धेरैअघि निकास पाइसक्ने थियो । त्यसैले मधेश आन्दोलन पटक पटक चलिरहेको छ । आगामी दिनमा पनि विभिन्न स्वरूपमा मधेशमा आन्दोलनहरू भइरहनेछन् ।

३. मधेशी समुदायले दावी गरिरहेका सबै जिल्लामा मधेश आन्दोलनको प्रभाव थिएन । प्रभाव नभएको भूभागलाई मधेश प्रदेश बनाउने भनी दावि गरिरहेकोले आन्दोलन निष्कर्षमा पुग्न सकेको छैन ।

४. दोस्रो मधेश आन्दोलनले अन्तरिम संविधानमा मूलुक संघीयतामा जाने कुरा थप्न लगाएपछि वि.सं. २०६४ साल चैत २८ गते पहिलो संविधानसभाको निर्वाचन हुन सकेको हो । संघीयताको सवाललाई माओवादीहरूले नेपालको अन्तरिम संविधान वि.सं. २०६३ मा ल्याउन नसकेको अवस्थामा पनि मधेश केन्द्रित दलहरूले दवाव दिएर संविधानमा संघीयता थप्न सफल भएका थिए ।

५. मधेश आन्दोलनमा मधेशीहरू मात्र नलागेर मधेशी मागलाई सम्बोधन गरिनु पर्दछ भनेर पहाडीहरू पनि सहभागी थिए । तर पनि मधेश आन्दोलनले जातीय रूप लियो र लहान, राजविराज, सिरहा जस्ता स्थानहरूबाट पहाडी समुदायका मानिसहरू विस्तापित हुनु परेको थियो ।

६. मधेश आन्दोलनकै कारण पहाडी समुदायहरू आफू सुरक्षित रहन सँगठित भई चुरे भावर पार्टीको जन्म भएको थियो । पछिल्लो समयमा मधेशी समुदायका मानिसहरूले विस्तारै पहाडी समुदाय प्रतिको आक्रोश कमगर्दै लगेकाले मधेशमा पहाडी समुदाय र मधेशी समुदायबीच सौहाद्रता विस्तारै बढ्दै गएको छ ।

७. मधेश आन्दोलनले पहाडे र मधेशी बीचमा मात्र विभेद गरेन । यसले तराईका विभिन्न जातिहरू आपसमा संगठित हुने र जातिय संगठनहरू बृद्धि गराएको छ ।

८. मधेश आन्दोलनले मधेशी नेताहरूलाई जुन अवसर जुटाई दिएको थियो त्यसको सदुपयोग उनीहरूले गर्न सकेनन् ।

९. मधेश आन्दोलनमा नयाँ नयाँ नेतृत्वको जन्म भएको छ। आन्दोलनमा संगठित रूपमा लागिएमा जोसुकैलाई जहाँसुकैको हैसियतमा पुऱ्याउन सक्छ भन्ने उदाहरण मधेश आन्दोलन बनेको छ। मधेशको पहिलो आन्दोलन मधेशी जनअधिकार फोरम, नेपालले आह्वान गरेको भए पनि आन्दोलन नेतृत्वविहिन, नेताविहिन देखिन्थ्यो । आन्दोलनकै भीडबाट नयाँ नेताको जन्म भएको थियो। त्यही नयाँ अनुहारका नेताहरू सभासद्, मन्त्री भएका थिए। यसवाट आन्दोलनले नयाँ नेतृत्व जन्माउँछ भन्ने प्रमाणित भयो ।

१०. मधेश आन्दोलन पछि लगतै थारूहरूको संगठन र चुरे भावर एकता केन्द्रले आन्दोलन गर्नुले मधेश भित्रै अर्कोपक्षले आवाज उठाउँदै आएको देखिन्छ। यसले मधेशीले उठाएको सबै मागहरू अन्य समुदायको लागि न्यायोचित नभएको देखियो ।

११. राज्यले मधेशकेन्द्रित दलहरूसँग गरेको संझौता अनुसार कानूनी प्रावधान बनाएर वा व्यवहारले धेरै ठाउँमा मधेश प्रति सकारात्मक अवसरहरू सृजना गरिरहेको छ । तर, त्यसको प्रचारप्रसार तल्लो तहसम्म पुगेको छैन । पाएको उपलब्धीलाई मधेशी दलले संस्थागत गर्ने र उपयोग गर्ने तथा राज्यले मधेशीहरूमा प्रचारप्रसार समयमै नगर्ने हो भने जनसमर्थन पुराना आन्दोलन गर्ने भन्दा नयाँ विचार र अभियानले पाउन सक्ने खतरा छ। अर्थात विखण्डनवादीले प्रशय पाउने खतरा छ ।

१२. मधेश आन्दोलनले मधेशी जनअधिकार फोरम, नेपाल र तराई मधेश लोकतान्त्रिक पार्टीलाई पहिलो संविधानसभाको निर्वाचनबाट चौथो र पाँचौ शक्तिशाली पार्टीको रूपमा ल्याउन सफल भएको थियो । राजतन्त्रको अन्त्य गराउने प्रक्रियामा मधेश केन्द्रित दलहरूको सभासद्हरूको मतले पनि प्रभावकारी भूमिका निर्वाह गरेको छ ।

१३. मधेश आन्दोलनमा सशस्त्र भूमिगत संगठनहरूको सहयोग थियो । यसले मधेश आन्दोलन केही स्थानहरूमा हिंसात्मक र उग्रहुन पुगेको थियो । नेताहरूको नियन्त्रण भन्दा बाहिर आन्दोलन पुगेको थियो । भित्र भित्रै मधेशी मुलका राप्रपाका नेता र कार्यकर्ताहरू लाग्नुले यसमा राजावादीहरूको पनि आंशिक सहयोग थियो ।

१४. मधेश आन्दोलनले मधेशीहरूलाई अर्न्तराष्ट्रिय पहिचान दिलाउन सफल भए पनि नेपालमा जातीय विभाजनको बीऊ रोपिएको छ ।

१५. मधेश आन्दोलनले राज्य समावेशी चरित्रको हुनु पर्दछ र संघीयतामा जानुपर्दछ भन्ने सन्देश दिएको छ ।

१६. जुन कुरालाई पनि जातीय आधार मानेर विभाजन गर्न थालियो भने क्षेत्री ब्राम्हणहरू आफ्नो अस्तित्वका लागि संघर्षमा उत्रिनुपर्ने अवस्था आउन सक्छ । उनीहरू आफ्नो अस्तित्वका लागि संगठित भइरहेको अवस्था छ ।

१७. मधेशी जनअधिकार फोरम नेपालले राखेको मागहरू र उनीहरूले संविधानसभाको पहिलो बैठकमा दिएको मत हेर्दा राजतन्त्रको विरोधमा फोरमको भूमिका रहेको प्रमाणित हुन्छ। तर, राजतन्त्रका समर्थकहरूको मधेश आन्दोलनमा सहयोग रहेको पाइएको छ। तराईमा विस्तारै राजाको गतिविधि बढ्न थालेको अहिलेको अवस्थामा तिनीहरू पुनः पुरानै थलोमा फर्किन सक्छन् । तसर्थ संविधासनभाको पहिलो वैठकबाट संवैधानिक राजतन्त्रको अन्त्य भए पनि राजतन्त्रवादीको प्रभाव फैलने संकेत देखिएको छ ।

## मुख्यमन्त्रीद्वारा उमेश यादव बचाउ अभियानलाई १० लाख हस्तान्तरण



जनकपुरधाम । साउदीमा मुत्युदण्डको सजाय भोगी रहेका उमेश यादवको जीवन रक्षाको लागि हेल्प मधेशीले संकलन गरेको रू दश लाख मुख्यमन्त्री लालबाबु राउतको हाथबाट ग्रोइङ्ग नेपाल फाउण्डेशनका अध्यक्ष सरोज रायलाई हस्तान्तरण गरिएको छ। हेल्प मधेशी जनकपुर च्याप्टरले मुख्यमन्त्री कार्यालयमा आयोजना गरिएको एक कार्यक्रमका बीच मुख्यमन्त्री राउतले उमेश यादवका पारिवारिक सदस्यहरूको उपस्थितिमा सो रकम अध्यक्ष रायलाई हस्तान्तरण गरेका हुन् ।

कार्यक्रममा मुख्यमन्त्री राउतले उमेश यादवको जीवन रक्षाका लागि हेल्प मधेशीले गरेको सहयोगको प्रशंसा गर्दै अगामी दिनमा समेत समस्यामा परेका मधेशीहरूको रक्षाका लागि यस्तै सहयोगको अपेक्षा समेत व्यक्त गरे ।

उनले उमेश यादवको जीवन रक्षाको लागि प्रदेश सरकारबाट हुने हरेक सहयोग गर्न आफुहरू तैयार रहेको प्रतिबद्धता समेत व्यक्त गरे ।

पाकिस्तानी नागरिकको हत्या आरोपमा मृत्युदण्डको सजाय भोगी रहेका धनुषाको उमेश यादवको जिवन रक्षाको लागि ग्रोइङ्ग नेपाल फाउण्डेशनका अध्यक्ष सरोज रायको प्रयास पछि मृतका परिवारले आम माफी दिने सहमति जनाएपछि उमेशको जिवन रक्षाको लागि ब्लडमनी संकलन शुरू भएको थियो ।

३० लाख पाकिस्तानी रकम ब्लडमनी पीडित परिवारलाई दिनु पर्ने छ। सो अभियान अन्तर्गत हाल सम्म ३७ लाख ५० हजार नेपाली रूपैया संकलन भै सकेको उमेश यादव बचाउ अभियानका संयोजक समेत रहेका रायले जनाएका छन् ।

अब उक्त खातामा कुनै रकम जम्मा नगर्न समेत रायले सबैमा आग्रह गरेका छन ।

कार्यक्रममा हेल्प मधेशी साउदी चेप्टरका अध्यक्ष शिव यादव, जनकपुर चेप्टरका अध्यक्ष विनोद दास सहितको उपस्थिति रहेको थियो ।

## मोदीको भ्रमणले मुक्तिनाथमा पर्यटक वृद्धि

काठमाडौं । प्रसिद्ध धार्मिक पर्यटकीयस्थल मुस्ताङको मुक्तिनाथ घुम्ने विदेशी पर्यटकमा सबैभन्दा बढी भारतीय छन् । मुक्तिनाथ दर्शनले मनोकांक्षा पूरा हुने विश्वासमा



वर्षेनी ठूलो संख्यामा भारतीय तीर्थयात्री मुक्तिनाथ आउने गर्छन् । भारतीयहरू मुक्तिनाथलाई पवित्र तीर्थस्थलका रूपमा लिन्छन् । मुक्तिनाथ मन्दिरको दर्शन गरेमा ‘मोक्ष’ प्राप्त हुने जनविश्वास पनि छ। बौद्ध धर्मावलम्बी भने करूणाका अवतार अवलोकितेश्वरका रूपमा मान्छन् । सन् २०१८ जनवरीदेखि गत अप्रिलसम्म आठ हजार ५५६ भारतीय पर्यटक मुक्तिनाथ पुगेका छन् जुन सोही अवधिमा मुक्तिनाथ घुम्ने विदेशी पर्यटकको आधा बढी संख्या हो । गत पाँच महिनामा १६ हजार ९८४ विदेशी पर्यटकले मुक्तिनाथ भ्रमण गरेका थिए । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) को जोमसोमस्थित सूचना केन्द्रका अनुसार गत अप्रिल महिनामा मात्र नौ हजार १०५ विदेशी पर्यटक मुक्तिनाथ पुगेका थिए । तीमध्ये भारतीय पर्यटकको संख्या चार हजार ५३७ रहेको छ । एक्यापको आँकडानुसार मुक्तिनाथ घुम्ने भारतीय पर्यटकको संख्या वर्षेनी बढेको देखिन्छ ।

## नीति तथा कार्यक्रम मधेश विरोधी : सांसद यादव

काठमाडौं । सरकारले ल्याएको नीति तथा कार्यक्रममा सविधान संशोधनको मुद्दा समावेश गर्न सांसद प्रदीप यादवले माग गरेका छन् । संघीय सरकारले प्रतिनिधि सभामा प्रस्तुत गरेको नीति तथा कार्यक्रमको बारेमा बुधबार प्रतिनिधिसभामा बोल्दै सांसद यादवले सविधान संशोधनको विषयलाइ समावेश गर्न माग गरेका हुन् । मधेश आन्दोलनबाट उठेका मुद्दाहरूलाई समावेश गर्दै सविधान संशोधन गर्न ओली सरकारले समय समयमा प्रतिवद्धता व्यक्त गरेपनि सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा संविधान संशोधनको बारेमा केहि उल्लेख्य नगरिएकोले सरकारको यो नीति तथा कार्यक्रम मधेश विरोधी भएको उनको भनाइ रहेको थियो ।

प्रतिनिधि सभामा बोल्दै सांसद यादवले देशको आधा जनसंख्या मधेशी आदिवासी जनजाति, थारू, मुस्लिम लगायतका समुदायले राखेको संविधान संशोधनको अपेक्षा सरकारको नीति तथा कार्यक्रममा नपर्नु खेदजनक विषय भएको बताए ।

संविधान संशोधनको बिना यो सविधान कुनै पनि हालतका कार्यान्वयन सम्भव नभएको बताउँदै उनले मधेशी लगायत सम्पूर्ण समुदायको संविधानमा स्वामित्व बढाउन पनि संशोधनको आवश्यकता रहेको सांसद यादवको भनाइ रहेको थियो । जनसंख्या र मानव विकास सूचकांकको आधारमा प्रदेशहरूलाई अनुदानको रकम संघीय सरकारले प्रदेश सरकारलाई उपलब्ध गराउने नीति कतै पनि उल्लेख नगरिएकोले बजेटको बाँडफाँडको आधार जनसंख्या र मानव विकास सूचकांकको आधार हुनेछ भने नीति समावेश गर्न सांसद यादवले सभामुख समक्ष मागसमेत गरे ।



‘आर्थिक सशक्तिकरणसहितको सामाजिक जागरण : ग्रामीण तथा सहरी महिलाको जीवनस्तर रूपान्तरण’

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

## विश्व परिवेश

# के पाकिस्तान घृणास्पद वक्तव्य रोक्नमा गम्भीर छ ?

-अल्लाबक्स

दशकौं पश्चात् अहिले पाकिस्तान अल्पसंख्यक र इस्लामिक समुदायका शिया र अहमदीहरू विपरीतका क्रियाकलापहरूलाई रोक्ने दाबी गर्दै आएको कुरामा कुनै सफलता देखिएको छैन। मदरसा र मुल्लाहरूले अन्य समुदायहरू विरूद्ध फिजाउँदै आएको घृणास्पद क्रियाकलापहरू खुलस्त रूपमा हुँदै आएको भएपनि बन्द गरिएको छैन भने जनरलहरूद्वारा संचालित सरकारहरूले त्यसो गर्नमा उल्लेखनीय रूपले बेवास्ता गर्दै कुरा प्राय: विश्वविख्यात भै सकेको छ। त्यस्तो असफलताको कारण स्पष्ट र साधरण रूपले यस्तो रहेको छ कि तिनीहरूले भित्र र बाहिर रहेका गैर सुन्नी समुदायहरूविरूद्ध घृणास्पद रूपले अवाञ्छित क्रियाकलापहरू फिजाउँदै र संचालित गर्दै आएका छन् ? नागरिक नेतृत्वको समेत महत्वपूर्ण राजनीतिक संरचना निर्माण गर्न नसकेको कारण त्यस्ता अधिकांश उग्रवादी तत्वहरूसँग घनिष्ठ सम्बन्ध रहेकोले गर्दा धर्मका नाममा तिनीहरूले सर्वसाधारण जनतालाई दिग्भ्रमित पार्दै आएका छन्। त्यसैले राजनीतिक दलहरूले आफ्नो असफल शासनका कारण निर्वाचनका समयमा राजनीतिक सहयोग प्राप्त गर्न निमित्त त्यस्ता धार्मिक भावनालाई बढवा दिनु उपयोगी ठान्दै आएका छन्। वास्तवमा भन्ने हो भने थुप्रै मुल्ला तथा मदरसाहरू आफ्ना दुष्क्रियाकलापहरूका लागि प्रख्यात रहेपनि राजनीतिक दलहरूबाट खलस्त रूपमा संरक्षित रहँदै आएका छन्। धार्मिक अतिवादी नेताहरू - हफिज सईद र मौलाना मसूद अजहरले राजनीतिक वृत्तलाई सघाउने गरेको कारण तिनीहरूबाट संरक्षित मात्र नरहेर तिनीहरूबाट वर्षौं देखि अनुदान समेत प्राप्त गर्दै आएका छन्। ती मुल्लाहरू सँगै तिनका उपेक्षित आवासहरू समेत हालै वर्षहरूमा त्यसरी संरक्षित गरीएका छन् कि तिनीहरू देश संचालन गर्ने सपनासमेत देख्न छन्। तिनीहरूमध्येका हफिज सईदले आफ्नो राजनीतिक पार्टीको घोषणा गरी आफ्नो आकर्षक कार्यसूची प्रशारित गरी राजनीतिक र सैनिक संरक्षकहरूको आशिर्वादले आगामी राष्ट्रिय सभाको निर्वाचनमा आफ्नो विजयी बनाउने अपेक्षा समेत लिईसकेको छ।



सेनाका जेनरलहरूले अतिवादी मुल्लाहरूलाई आफ्नो अस्त्रको रूपमा प्रयोग गर्दै आउनुको कारण तिनीहरूको सहयोगबाट जेनरलहरूले आफ्ना ब्रिटिश शासकहरूबाट सीकेको पाठको अनुशरण गर्दै पाकिस्तान जनतालाई विभाजित गर्दै तिनीहरूको शोषण गर्दै आएका छन् र त्यसै कारणले गर्दा पाकिस्तान शिया र अहमदी समुदायका मुसलमानहरू आफ्ना सुन्नी बिरादरीका मुसलमानहरूबाट ईसाई र हिन्दु भन्दा पनि बढी उपेक्षित र तिरष्कृत गरिदै आएका छन्। जेनरलहरूले अतिवादी मुल्लाहरूको सहयोग लिएर छिमेकी देशहरू भारत र अफगानिस्तान समेत प्रति विद्वेषपूर्ण गतिविधि संचालित गर्दै अशान्तिसमेत मचाउँदै आएका छन्। त्यस वास्तविकताले गर्दा इस्लामाबाद प्रशासनले प्रत्येक शुक्रबार मुल्लाहरूले नमाज पढ्ने कार्यक्रमको संचालनलाई रातो रेखा पार गर्नु सरह ठानेका छैनन् जो वास्वतमा अन्तर्राष्ट्रिय समुदाय वा जगतमा पाकिस्तानको प्रतिष्ठा र छविलाई नराम्रो पार्दै आएको छ। त्यति मात्र होइन कि त्यस्ता राक्षसहरूको समूह अब सीमा बाहिर गै सकेको छ जसलाई सरकारले जति भने पनि नियनत्रण गर्न सक्दैन। त्यसको सबूतका रूपमा इस्लामाबादमा रहेका ९८० वटा मस्जिद र इमामबाराहरू मध्ये ८९ वटा मात्र स्थानीय प्रशासनको नियन्त्रणमा रहेको छ। कुवेत र साउदी अरबिआ जैसा इस्लामिक देशहरूले त्यस्ता गतिविधिहरूमाथि नियन्त्रण गर्न केहि सफलत प्राप्त गरेका छन् किनकि साउदी अरबिआले दुई दर्जन भन्दा बढी अतिवादी मुल्लाहरूमाथि कारबाहि गरी तिनीहरूलाई परास्त गर्न सफल भएको छ।

सबभन्दा ठूलो अवरोधको रूपमा अनलाईनबाट विद्वेषपूर्ण गतिविधिहरूको संचालन हुनु रहेको छ। पाकिस्तानका प्राय: सबै अतिवादी संगठनहरू अन्यन्त्र जस्तै अत्याधुनिक इन्टरनेट प्रविधीसँगै सामाजिक संचार माध्यमहरूसमेतको प्रयोग गर्दै आएको छ। उदाहरणका लागि लश्कर-ए-तैयबाले प्राय: सबै संचार माध्यमहरू मार्फत खुलश्त रूपमा विषवमन गर्दै हिंसात्मक कारबाहि गर्न आह्वान गर्दै आएको छ। त्यसको गम्भीरतालाई यसबाट पनि अन्दाज गर्न सकिन्छ कि पाकिस्तानमा ८.५ मिलियन फेसबुक संचालक तथा प्रयोगकर्ताहरूले स्वतन्त्ररूपमा अतिवादीहरू तथा तिनका अतिवादी संगठनहरूद्वारा सम्प्रेषित संचारमाध्यमहरूबाट अतिवादी उत्तेजक संदेशहरूप्राप्त गरी विद्रोह गर्दै आएको छ। अहमरी र शिया समुदायहरूविरूद्ध उत्तेजक सन्देशहरू प्रसारित हुँदै आएको छ। सबभन्दा प्रख्यात फेसबुक पेज - 'माई आईडिओलोजी इज इस्लाम' र 'माई आइडेन्टीटी इज पाकिस्तान' रहेको छ। सबभन्दा सहभागितापूर्ण वक्तव्यहरू मध्ये - हफिज सईदको स्पीचहरू, अहमदी विरूद्धको घृणा स्पीच, भारतविरोधी घृणात्मक स्पीचहरूसँगै जिहादको आह्वानसमेत रहेको छ। सैनिक र नागरिक नेतृत्व समेतले यस साधारण तथ्यलाई सम्झी सकेको छ कि आतंकवाद अब हरेक दृष्टिले पाकिस्तान र त्यहाँका जनताका लागि हानिकारक भै सकेको छ।

*– एजेन्सीको सहयोगमा*

# जेष्ठ नागरिक सम्मानबाट वञ्चित

सिरहा। मचैंया नगरपालिकामा जेष्ठ नागरिक सम्मानबाट बन्चित भएका छन्। जेष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत नगरपालिकाले हालै सम्मान गरेको जेष्ठ नागरिकहरूमध्ये केहि बन्चित भएका छन्। नगरपालिकाले ८० बर्ष उमेर भन्दामाथीका बृद्धबृद्धाहरूलाई सम्मान गरेको भनिएपनि केहि बन्चित भएको पाईएको छ। नगरपालिकाले पुरानै लिष्ट अनुसार सम्मान गरेकोले उमेर पुगेर पनि कतिपय बृद्धबृद्धाहरू सम्मानबाट बन्चित भएको बताईएको छ।

मिर्चैया नगरपालिका वडा नं. ४ बस्ने राम सुनैर यादवको ८४ बर्ष उमर पुगेपनि उनी सम्मानबाट बन्चित भएकी छिन्। उनले भने "कहिले सम्मान गरियो मलाई थाहा भएन, अरू जनाले सम्मान लिएर गएपछि मलाई भन्यो, अनि मलाई थाहा भयो।" उमेर पुगेपछि नदिएकोले उनी सम्मान दिन नगरपालिकासंग आग्रह गरेकी छिन्। २०४३ साल माघ २० गते जारी भएको यादवको नागरिकतामा जारी भएको बेलामा ५२ बर्ष उमेर उल्लेख रहेको छ। त्यस अनुसार अहिले यादवको उमेर करीब ८४ बर्षको हाराहारीमा पुगेको छ।

त्यस्तै, मिर्चैया नगरपालिका वडा नं. ५ का पशुपति पासमान र सरस्वति देवी पासमान सम्मानबाट बन्चित भएका छन्। नागरिकतामा पशुपतिको जन्म १९८८ साल असार १० गते उल्लेख रहेको छ। यसअनुसार निजको उमेर ८७ बर्ष पुगेको देखिन्छ। त्यसैगरी सरस्बतिको जन्म १९८५ माघ १० गते रहेको छ। यस अनुसार निजको उमेर ९० बर्ष पुगेको छ। उमेर पुगेपनि आफुहरू सम्मान नपाएको उनीहरूको भनाई रहेको छ।

बडा नं. ४ का वडा अध्यक्ष दिनेश कुमार यादवले नगरपालिकाले दिएको लिष्ट अनुसार सम्मान बितरण भएको बताए। उनले नगरपालिकाले आफै लिष्ट तयार गरेकोले कतिपय बृद्धबृद्धाहरू छुटिएको बताए। वडा नं. ४ र ५ का वडा सचिब भगबान यादबले नगरपालिकाले दिएको लिष्टको आधारमा बितरण गरेको बताए। वितरण गर्ने क्रममा लिष्टमा नाम नरहेपनि उमेर पुगेका ब्यक्ति आएपछि सम्मान दिएको उनले दाबी गरे।

यता, नगरपालिकाका प्रशासकिय अधिकृत राजेन्द्र प्रसाद पौडेलले वितरण गर्ने क्रममा छुटफुट भएकाहरूलाई सम्बोधन गर्न मेयरसंग छलफल गर्ने बताए। नाम लिष्टमा नभएका उमेर पुगेका बृद्धबृद्धाहरू वितरण गर्ने बेलामा आएकोले उनीहरूलाई पनि सम्मान गरेको उनले बताए। कहिँकतै छुटफुट भएका छन भने विचार गर्ने अधिकृत पौडेलले स्पष्ट गरे।

नगरपालिकाले जेष्ठ महिनाको पहिलो साता पाँच सयभन्दा बढी जेष्ठ नागरिकलाई दोसल्ला, छाता र फ्रुटी सहित सम्मान गरेको थियो।

नेपाल सरकार

**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**

**पुष्पलाल (मध्यपहाडी) लोकमार्ग सडक आयोजना (पश्चिम खण्ड)**

तुलसीपुर, दाङ

राष्ट्रिय यातायात नीति २०५८ मा पूर्व-पश्चिम राजमार्गको विकल्पको रूपमा नेपालको मध्य-पहाड हुँदै पूर्वदेखि पश्चिमसम्म सडक निर्माण गर्ने उल्लेख भएको र सोही बमोजिम नेपाल सरकारबाट पुष्पलाल (मध्यपहाडी) लोकमार्ग नामाकरण गरी २०६४।०६५ बाट आयोजना कार्यान्वयन सुरू भएको छ। नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६५।११।२६ को निर्णयबाट पुष्पलाल (मध्यपहाडी) लोकमार्गको रेखांकन स्वीकृत भएको छ। मध्य पहाडका २५ जिल्लाहरूका २१५ बस्तीहरू जोड्दै निर्माण हुने यस सडकबाट मध्य-पहाडमा बसोबास गर्ने करिब १ करोड जनता प्रत्यक्ष लाभान्वित हुने आँकलन गरिएको छ। कुल लम्बाई करिब १,७८६ कि.मि. रहेको यस आयोजनालाई आ.व. २०६७।६८ देखि २ खण्डमा विभाजन गरी मध्यपहाडी पूर्व खण्ड र मध्यपहाडी पश्चिम खण्ड गरी २ ओटा आयोजनाबाट निर्माण कार्य भइरहेको छ। आ.व. ०६९।७० देखि नेपाल सरकारले राष्ट्रिय गौरवको आयोजना घोषणा गरी प्राथमिकताको साथ कायान्वयन गरेको छ।

पुष्पलाल (मध्यपहाडी) लोकमार्ग सडक आयोजना (पश्चिम खण्ड) अन्तर्गत नुवाकोट जिल्लाको पातिभन्ज्याङ देखि बैतडी जिल्लाको झुलाघाट सम्मको करिब १०९७ कि.मि सडक पर्छ। यस आयोजनाको रेखांकनमा नुवाकोट, धादिङ, गोखा, लमजुङ, कास्की, पर्वत, बाग्लुङ, रूकुम, जाजरकोट, दैलेख, अछाम, डोटी, डडेलधुरा, वैतडी गरी १४ जिल्ला पर्छन्।

कुल १०९७ कि.मि मध्ये यस आयोजना स्थापना हुनुभन्दा पहिले नै ३३७ कि.मि सडक कालोपत्रे भइसकेको थियो। यस आयोजनाबाट गर्नु जम्मा ७६० कि.मि मध्ये हालसम्म ३७ कि.मि सडक निर्माण सम्पन्न भएको छ भने बाँकी ७२३ कि.मि सडक ०७७।७८ सम्ममा सम्पन्न गर्ने लक्ष्य लिइएको छ।

पुष्पलाल (मध्यपहाडी) लोकमार्ग सडक आयोजना (पश्चिम खण्ड) अन्तर्गत विभिन्न जिल्लाहरूका भिन्न भिन्न स्थानहरूमा निर्माण व्यवसायीहरूबाट निर्माण कार्य भइरहेकोले ती सडक-खण्ड हुँदै जाने यात्रा गर्ने सवारी साधनहरूले सावधानीपूर्वक सवारी चलाउनु हुन अनुरोध गरिन्छ। साथै सो सडक खण्डका छिमेकी तथा सर्वसाधारणहरूले घर टहरा निर्माण गर्दा पुन: हटाउनु नपर्ने गरी सडक क्षेत्र भन्दा बाहिर निर्माण गर्नुहुन समेत अनुरोध छ।

## जिल्ला समाचार

### "राज्यले फुटाउ र राज गरको नीति अपनायो"

टीकापुर। फुटाउ र राज गरको नीति नेपालका लागि निकै घातक भएको संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले बताएका छन्। कैलालीको जोशीपुरमा भएको सभामा सम्बोधन गर्दै नेताले यादवले अहिलेको राज्य सत्ताले कहिले थारू पहाडी, कहिले पहाडी मधेसी त कहिले यहाका मधेसी थारू पीछडिएका समुदायलाई विदेशीले उचालेको भनेर फुटाउ र राज गरको नीति अपनाएको बताए। राज्य सत्ताले पीडा कहाँ छ भनेर खोज्न नचाहेको र उनीहरूको पीडा कम गर्नतर्फ ध्यान नदिएको उनले आरोप लगाए। उनले भने, 'दुईरचार जनाको स्वार्थ पूर्तिका लागि अहिलेको संविधान ल्याइएको छ। यसमा हाम्रो चित्त बुझेको छैन। यो संविधान पुनरावलोकन गरौं भनेका छौं ता कि सबैले संविधानमा स्वामित्व महसुश गरोस।' भौगोलिक सांस्कृतिक हिसाबले नेपाल संसारको अत्यन्त सुन्दर मुलुक भएपनि राज्यको विभेद नीतिका कारण समृद्ध हुन नसकेको उनले बताए। उनले भने,'शहर र गाउँको विभेद छ। महिला र पुरूषको विभेद छ। जातिय विभेद छ। यसलाई नहटाएसम्म देश समृद्ध हुन सम्भव छैन।'

### शिवसेना बाँकेद्वारा संगठन विस्तार

दिनेश ठाकुर, नेपालगन्ज। नेपाल शिवसेना बाँकेले ग्रामीण स्तरमा आफ्नो संगठन विस्तारलाई तीव्रता दिएको छ। यही क्रममा नेपाल शिवसेना बाँकेले डुडुवा गाउँपालिकामा संगठन विस्तार गर्दै वडा नं. १ को खडैचामा आइतबार नयाँ कार्यसमिति चयन गरेको छ। नेपाल शिवसेनाका केन्द्रीय अध्यक्ष राजकुमार रौनियारको प्रमुख आतिथ्यमा भएको भेलाले डुडुवा गाउँपालिकाका विभाग प्रमुख गंगा सागर बर्माको रोहवरमा नयाँ कार्य समिति चयन गरेको छ। अयोधी प्रसाद वर्माको अध्यक्षतामा गठित सो समितिमा उपाध्यक्ष रामबोहरी बनिया, सचिवमा सुनिल बनिया, कोषाध्यक्षमा बलराम यादव रहेका छन्। त्यसैगरी, सदस्यहरूमा क्रमश: कृपाराम कोरी, भुसईली कुर्मी, कृष्णगोपाल बनिया, उदयराज लोनिया, भिखु बढ्ही, राजेश लोनिया, पप्पू भुजुवा, बालकराम सुनार, घनश्याम गडरिया, बिकाउ माली, पवन कुमार तमोली, कृपाराम कोरी, महेशकुमार वर्मा, पुत्ती बढ्ही, बालकराम सोनीलगायत ३१ सदस्यीय कार्यसमिति चयन गरिएको नेपाल शिवसेनाका केन्द्रीय सदस्य मदनराज शर्माले बताए। त्यसैगरी, सल्लाहकारहरूमा मंगरे तमोली, राधेश्याम बनिया, मायावती वर्मालाई चयन गरिएको केन्द्रिय सदस्य शर्माले जानकारी दिए। नेपाल शिवसेनाले जिल्लामा पछिल्लो समय संगठन विस्तारलाई तीव्रता दिएको छ। आगामी दिनमा समेत संगठन विस्तारलाई निरन्तरता दिइने शिवसेनाले जनाएको छ।

### विद्यार्थीहरूलाई खाजा वितरण

चन्द्रकान्त खनाल, रूपन्देही। रूपन्देहीको तिलोत्तमा नगरपालिकामा रहेका सामुदायिक विद्यालयहरूमा दिवा खाजा कार्यक्रम सुरू भएको छ। नगरपालिकाले बाल विकास कक्षाका सबै बालबालिकाहरूलाई दिवा खाजा उपलब्ध गराउन थालेको हो। नगरपालिकाले कक्षा ५ सम्मका सबै बालबालिकाहरूलाई घरबाट खाजा ल्याउन टिफिन बक्स समेत उपलब्ध गराएको छ। सामुदायिक विद्यालयमा आकर्षण बढाउँदै विद्यार्थीहरूको पोषणमा सुधार ल्याउने लक्ष्यका साथ दिवा खाजा कार्यक्रम सुरू गरिएको नगर प्रमुख बासुदेव घिमिरेले जानकारी दिए। नगरपालिकाले मंगलबार दिवा खाजा कार्यक्रम सुरू गर्दै नगरभित्रका ६ वटा विद्यालयहरूलाई टिफिन बक्स र नगद रूपैंयाँ हस्तान्तरण गरेको छ। बाँकी विद्यालयहरूलाई क्रमश: टिफिन बक्स र नगद रूपैंयाँ प्रदान गरिने नगरपालिकाका शिक्षा शाखा प्रमुख हरिप्रसाद ज्ञवालीले वताए। नगर प्रमुख बासुदेव घिमिरे र उप-प्रमुख जागेश्वरी चौधरीले विद्यार्थीलाई टिफिन बक्स तथा विद्यालयका प्रअ र व्यवस्थापन समिति अध्यक्षलाई चेक हस्तान्तरण गरे। अब नगरभित्रका सबै बाल विकास कक्षाका सबै विद्यार्थीले विद्यालयमैं खाजा पाउने छन्। उनीहरूको खाजाका लागि नगरपालिकाले दैनिक प्रति विद्यार्थी २५ रूपैंयाँका दरले विद्यालयलाई रकम उपलब्ध गराएको छ। यस्तै टिफिन बक्स पाउने सबै बालबालिकाका अभिभावकले अब आफ्ना छोराछोरीलाई विद्यालय जाँदा दिनहुं खाजा पठाइदिनुपर्ने नियम नगरपालिकाले बनाएको छ।

### विद्यालयमा हाजिरी जवाव प्रतियोगिता

रौतहट। रौतहट जिल्लाको गौर नगरपालिका वार्ड नंबर १ मा संचालित आधारभूत प्राथमिक विद्यालयमा मंगलबार हाजिरी जवाफ प्रतियोगिता सम्पन्न भएको छ। वडा नंबर १ को वडा अध्यक्ष भरत साहले आफ्नो तरफवाट पुरस्कार सहयोग गरी प्रतियोगिता आयोजना गराएका थिए। निर्वाचित भएदेखि शिक्षाको विकासका लागि विशेष चासो देखाएका वडाध्यक्ष साहको अध्यक्षता तथा गौर नगरपालिकाका उपप्रमुख किरण ठाकुरको प्रमुख आतिथ्यमा भएको प्रतियोगितामा विद्यालयका कक्षा ३, ४ र ५ का छात्र छात्रा सहभागी भएका थिए। कमल, गुलाव, लालीगुराँस, सयपत्री र चमेली गरी ५ समूहमा विभाजन गरी गराइएको प्रतियोगितामा कमल समूहले प्रथम स्थान हासिल गरेको विद्यालयका प्रधानाध्यापक धर्मेश्वर झा जनाएका छन्। प्रथम स्थान हासिल गर्ने समूहलाई कापी, कलम, औजार बक्स र नगद १५ सय रूपैयाँ पुरस्कार प्रदान गरिएको थियो। दोस्रो स्थान हासिल गर्ने समूहलाई नगद १ हजार सहित कापी कलम, औजार बक्स र तेस्रो स्थान हासिल गर्ने समूहलाई ५ सय नगद सहित कापी कलम र औजार बक्स पुरस्कारबाट पुरस्कृत गरिएको थियो। विजेता समूहलाइ वडा अध्यक्ष साह र उपप्रमुख ठाकुरले संयुक्त रूपमा पुरस्कार वितरण गरेको विद्यालयले जनाएको छ।

### विषादी सेवन गरी दुई किशोरीद्वारा आत्महत्या

महोत्तरी। महोत्तरी जिल्लाको बलवा नगरपालिका-१ बञ्चौरीमा विषादी सेवनबाट दुई मितिनीले आत्महत्या गरेकी छिन्। आत्महत्या गर्नेहरूमा बलवा नगरपालिका-१, बञ्चौरी गाउँ बस्ने राजु चौधरीकी छोरी १६ वर्षीया खुशीकुमारी चौधरी र अरूण झाकी छोरी १५ वर्षीया चाँदनीकुमारी झा रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ। दुवै मितिनीले बजारमा गएर गहुँ बालीमा छर्किने विषादी किनेर आँपको बगैंचामा गएर सोही विषादी दुवैजनाले खाँदा उनीहरूको मृत्यु भएको प्रहरी उपरीक्षक कुवेर कडायतले जानकारी दिए।दुवै मितिनी अबेर साँझ बगैंचामा बेहोस अवस्थामा फेला परेपछि परिवारजन र छिमेकीले उनीहरूलाई उपचारका लागि अञ्चल अस्पताल जनकपुरमा लगेकोमा उपचारकै क्रममा दुवैको मृत्यु भएको थियो।

### उपराष्ट्रपति कप चिल्ड्रेन गेम्स सुरू

**दिनेश ठाकुर,** नेपालगञ्ज। नेपालगन्जमा जेठ ८ गतेदेखि ५ नम्बर प्रदेश स्तरीय प्रथम उपराष्ट्रपति कप चिल्ड्रेन गेम्स सुरू भएको छ। नेपालगन्जस्थित रंगशालामा एक कार्यक्रमकाबिच उपराष्ट्रपति कप चिल्ड्रेन गेम्सको प्रदेश सांसद कृष्णा केसी नमुना ले उद्घाटन गरिन्। आयोजक मध्यपश्चिम क्षेत्रीय खेलकुद विकास समितिका अनुसार उपराष्ट्रपति कप चिल्ड्रेन गेम्समा ५ नम्बर प्रदेशका १२ जिल्लाका ३ सय ३६ जना खेलाडी र ६० जना अफिसियलहरू सहभागी भएका छन्। उद्घाटन समारोहमा बोल्दै प्रदेश सांसद नमुनाले खेल क्षेत्रको विकास गर्नको लागि बालबालिकालाई सानै उमेरदेखि खेलकुदमा सहभागिता गराउनुपर्ने बताइन्। यस क्षेत्रमा खेलकुदको विकासको लागि आफूले सक्दो सहयोग गर्ने प्रतिबद्धता समेत उनले जनाइन्। उद्घाटन समारोहमा जिल्ला समन्वय समिति बाँकेका संयोजक अजय कुमार श्रीवास्तव, राष्ट्रिय खेलकुद परिषदका सदस्य बिनोद मैनाली, नेपालगन्ज उप-महानगरपालिकाकी उप-प्रमुख उमा थापामगर, वडा प्रहरी कार्यालय नेपालगन्जका प्रमुख प्रहरी निरीक्षक राजन गौतम, नेपाल पत्रकार महासंघ प्रदेश ५ का सचिव शुक्रऋषि चौलागाई, पत्रकार, प्रशिक्षक, खेलाडी लगायतको सहभागिता रहेको थियो।

### मुख्यमन्त्रीको भ्रमण रोक्नु पुर्वाग्रही : यादव

वीरगन्ज। संघीय समाजवादी फोरम पर्साका जिल्ला अध्यक्ष एवम सांसद प्रदिप यादवले ओली सरकारले मुख्यमन्त्री लालबाबु राउत गदीको अमेरिका भ्रमणमा लागाएको रोक पुर्वाग्रहि भएको बताएका छन्। संघीय समाजवादी फोरम पर्साले सोमबार बिहान वीरगन्जमा गरेको पत्रकार सम्मेलनमा सांसद यादवले मुख्यमन्त्रीको अमेरिका भ्रमणमा रोक लगाउनु मधेसको भावना विपरित भएको बताउँदै अबिलम्ब सच्याउन माग गरेका छन। उनले संघीय सरकारको यो निर्णय लोकतन्त्र र संघीयता विपरित भएको बताउँदै मधेशप्रति ओलीको धारणा पुर्वाग्रहि भएको प्रमाणित समेत गरेको बताए। मधेसका धर्ती पुत्र मुख्यमन्त्री लालबाबु राउतको राजिनामा माग गर्ने नैतिक अधिकार मधेस आन्दोलनको बेला मधेसी जनताको टाउको र छातीमा ताकी ताकी गोली हान्ने दलका नेता तथा कार्यकर्ताहरूमा कदापि हुन नसक्ने र त्यस्ता गद्दारहरूलाई मधेसी जनताले राम्रोसँग चिनेकोले चुनावमा प्रमाणित भइसकेको सांसद यादवद्धारा जारि प्रेस विज्ञप्तीमा उल्लेख गरिएको छ। मुख्यमन्त्री लालबाबु राउतले आफनो पहिलो कैबिनेट बैठकबाट बन्द उधोगहरूलाई पुन: संचालनमा ल्याउन पहल गरेकोले आत्तिएर केहि कांग्रेसीहरू मुख्यमन्त्री विरूद्ध भ्रम श्रृजना गर्ने दुस्प्रयास गरेकोमा घोर भर्त्सना समेत सांसद यादवद्वारा जारी विज्ञप्तीमा गरिएको छ।

# मैथिली कलाकार पनि नेपाली गीत गाउन सक्षम छन्



तनुजा चौरसिया
गायिका

नेपाली कला क्षेत्रमा लागेकाहरू मधेशी या तराईको मान्छे भनेर नेपाली गाउन सक्दैन भन्ने सोच्छन्। तर मौका दिएर त हेर्नुपर्‍यो नि त। मैथिली भाषालाई हेलाको दृष्टिकोणले हेरेर पनि यस्तो भएको होला।

मेरो परिवार संगीत प्रेमी भएका कारण म सानै देखि यस क्षेत्रमा लागेकी हुँ। संगीतबाट स्नात्तकोत्तर गरेर गायन क्षेत्रमा सक्रिय भएकी हुँ। धेरै मेहेनत गरेर धेरै भाषा सिकेर त्यस भाषाको गीत गाइरहेकी छु। हिन्दी, मैथिली, मारवाडी, भोजपुरी भाषाका कार्यक्रम संचालन गर्दै आइरहेका छु र गीत पनि गाउँदै छु।

यस क्षेत्रमा लाग्ने प्रेरण मेरो बुबाबाटै प्राप्त भएको हो। सानैदेखि बुबाले नै यस क्षेत्रमा लाग्न प्रेरणा दिनुभयो। बिहेपछि भने केही समय मेरो गायन ठप्प नै भयो। समाजले बुहारी घरबाट बाहिर निस्कन हुँदैन भन्ने संस्कार भए पनि मैले आफ्नो काममा अडिग भएर निरन्तरता दिन थाले। त्यसैको फलस्वरूप अहिले यो ठाउँसम्म आइपुगेको छु। पहिलेभन्दा अहिले हाम्रो समाजमा धेरै परिवर्तन भइसकेको छ। पहिला छोरीलाई संगीत सिकाउन नचाहनेहरू अहिले छोरी बुहारीलाई संगीत क्षेत्रमा जानका लागि प्रेरणा दिइरहेका छन्।

मेरो आफ्नो मातृभाषा मैथिली भएका कारण गीत गाउन पनि मैथिली भाषाबाट नै सुरू गरें। मेरो पहिलो एल्बम *'प्रेमक बगिया'* मैथिली भाषाको थियो। यसबाट नै सुरूवात भयो।

म गीत पनि लेख्छु, हार्मोनियम पनि बजाउँछु, तबेला पनि बजाउँछु। संगीत क्षेत्र मेरो चाहना पनि र लक्ष्य पनि हो। संगीतमा मैलै स्नात्तकोत्तर गरेको हुनाले हार्मोनियम त म राम्रोसँग नै बजाउँछु तर तबला सिकेको छैन। तीन वर्षसम्म मैले विद्यार्थीहरूलाई संगीत सिकाएँ। यहि अन्तरालमा कहिलेकाहि तबेला बजाएर विद्यार्थीहरूलाई साथ दिन्थे। अलिअलि गर्दा गर्दै अहिले त राम्रैसँग बजाउन सक्छु।

गीत गाएर जिविकोपार्जन गर्न त गाह्रो नै छ। गीत गाएर नै पेट पाल्न सक्ने अवस्था त छैन नै तर पहिलाको भन्दा अहिलेको अवस्था राम्रो नै भन्नुपर्छ। अझै यो भन्दा राम्रो हुनेछ भन्ने मलाई पूर्ण विश्वास छ।

नेपाली कला क्षेत्रमा मैथिली संगीतले राम्रो पकड जमाउन सकेको छैन। अहिले धेरै जनाले मैथिली मन पराउँदै छन्। त्यसकारण पनि पहिलेभन्दा अहिले मैथिली भाषाका चलचित्र, गीतले आफ्नो क्षेत्र फैलाउँदै लगिरहेको छ। हामी कलाकारको लागि त जति सक्दो धेरैले सुनिदिए र हेरिदिए नै राम्रो हुन्छ।

नेपाली सांगीतिक क्षेत्रमा अहिलेसम्म काम गर्ने मौका पाएकी छैन। नेपाली कला क्षेत्रमा लागेकाहरू मधेशी या तराईको मान्छे भनेर नेपाली गाउन सक्दैन भन्ने सोच्छन्। तर मौका दिएर त हेर्नुपर्‍यो नि त। मैथिली भाषालाई हेलाको दृष्टिकोणले हेरेर पनि यस्तो भएको होला। नेपाली भाषालाई पनि मान, मर्यादा र इज्जत गर्नु पर्छ। हामीले नेपाली भाषाका गीत गाउँछौं तर पनि नेपाली क्षेत्रमा हाम्रो पहिचान छैन। नेपाली भाषाको गीत गायो भने यो तराईको गीत भनेर हेला गर्छन्।

सबै भाषा, जातजाति एउटै हो भन्ने मेरो मान्यता छ तर मान्छेहरूले फरक-फरक तरिकाले सोच्छन्। हुन त मैथिली भाषा नै चर्चित भाषा हो तर धेरैले नेपाली भाषालाई मात्र प्राथमिकता दिएका छन्। आखिर तराई पनि नेपाल नै हो। तर यस्तो सोच प्राय: धेरैको हुँदैन।

म मैथिली बाहेक भोजपुरी, हिन्दी र मारवाडी भाषामा गीत गाएकी छु।

*(चर्चित गायिका चौरसियासँग मधेशवाणीले गरेको कुराकानीको मुख्य अंश।)*

# छुवाछूत र भेदभावविरूद्ध मैथिली चलचित्र 'औकात' प्रदर्शनको तयारीमा

काठमाडौं। जातीय छुवाछूत र भेदभावलाई मुख्य विषयवस्तु बनाई निर्माण भएको मैथिली कथानक चलचित्र "औकात : ताकत प्रेम के' प्रदर्शनको तयारीमा रहेको छ। तराई/मधेशमा छायाँकन भएको विशुद्ध मैथिली भाषाको चलचित्र औकातले सामाजिक विषयवस्तुलाई उठान गरेको निर्माण पक्षले जनाएको छ।

शनिबार मधेश मिडिया हाउसमा पत्रकार सम्मेलनको आयोजना गरी मैथिली चलचित्र औकात प्रदर्शनको तयारीमा रहेको जानकारी दिइएको हो। शम्भुनाथ सिनेमा प्रा.लि.को ब्यानरमा निर्माण भएको चलचित्रले समाजमा व्याप्त रहेको छुवाछूत विरूद्ध कथावस्तु समेटिएको चलचित्रका नायक सबुरलाल सरदारले जानकारी दिएका छन्।

सेन्सर बोर्डले पनि मैथिली चलचित्र औकातलाई अनुमति दिइसकेको जानकारी समेत दिएको छ। समयानुकूल मिलाएर केही दिनभित्रै देशव्यापीरूपमा प्रदर्शन गर्ने पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो।




कार्यक्रममा वरिष्ठ गायक हरिशंकर चौधरीले केही समयदेखि नेपालमा मैथिली चलचित्र जगतले पनि उल्लेखनीय फड्को मारिरहेको उल्लेख गर्दै औकातको कथावस्तु अत्यन्तै राम्रो रहेकोले यसले दर्शकको मन जित्ने दाबी गरेका छन्। चलचित्र औकातमा प्रेम कथा, कमेडी र एक्सनले भरिपूर्ण रहेको गायक चौधरीले बताए। उनले मैथिली भाषाको चलचित्र भएर पनि यसले समग्र नेपालको मुद्दालाई उठान गरेको बताए।

पत्रकार सम्मेलनमा गीतकार तथा साहित्यकार विनित ठाकुर, गायिकाद्वय तनुजा चौरसिया र अञ्जली पटेल, सँगीतकार कमल मण्डल, थारू चलचित्रका निर्देशक इन्द्रकुमार चौधरी, कलाकारहरू बसन्ती सरदार, करिश्मा रावल लगायतले चलचित्रलाई सफलताको कामना गरेका छन्।

चलचित्रमा कथा डि.पी. शास्त्री, निर्देशन राजु राजदेव चौधरी, सम्पादन शिव थारू, गीतकार सन्नु कुमार मण्डल, राजु चौधरी, सँगीत शैलेन्द्र कुमार विश्वकर्मा र रोहित प्रमोद, गायक/गायिका सन्नु कुमार, अंजु यादव, भागवत मण्डल, मुनचुन देव, नृत्य दरपी सरदार र द्वन्द्व निर्देशक श्री श्रेष्ठ रहेका छन्। यस्तै, चलचित्रका निर्माता राजकुमारी देवी सरदार र मालिक पण्डित रहेका छन्। श्रृंगार रमेश माझीको रहेको छ।

यसैगरी, चलचित्रका कलाकारहरू धनराज चौधरी, मोनिका दाहाल, सबुरलाल सरदार, लिजा चौधरी, मालिक पण्डित, द्रोपती चौधरी, सब्बीर आलम, डि.पी. शास्त्री, रूपेश ठाकुर, भुपेन्द्र मण्डल, कुलदीप यादव लगायत रहेका छन्।

चलचित्रको छायांकन सिरहा, सप्तरी, उदयपुर, सुनसरी र मोरङ जिल्लाका रमनीय ठाउँहरूमा भएको निर्माण पक्षले जनाएको छ। यो चलचित्रमा करिब ३५ लाख रूपैयाँ लागेको निर्माताले जनाएको छ।

# सीमास्तम्भको मर्मत र पुनर्निर्माण गर्न छलफल

वीरगञ्ज। नेपाल-भारतबीचमा रहेका सीमास्तम्भको मर्मत तथा पुनर्निर्माणको विषयमा छलफल गर्न दुवै देशका उच्च अधिकारीको वीरगञ्जमा बसेको बैठक सम्पन्न भएको छ।

बैठकमा नेपालको बारा र पर्सा तथा भारत विहारको पूर्वी तथा पश्चिमी चम्पारणको सीमा क्षेत्रलाई व्यवस्थित गर्न छलफल भएको पर्साका प्रमुख जिल्ला अधिकारी लोकनाथ पराजुलीले जानकारी दिए।

सीमाक्षेत्रलाई व्यवस्थित गर्न नेपाल-भारतबीच रहेको बिग्रिएका वा भत्किएका सीमास्तम्भको मर्मत तथा पुनर्निर्माण दुवै देशका प्राविधिकले उचित ठहर गरेको विधि र प्रक्रियाबाट गर्ने सहमति बैठकमा भएको उनले बताए। बैठकले सीमक्षेत्रमा देखिएका विवादलाई दुईपक्षीय हितका आधारमा स्थानीयस्तरमै छलफलको माध्यमले समाधानको प्रयास गर्ने र हुन नसके दुवै देशका उच्च तहको छलफलबाटै निकास खोज्ने सहमति गरेको छ।

नेपाल-भारतबीच बाराको सिमानामा पर्ने साना, मझौला तथा ठूला गरी ६८५ सीमास्तम्भ छन् भने पर्सामा एक हजार ५८ सीमास्तम्भ छन्।

नेपाल-भारतका प्राविधिकको सहमतिमा भएको सीमाक्षेत्र व्यवस्थापन तथा मर्मत सम्भार र पुनर्निर्माणको ६० प्रतिशत काम पूरा भएको बैठकमा जनाइएको थियो। बाँकी रहेका ४० प्रतिशत सीमास्तम्भलाई यसै मौसममा पूरा गर्ने तयारी दुवै पक्षका प्राविधिकको रहेको बैठकमा बताइएको छ।

## इपीजी प्रतिवेदन अन्तिम चरणमा

काठमाडौं। प्रबुद्ध व्यक्ति समूह (ईपीजी) को नेपाली पक्षले साझा प्रतिवेदनका लागि पहल गरिरहेको छ। आगामी जुन १ र २ मा बस्ने नवौं बैठकमा प्रतिवेदनलाई अन्तिम रूप दिने गरी काम भइरहेको छ। नेपाली पक्षले आफ्ना तर्फबाट काम पूरा गर्न लागेको भए पनि अन्तिम प्रतिवेदनको विषय भने भारतीय पक्षको प्रस्तुतिमा भर पर्ने बताइएको छद। ईपीजी बैठकमा भारतीय सदस्यले सीमा नियमनको विषय राखेका छन् तर कार्यकारी तहमा भने खुला सीमालाई नै दुईपक्षीय सम्बन्धको सबल पक्ष मानिएको छ। भारतको दोहोरो धारणाले गर्दा नेपाली सदस्य अलमल परेका छन्। ईपीजीका नेपाल पक्षका सदस्यले संयुक्त प्रतिवेदनमा भारत सकारात्मक रहेको छ।

## वाम एकीकरणपछि...

हैसियतमा ओलीले भनेका थिए, 'दुई-चार वटा आप झरेका हुन्।' तराई-मधेशलाई हेर्ने ओलीको दृष्टिकोण यति खोटपूर्ण रह्यो कि, उनले तराई-मधेशको भूगोलमा बस्ने जनतालाई भारतको उत्तर प्रदेश र विहारका नागरिकसँग पनि दाँजे।

प्रचण्डले अन्तिमसम्म प्रयास गर्दा पनि ओलीले आफ्नो नेतृत्वको सरकारमा तराई-मधेशको समस्या हल गर्ने र संविधानको स्वीकार्यता बढाउने रोडम्यापमा कुनै प्रति गरेनन्।

सीमान्तकृत समुदालाई अधिकार दिन हुन्न भन्ने एमालेको चरम दक्षिणपन्थी सोच अहिले पनि विद्यमान छ। वस्तुत: एमालेका नेताहरू मधेशीलाई नेपाली नागरिक नै ठान्दैनन्। उनीहरूको स्वाभिमान र अधिकारको कुरा सुन्नसमेत चाहँदैनन्। एमालेकै कारण मधेशले विखण्डनको बाटो रोज्ने त होइन ? भन्ने सम्मका चिन्ताका रेखाहरू राजनीतिमा कोरिएका छन्।

एमालेको तुलनामा मधेशप्रति सकारात्मक र सन्तुलित नीति लिने शक्ति माओवादी केन्द्र नै हो। नेपालमा वर्गीय, जातीय, क्षेत्रीय र लैङ्गिक उत्पीडन रहेकाले त्यसको अन्त्यका लागि विभेदको अन्त्यसहित संघीयताको व्यवस्थित अभ्यासको बहस थाल्ने शक्ति माओवादी केन्द्र नै हो। माओवादीले संघीय प्रणालीका १४, ११ र १० प्रदेशका बेग्लाबेग्लै खाका र विकल्प अघि सारेपछि दलहरू यसैको वरिपरि छलफल पनि गरेका थिए।

यद्यपि, अन्तरिम संविधान निर्माणका बेला माओवादी चिप्लियो र मधेशी दलले माओवादीकै नारा बोकेर आन्दोलनमा आए। माओवादीकै निरन्तरको प्रयासबाट विद्यमान जातीय, क्षेत्रीय विभेदको खाडल पुर्ने अपेक्षा गरिएको छ।

मधेशको सवालमा पूर्व एमाले र पूर्व माओवादी केन्द्रको फरक फरक धारकाबीच पार्टी एकीकरण भएको छ। यद्यपी मधेशको सवालमा नयाँ पार्टी स्पष्ट छैन न त उसले आफ्नो अवधारणा नै सार्वजनिक गरेको छैन। एकीकृत हुनका लागि तयार पारेको दस्तावेज र घोषणापत्रहरूमा पनि मधेशको विषयमा केही कतै उल्लेख गरिएको छैन।

मधेशी दलहरूले पनि यो एकीकरणको विषयमा बोलेका छैनन्। हालै सम्पन्न राजपा नेपालको उपलब्ध अध्यक्ष मण्डलको बैठकले पनि माओवादी र एमालेबीच एकीकरणका विषयमा समीक्षा नगरी सम्पन्न भयो।

अब मधेशलाई नेपाल कम्युनिष्ट पार्टीले एमालेको नजरले हेर्छ कि माओवादी केन्द्रको नजरले भन्ने चासो सर्वत्र छाएको छ। त्यसैले मधेशको सवालमा एकीकृत पार्टीको परीक्षाको घडी सुरू भएको छ। मधेशलाई हेर्न दुई फरक फरक धार मिलेर एउटै पार्टी बन्दा त्यस भित्र कुन धार हावी हुन्छ त्यसले मात्र मधेशसँगको सम्बन्धलाई प्रष्ट्याउँछ।

अब मधेशी दलहरूले पनि केन्द्रीय राजनीतिमा आफ्नो शक्ति देखाउने बेला भएको छ भने उसले हिजो तीन दलसँग आफ्नो अडान राख्नु पर्ने अवस्था थियो भने अहिले एउटैसँग मात्र राख्दा पुग्ने भएको छ। राजनीतिक विश्लेषकहरूले एमाले र माओवादीबीचको एकीकरणले मधेशलाई कुनै फाइदा नहुने पनि तर्क गर्छन्। तर ठूलो दलको नाताले नेपाल कम्युनिष्ट पार्टीले मधेशलाई बाइपास गरेर जान सकिने अवस्था भने अवश्य छैन।

# आर्थिक समाचार

## नेपाल इन्फ्रास्ट्रक्चर बैंक स्थापनाका लागि सहमति प्रदान

काठमाडौं। राष्ट्रको पूर्वाधार विकास गर्ने कार्यका लागि अहम भूमिका तथा योगदान पुर्‍याउने लक्ष्यसहित नेपाल सरकारले सार्वजनिक निजी-साझेदारीको प्रारूप अनुरूप पूर्वाधार विकास बैंक स्थापना गर्ने प्रतिवद्धता गरेअनुसार डेपुटी गर्भनर चिन्तामणी शिवाकोटी, सैद्धान्तिक सहमति एवम् सिफारिश समितिका पदाधिकारीहरूलगायत बैंकमा संचालक समितिको उपस्थितिमा नेपाल राष्ट्र बैंकका गर्भनर डा. चिरञ्जीवि नेपालबाट आइतबारका दिन एक समरोहबीच नेपाल इस्फ्रास्ट्रक्चर बैंक लिमिटेड स्थापनाका लागि सैद्धान्तिक सहमतिपत्र प्रदान भएको छ। नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको चुक्तापुँजी २० अर्ब रूपैयाँ रहेको जनाइएको छ। जसमध्ये संस्थापक समूहको तर्फबाट १२ अर्ब र सर्वसाधारण समूहको तर्फबाट ८ अर्ब रूपैयाँ शेयर पुँजी रहने छ। बैंकमा नेपाल सरकारको तर्फबाट १० प्रतिशत, संस्थापकको तर्फबाट ५० प्रतिशत र सर्वसाधारण जनताको तर्फबाट ४० प्रतिशत शेयर रहेको छ। सैद्धान्तिक सहमति प्राप्त भएको मितिले ६ महिनाभित्रमा बैंक सञ्चालन गर्न आवश्यक पूर्वाधार जुटाई वित्तीय कारोबार गर्ने अनुमतिका लागि निवेदन नेपाल राष्ट्र बैंकमा दर्ता गराउनुपर्ने व्यवस्था रहेको छ। नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडमा नेपाल सरकार लगायत देशका विभिन्न वाणिज्य बैंकहरू, बीमा कम्पनीहरू तथा निजी क्षेत्रको लगानी रहेको छ।

## जनताको पाँच नयाँ शाखा

काठमाडौं। जनता बैंक नेपाल लिमिटेडको एकै साथ थप ५ शाखाबाट कारोवार सुरू गरिएको छ। कारोवार सुभारम्भ भएका नयाँ शाखाहरूले सेवा थालेका छन्। सिराहाको गोलबजार, रसुवाको नौकुण्ड, रामेछापको दोरम्बा, जुम्लाको तातोपानी र रसुवाको कालिकास्थानमा शाखा सञ्चालनमा आएको हो। यस मध्ये कालिकास्थान शाखा एक्स्टेनशन काउन्टरलाई स्तरोन्नती गरी शाखामा रूपान्तरण गरिएको हो भने बाँकी ४ शाखाहरू नयाँ खोलिएका हुन्। यि शाखाहरू मार्फत स्थानीय उद्योगी, ब्यापारी तथा सर्वसाधारणले सम्पूर्ण आधुनिक बैकिङ सेवा प्राप्त गर्न सक्ने बैंकले जनाएको छ।

## हिमालय बैंकद्वारा बाल सुधारलाई सहयोग

काठमाडौं। हिमालयन बैंक लिमिटेडले काठमाडौं बुढानिलकण्ठ नगरपालिकास्थित नेपालमा भएका अनाथ असहाय बाल सुधार संघलाई ७५ हजार मूल्य बराबरको ५ थान २ तले खाट प्रदान गरेको छ। आफ्नो पच्चीसौं वार्षिकोत्सवको अवसरमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बैंकले उक्त बाल सुधार संघलाई सो खाट उपलब्ध गराएको हो। बैंकले उक्त बाल सुधार संघमा आश्रय लिएका विभिन्न उमेर समुहका बालबालिकाहरूलाई सुत्नका लागि उपयोगी हुने छन्। एक कार्यक्रमका बिचमा बैंकका महाप्रबन्धक सुशिल जोशीले बैंकका वरिष्ठ अधिकृतहरूको उपस्थिति उक्त खाटहरू बाल सुधार संगका अध्यक्ष प्रकाश कुमार नेपालीलाई हस्तान्तरण गरेका छन्।

## जानकी गाउँपालिकामा ग्लोबल आइएमईको शाखारहित सेवा

काठमाडौं। ग्लोबल आइएमई बैंकले मंगलबारदेखि कैलाली जिल्लाको जानकी गाउँपालिका ४, मुनुवामा आफ्नो ८४औं शाखारहित बैकिङ्ग सेवा सुरू गरेको छ। उक्त शाखारहित बैकिङ्ग सेवाको जानकी गाउँपालिका प्रमुख प्रदिपकुमार चौधरी र ग्लोबल आइएमई बैंकको सिनियर रिलेसनसिप म्यानेजर स्वेच्छा राणाले संयुक्त रूपमा समुद्घाटन गरेका छन्। सो सेवाको लागि स्थानीय अनुप कुमार रावतलाई व्यवसायीक प्रतिनिधि नियुक्त गरिएको बैंकले जनाएको छ। कृषि र रेमिट्यान्स मुख्य आयस्रोत रहेका यो क्षेत्रका बासिन्दा बैंकिङ्ग सेवा उपभोग गर्नका लागि टाढा-टाढासम्म पुग्नुपर्ने बाध्यतालाई मध्यनजर गरि ग्लोबल आइएमई बैंकले उक्त स्थानमा शाखारहित बैंकिङ्ग सेवा सुरू गरेको जनाएको छ।

## क्यान्सर अस्पतालमा आशाको सञ्चार

काठमाडौं। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबाट नेपाल भ्रमणका बेला भक्तपुर दूधपाटीस्थित भक्तपुर क्यान्सर अस्पताललाई भाभाट्रोन रेडियो थेरापी उपकरण दिने घोषणा भएसँगै अस्पतालमा क्यान्सरका बिरामीलाई सहजरूपमा गुणस्तरीय रेडियो थेरापी सेवा दिन सकिने आशा पलाएको छ। अस्पतालका कार्यकारी निर्देशक डा ऋषिकेश नारायण श्रेष्ठले भारतीय प्रधानमन्त्री मोदीबाट क्यान्सर बिरामीको उपचारमा सहयोग हुने अत्याधुनिक भाभाट्रोन रेडियो थेरापी उपकरण (कोबाल्ट ६० विथ सिमुलेटर) दिने घोषणा भएसँगै क्यान्सर बिरामीलाई अब सहजरूपमा सेवा दिन सकिने बताए। उनका अनुसार करीब रू १० करोड पर्ने यो मेशिन आएपछि हाल सञ्चालनमा रहेको २० वर्ष पुरानो रेडियो थेरापी मेशिन विस्थाति हुनेछ। विसं २०५५ मा रोटरी क्लब अफ युकेलगायतको सहयोगमा अस्पताललाई प्राप्त साइरस रेडियो थेरापी कोबाल्ट मेशिनले हालसम्म सेवा दिँदै आए पनि पुरानो भएकाले पछिल्लो समयमा अपेक्षित सेवा दिन सकिएको छैन। अस्पतालले नेपाल सरकारको अनुदानमा अत्याधुनिक रेडियो थेरापी लिनायक मेशिन पनि ल्याउने भएको छ।

## "फिल्ड अफिस"को उद्देश्य पूरा

काठमाडौं। भारत सरकारले विराटनगरस्थित आफ्नो स्थल कार्यालय (क्याम्प अफिस) बन्द गरेको छ। नेपालस्थित भारतीय दूतावासले २०६५ साउनमा कोशी नदीमा भीषण बाढी आएको अवस्थामा खोलेको 'फिल्ड अफिस'को उद्देश्य पूरा भएकाले बन्द गरिएको र त्यहाँका कर्मचारीलाई सरूवा गरिएको भारतीय विदेश मामिला मन्त्रालयका प्रवक्ताले जनाएका छन्। यसअघि प्रधानमन्त्री केपी शर्मा ओलीले सो कार्यालय चाँडै हट्ने संसदमा बताएका थिए।। नेपालले सो कार्यालय हटाउन पटक पटक आग्रह पनि गर्दै आएको थियो। भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको गत वैशाख २८-२९ मा भएको नेपालको राजकीय भ्रमणका अवसरमा सो कार्यालय हटाउने भारत सरकारको निर्णयबारे प्रधानमन्त्री ओलीलाई जानकारी गराएका थिए।




## कैलाश खेर काठमाडौंमा



काठमाडौं। भारतीय गायक कैलाश खेर नेपाल आएका छन्। भारतीय स्वतन्त्रता दिवस तथा नेपाल-भारत कूटनीतिक सम्बन्धको ७०औं वर्षगाँठको पूर्वसन्ध्यामा भारतीय दूतावासमा आयोजना हुने सांगीतिक कार्यक्रममा सहभागी हुन गायक खेर काठमाडौं आएका हुन्। नेपाल आएका खेरले पशुपतिनाथको दर्शन गरेका छन्। दर्शनपछि उनले नन्दी गौशालामा 'आपणो नेपाल' परिवारद्वारा सञ्चालित दैनिक नि:शुल्क भोजनमा सहभागीसमेत भए। खेरले तीर्थालु भक्तजन एवं दीनदु:खीहरूलाई भोजन वितरणमा समेत सहभागी भए।

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं